निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन समीक्षा



स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य,
राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन, २०७४



निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं



# निर्वाचन समीक्षा

स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधिसभा सदस्य,
राष्ट्रिय सभा सदस्य, राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन, २०७४

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं

# विषयसूची


मानननीय प्रमुख निर्वाचन आयुक्तको मन्तव्य
कार्यकारी सारांश

## परिच्छेद १ - परिचय

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १७ |
| १.२ | समीक्षाको उद्देश्य | २२ |
| १.३ | समीक्षाको कार्यविधि तथा प्रक्रिया | २२ |

## परिच्छेद २ - समीक्षाका विषयगत क्षेत्र (Thematic Areas)

| | | |
|---|---|---|
| २.१ | निर्वाचन सम्बन्धी कानुनी व्यवस्था र कानुन तर्जुमा | ३३ |
| २.२ | मतदाता नामावली र मतदाता परिचयपत्र | ३९ |
| २.३ | मतदान केन्द्र पुनरावलोकन | ४६ |
| २.४ | राजनीतिक दल दर्ता | ४८ |
| २.५ | निर्वाचन प्रचार प्रसार र आचार संहिता अनुगमन | ५१ |
| २.६ | मतदाता शिक्षा | ५६ |
| २.७ | निर्वाचन सम्बन्धी तालिम | ६१ |
| २.८ | निर्वाचन कार्यक्रम सञ्चालन | ६४ |
| २.९ | मतदान, मत गणना र मत परिणाम घोषणा | ६९ |
| २.१० | निर्वाचन पर्यवेक्षण तथा अनुगमन | ७४ |
| २.११ | लैङ्गिक तथा समावेशीकरण | ७७ |
| २.१२ | निर्वाचन विवाद निरूपण | ८१ |
| २.१३ | निर्वाचनमा सूचना प्रविधिको प्रयोग | ८५ |
| २.१४ | निर्वाचन सुरक्षा व्यवस्थापन तथा सरोकारवालासँग समन्वय | ८८ |
| २.१५ | सामग्री व्यवस्थापन | ९१ |
| २.१६ | मतपत्र व्यवस्थापन | ९३ |
| २.१७ | जनशक्ति व्यवस्थापन | ९६ |
| २.१८ | आर्थिक व्यवस्थापन | १०० |

## परिच्छेद ३ - निष्कर्ष र अबको बाटो

| | | |
|---|---|---|
| ३.१ | निष्कर्ष र अबको बाटो | १०५ |

# अनुसूची


१. वि.सं. २०७४ सालमा सम्पन्न सबै तहको निर्वाचन कार्यक्रम (Operational Timeline) १११

१.१ (क) वि.सं. २०७४ साल वैशाख ३१ गते हुने पहिलो चरणको गाउँपालिका/नगरपालिका निर्वाचनको निर्वाचन कार्यक्रम

१.१ (ख) वि.सं. २०७४ साल असार १४ गते हुने दोस्रो चरणको गाउँपालिका/नगरपालिका निर्वाचनको निर्वाचन कार्यक्रम

१.१ (ग) वि.सं. २०७४ साल असोज २ गते हुने तेस्रो चरणको गाउँपालिका/नगरपालिका निर्वाचनको निर्वाचन कार्यक्रम

१.२ (क) प्रतिनिधि सभा/प्रदेश सभा सदस्य निर्वाचन २०७४, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत पहिलो चरणमा सम्पन्न हुने निर्वाचनको संशोधित निर्वाचन कार्यक्रम

१.२ (ख) प्रतिनिधि सभा/प्रदेश सभा सदस्य निर्वाचन २०७४, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत दोस्रो चरणमा सम्पन्न हुने निर्वाचनको संशोधित निर्वाचन कार्यक्रम

१.२ (ग) प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७४, समानुपातिक निर्वाचन प्रणाली तर्फको संशोधित निर्वाचन कार्यक्रम (२०७४।५।२६)

१.३ राष्ट्रिय सभा सदस्य निर्वाचन २०७४, निर्वाचन कार्यक्रम

१.४ राष्ट्रपति निर्वाचन २०७४, निर्वाचन कार्यक्रम

१.५ उपराष्ट्रपति निर्वाचन २०७४, निर्वाचन कार्यक्रम

२. निर्वाचन आयोगका पदाधिकारीहरूको कार्यक्षेत्र १२८

३. सबै तहको निर्वाचन कार्यक्रममा मतदाता सङ्ख्या २०७४ १२९

४. निर्वाचन समीक्षा कार्यक्रमको अवधारणापत्र १३०

५. प्रदेश स्तरको समीक्षा कार्यक्रममा प्रयोग भएका वस्तुगत र विषयगत प्रश्नावली १४५

| | | |
|---|---|---|
| ६. | समीक्षा कार्यक्रमको नेतृत्व गर्नु हुने आयोगका पदाधिकारी तथा कर्मचारीको विवरण | १६२ |
| ७ | निर्वाचन समीक्षा कार्यक्रमको समग्र व्यवस्थापन बारे मूल्याङ्कन | १६४ |
| ८. | सहभागीहरूलाई सोधिएका वस्तुगत प्रश्नावली र प्राप्त जवाफहरूको प्रस्तुति | १७५ |
| ९ क. | स्थानीय तह निर्वाचन, २०७४ को लागि निर्धारित मत गणना, मत सदर तथा बदर सम्बन्धी व्यवस्था | २०३ |
| ९ ख. | स्थानीय तह निर्वाचन, २०७४ को मत बदर हुने सम्बन्धी व्यवस्था | २०४ |
| ९ ग. | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ का लागि निर्धारित मत गणना तथा मतपत्र बदर हुने सम्बन्धी व्यवस्था | २०५ |
| १० | स्थानीय तह उम्मेदवार मनोनयनका लागि आवश्यक कागजात, प्रक्रिया र धरौटी सम्बन्धी व्यवस्था | २०६ |

# मन्तव्य



निर्वाचन आयोग, नेपाल एउटा संवैधानिक आयोग हो । निर्वाचन सञ्चालनका अवस्थामा यसको छुट्टै किसिमको महत्व र विशेष भूमिका रहन्छ । वि. सं. २०७२ असोज ३ गते जारी भएको नेपालको संविधानमा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारका बारेमा प्रस्ट रूपमा उल्लेख गरिएको छ - "निर्वाचन आयोगले यस संविधान र संघीय कानुनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ ।" यसरी नेपालको संविधानले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन यही आयोगले नै गर्ने व्यवस्था गरेबाट निर्वाचन आयोगको क्षेत्राधिकार अझ बढी फराकिलो भएको छ । यति मात्र नभई संविधानले यस्ता निर्वाचन प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने र संविधान तथा संघीय कानुन बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने जिम्मा पनि निर्वाचन आयोगलाई नै सुम्पेको छ ।

निर्वाचन व्यवस्थापनको काम निकै जटिल छ । नेपाल सरकारका अतिरिक्त अन्य विभिन्न पक्षको सहयोग, सहमति र स्रोत साधनको आवश्यकता यसमा पर्छ । अन्तर्राष्ट्रिय क्षेत्रलाई पनि यसले प्राथमिकतामा राख्नुपर्छ । निर्वाचनको लामो अनुभव सँगालेको निर्वाचन आयोगले यी सबै कुरालाई व्यवस्थित गरी निर्वाचनको पछिल्लो शृङ्खलाको रूपमा वि. सं. २०७४ सालमा स्थानीय तह, प्रदेश सभा, प्रतिनिधि सभा, राष्ट्रिय सभा, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गरी संविधान प्रदत्त आफ्नो जिम्मेवारी पूरा गरेको छ ।

वि. सं. २०७४ साल सफल निर्वाचन वर्षका रूपमा रहेको छ । विभिन्न बाधा व्यवधानका बिच पनि आयोगले यस वर्ष संविधानले परिकल्पना गरे बमोजिमका सबै निर्वाचन तोकिएको समय सीमाभित्र सम्पन्न गरेको छ । निर्वाचन सञ्चालनको क्रममा अपनाइएका असल अभ्यास र देखिएका कमी कमजोरी बारे छलफल गरी भोलिका दिनमा थप सुधार गर्दै लैजान सकियोस् भन्ने उद्देश्यले वि. सं. २०७४ सालमा सम्पन्न निर्वाचनको समीक्षा गर्ने कार्य सम्पन्न गरिएको छ ।

कार्यशालाको ढाँचामा सञ्चालन गरिएको यस समीक्षा गोष्ठीमा निर्वाचनमा प्रत्यक्ष रूपमा संलग्न राजनीतिक दल, मुख्य निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी, राष्ट्रिय पर्यवेक्षक, सञ्चारकर्मी, सुरक्षा निकायका प्रतिनिधिको समेत सहभागिता रहेको थियो । कार्यशाला स्वरूपको यस समीक्षा गोष्ठीले निर्वाचन कार्यसँग सम्बन्धित विभिन्न विषयगत क्षेत्रको पहिचान गरी त्यसमा भएका असल अभ्यास, अनुभव गरिएका मूलभूत समस्या र ती समस्यालाई निराकरण गर्न भविष्यमा चाल्नु पर्ने कदमका विषयमा विभिन्न सुझाव समेत प्रस्तुत गरेको छ । यो समीक्षा कार्यक्रम समीक्षाका लागि समीक्षा नभएर यसले उठाएका विषय भविष्यको निर्वाचनका लागि पनि मद्दत पुऱ्याउने हैसियतको होओस् भनेर यसलाई राम्रोसँग अभिलेखबद्ध गरी प्रतिवेदनको रूप दिइएको छ ।

यसरी तयार गरिएको यो प्रतिवेदन आफैंमा एउटा महत्वपूर्ण दस्तावेज बन्न पुगेको छ । यस प्रतिवेदनले समेटेका विविध विषयमाथि अवश्य पनि आयोगको ध्यान जाने छ ।

अन्तमा, निर्वाचन समीक्षा कार्यशालामा सहभागी हुनु हुने र आफ्ना अमूल्य सूझाव सल्लाह प्रदान गर्नु हुने आयोगका माननीय निर्वाचन आयुक्तहरू, आयोगका सचिव लगायत सचिवालयका विभिन्न तहका अधिकृत तथा अन्य कर्मचारी एवम् कार्यशालाका सहभागीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, केन्द्र र प्रदेश स्तरमा समीक्षा कार्यशाला आयोजना र प्रतिवेदन तयारीमा आवश्यक सहयोग पुऱ्याउनु हुने संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, निर्वाचन सहायता परियोजना परिवारलाई पनि यस अवसरमा विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

मिति : २०७५ भाद्र १ गते

**डा. अयोधीप्रसाद यादव**
प्रमुख निर्वाचन आयुक्त
निर्वाचन आयोग, नेपाल ।

# कार्यकारी सारांश

# कार्यकारी सारांश

वि. सं. २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएपछि मुलुकको शासकीय स्वरूप संघीय ढाँचामा परिवर्तन भयो । नेपालको संविधान जारी भएपछि स्थानीय तह, प्रदेश र संघ गरी तीन तहको शासकीय स्वरूपको प्राबधान संविधानमा रहेपछि तीनै तहको निर्वाचन सम्पन्न गराउनु पर्ने बाध्यता भयो । स्थानीय तह, प्रदेश सभा र संघीय संसद् (प्रतिनिधि सभा र राष्ट्रिय सभा) लगायत राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गराउनु पर्ने जिम्मेवारी आयोगको काँधमा आइपर्‍यो । वि. सं. २०७० सालमा सम्पन्न संविधान सभाको निर्वाचनपछि गठन भएको व्यवस्थापिका संसद्को कार्यकाल वि. सं. २०७४ साल माघ ७ गतेसम्म मात्र कायम रहने प्राबधान नेपालको संविधानमा भएको हुँदा उपर्युक्त समयभित्र तीनै तहको निर्वाचन सम्पन्न गराई सक्नु पर्ने बाध्यता निर्वाचन आयोग र नेपाल सरकार सामु आइपर्‍यो ।

सरकारले वि. सं. २०७३ साल फागुन ९ गते स्थानीय तहको निर्वाचन एकै चरणमा मुलुकभर एकै पटक गर्ने निर्णय लियो । यस निर्णयले निर्वाचनको मिति वि. सं. २०७४ साल वैशाख ३१ गतेका लागि तोक्यो । स्थानीय तहको निर्वाचन एकै चरणमा गर्ने भनिए पनि सरकारकै निर्णयानुसार यो निर्वाचन पछि वैशाख ३१, असार १४ र असोज २ गरी तीन चरणमा सम्पन्न गरियो । स्थानीय तह पुनर्संरचना आयोगले दिएको प्रतिवेदन समेतका आधारमा सरकारले गरेको पटक पटकको निर्णयले मुलुकभर स्थानीय तहको कुल सङ्ख्या ७५३ पुगेको थियो । यी ७५३ स्थानीय तहमा कुल ३५,२२१ पदका लागि निर्वाचन आयोगले विभिन्न किसिमका बाधा अवरोधको सामना गर्दै निर्वाचन सम्पन्न गरायो ।

नयाँ व्यवस्था अनुसार मुलुकभरका सात वटा प्रदेश सभामा रहने कुल ५५० सदस्य मध्ये ३३० सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट र २२० सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित गर्नु पर्ने व्यवस्था गरियो । केन्द्रमा प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक संघीय संसद् रहने साथै प्रतिनिधि सभामा रहने कुल २७५ सदस्यमध्ये १६५ सदस्य मुलुकभरका १६५ निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुने र बाँकी ११० सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने संवैधानिक प्रावधान रह्‍यो । यसै गरी राष्ट्रिय सभामा रहने कुल ५९ सदस्यमध्ये प्रत्येक प्रदेश सभाबाट ८ जनाका दरले जम्मा ५६ जना निर्वाचित भई आउने र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट ३

जना मनोनीत हुने संवैधानिक व्यवस्था भयो । राष्ट्रपतिबाट मनोनीत हुने बाहेक अरू सबै पदको निर्वाचन गर्नु पर्ने दायित्व निर्वाचन आयोगको भएकोले आयोगले सम्बद्ध सरोकारवाला समेतको सहयोग र सहकार्यमा निर्वाचन आयोग ऐन, २०७३ ले तोकेको निर्वाचन समयभन्दा छोटो अवधिमा यी सबै तहका निर्वाचन वि. सं. २०७४ सालमै सम्पन्न गऱ्यो । प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन वि. सं. २०७४ साल मङ्सिर १० र २१ गते गरी दुई चरणमा सम्पन्न गरियो भने राष्ट्रिय सभा सदस्यको निर्वाचन सरकारले पहिलो पटक तोकेकै मिति २०७४ साल माघ २४ मा सम्पन्न भयो ।

स्थानीय तह, प्रदेश सभा, प्रतिनिधि सभा र राष्ट्रिय सभाको निर्वाचन सम्पन्न भएर पनि संविधान बमोजिम वि. सं. २०७४ सालभित्र राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन पनि सम्पन्न हुनु पर्ने बाध्यात्मक अवस्था थियो । यसैले निर्वाचनको सबै चक्र पूरा गर्ने क्रममा आयोगले राष्ट्रपतिको निर्वाचन वि. सं. २०७४ साल फागुन र उपराष्ट्रपतिको निर्वाचन वि. सं. २०७४ साल चैत महिनामा सम्पन्न गऱ्यो । यसरी वि. सं. २०७४ साल नेपालको निर्वाचनको इतिहासमा एक महत्वपूर्ण ऐतिहासिक निर्वाचन वर्ष हुन पुग्यो ।

वि. सं. २०७४ सालमा भएका सबै निर्वाचनको क्रममा आयोगले विभिन्न किसिमका वाधा अवरोध र अप्ठ्यारा स्थितिको सामना गर्नु पऱ्यो । जसमध्ये स्थानीय तह निर्वाचनको मिति घोषणा भइसक्दाको अवस्थामा पनि स्थानीय तहका कति पदका लागि कति जना उम्मेदवार निर्वाचित गराउनु पर्ने हो भन्ने अनिश्चितता कायमै थियो । आयोग सामु सबै किसिमका ऐन नियम उपलब्ध हुन सकेका थिएनन् । सरकारबाट निर्वाचनको मिति घोषणा हुँदा निर्वाचन गर्नु पर्ने मिति बिचको समयावधि साह्रै छोटो थियो । निर्वाचन अधिकृतको नियुक्ति र तिनको व्यवस्थापनको विषय पनि त्यति सहज थिएन ।

यसरी नै प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन मितिको घोषणा भइसक्दाको अवस्थासम्म पनि निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन आयोगमा प्राप्त हुन सकेको थिएन । आयोगलाई निर्वाचन सम्पन्न गराउन अत्यावश्यक ऐन नियम निर्देशिका सम्पूर्ण रूपमा तयारी हुन सकेका थिएनन् । यी सबै किसिमका अप्ठ्यारा, चुनौती र कठिनाइलाई चिर्दै आयोगले ऐनले तोकेको समय सीमाभन्दा कम समयमै निर्वाचन सम्पन्न गर्न सकेकोमा आयोग गौरवान्वित भएको छ भने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूले आयोगको यस ऐतिहासिक कार्यलाई मुक्त कण्ठले प्रशंसा गरेका छन् । निर्वाचन सञ्चालन र व्यवस्थापनको दृष्टिले वि. सं. २०७४ सालमा सम्पन्न गराइएका निर्वाचनहरू

mega events नै थिए जसलाई आयोगको अथक प्रयास, आम मतदाताको सक्रिय सहभागिता, सम्बद्ध सरोकारवालाहरूको पूर्ण सहयोग र संलग्नता जुटेको हुँदा मात्र सम्भव भएको कुरालाई नकार्न सकिँदैन । आवधिक र वास्तविक निर्वाचनद्वारा व्यक्त जनताको अभिमत नै मुलुकको शासन सञ्चालन गर्ने वैधानिक कडी भएको र मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रले समेत विश्वसनीय र पारदर्शी निर्वाचनलाई आधारभूत मानव अधिकारको रूपमा स्थापित गरेको छ ।

वि. सं. २०७४ सालको निर्वाचनका विभिन्न चरणमा प्रत्यक्ष रूपमा संलग्न रहेका निर्वाचन अधिकृत, सुरक्षा निकायका पदाधिकारी, सम्पूर्ण कर्मचारी, राजनीतिक दलका प्रतिनिधि तथा अन्य संघ संस्थाहरूको वि. सं. २०७४ सालमा सम्पन्न भएका सम्पूर्ण निर्वाचनप्रति के कस्तो धारणा, अनुभूति तथा अनुभव रह्यो र आगामी निर्वाचनमा सुधार गर्नु पर्ने कानुनी, प्राविधिक तथा व्यवस्थापकीय पक्षहरूको पृष्ठपोषण (feedback) लिई अभिलेखीकरण गर्न आवश्यक तथा सान्दर्भिक देखिएको हुँदा निर्वाचन सञ्चालनका क्रममा संलग्न रहेका उल्लिखित व्यक्ति तथा संस्थाबाट उनीहरूको अनुभव सँगाली आगामी निर्वाचनका लागि विधि प्रक्रियामा गर्नु पर्ने सुधारात्मक विषयहरूको निर्क्योल गर्न आयोगबाट निर्वाचन समीक्षा कार्यशाला आयोजना गरिएको र प्रदेशगत र केन्द्रमा सम्पन्न भएका समीक्षाबाट औँल्याइएका समस्या र समाधानका लागि सुझाइएका विषयले निर्वाचन आयोगलाई भविष्यमा अझ बढी सहज र विश्वसनीय रूपमा निर्वाचन गराउन ठुलो सहयोग पुग्ने छ भन्ने पूर्ण आशा एवं अपेक्षा गरिएको छ ।

# परिच्छेद १

## परिचय

# परिच्छेद १
## परिचय

## १. पृष्ठभूमि

वि.सं. २०७४ साल नेपालको निर्वाचन इतिहासमा निकै महत्वपूर्ण वर्षका रूपमा रह्यो । वि. सं. २०७२ साल असोज ३ गते जारी भएको **नेपालको संविधान**ले व्यवस्था गरे अनुसार स्थानीय तह, प्रदेश सभा र संघीय व्यवस्थापिका लगायत राष्ट्रपति र उपराष्ट्रपति समेतको निर्वाचन यसै वर्ष सम्पन्न भयो । नयाँ कानुनी व्यवस्था अनुसार एक वर्षको छोटो समयावधिभित्र कानुनले तोके अनुसारका सबै निर्वाचन पूरा भएकाले वि. सं. २०७४ साल नेपालको निर्वाचनको इतिहासमा एक उल्लेख्य ऐतिहासिक वर्षका रूपमा अभिलेखन हुन सकेको हो । नेपालको वर्तमान संविधानले मुलुकको मूल राज्य संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको र संविधानले तत्कालीन व्यवस्थापिका संसद्को कार्यकाल वि. सं. २०७४ साल माघ ७ गतेसम्म मात्र कायम रहने व्यवस्था गरेकाले उक्त समय सीमाभित्र निर्वाचन सम्पन्न गर्नु पर्ने बाध्यात्मक कानुनी व्यवस्था देखा परेको थियो । यस किसिमको कानुनी व्यवस्थालाई मूर्त रूप दिन निर्वाचन आयोग नेपालले ठुलै कसरत गर्नु परेको थियो । संविधान जारी हुँदाको अवस्था र त्यसपछि मुलुक सामु देखा परेको जटिल एवं अन्यौल राजनीतिक परिस्थितिका बीच उपलब्ध सीमित समयावधिका बावजुद निर्वाचन आयोग नेपालले सबै तहका निर्वाचनहरू सम्पन्न गरेको छ । निर्वाचन आयोगले निर्वाचन सम्पन्न गर्ने क्रममा उपलब्ध सहयोगका लागि सम्बद्ध सबै सरोकारवालालाई आभार प्रकट गरिसकेको छ । वि.सं. २०७४ सालमा सम्पन्न सबै तहका निर्वाचनले मुलुकमा राजनीतिक स्थिरताको अवस्था सिर्जना भई संविधानको भावना र मर्म अनुरूप संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न तथा आर्थिक विकासमा केन्द्रित भई मुलुकलाई थप समृद्धि तर्फ उन्मुख हुन समेत मार्ग प्रशस्त गरेको छ ।

समग्रमा वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय, प्रदेश र संघीय तहको निर्वाचन शान्तिपूर्ण, स्वच्छ, स्वतन्त्र र उत्साहपूर्ण रूपमा सम्पन्न भएका थिए । निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा आम मतदाता, राजनीतिक दल तथा उम्मेदवार, आम सञ्चार माध्यम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक संघ संस्था तथा विकास साझेदार लगायत निर्वाचनसँग सम्बद्ध सबै सरोकारवालाले निर्वाचन आयोगको कार्यशैली र भूमिकाको प्रशंसा गरेका थिए ।

नेपाल अधिराज्यको संविधान २०४७ को व्यवस्था अनुसारको स्थानीय तहको पछिल्लो निर्वाचन वि. सं. २०५९ असार मसान्तसम्म निर्वाचित पदाधिकारीको कार्यकाल हुने गरी वि. सं. २०५४ सालमा सम्पन्न भएको थियो । यसरी निर्वाचित स्थानीय निकायको कार्यकाल वि. सं. २०५९ साल असार मसान्तमा समाप्त भएपछि ती सबै निकाय जनप्रतिनिधिविहीन अवस्थामा पुगे । नयाँ संवैधानिक प्रावधान अनुसार तत्कालीन स्थानीय निकायलाई स्थानीय तह नामकरण गरियो । यसरी स्थानीय तहको नयाँ नाममा पहिलो पटक हुन लागेको निर्वाचनप्रति आम मतदातामा नौलो उत्साह जागेको हुँदा निर्वाचनको माहोल सिर्जना हुन थप सहयोग पुगेको थियो । स्थानीय तह निर्वाचनका लागि योग्य रहेका कुल मतदातामध्ये ७४ प्रतिशत र प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका लागि योग्य रहेका कुल ६९ प्रतिशत मतदाताले निर्वाचनमा आफ्नो मताधिकार प्रयोग गरे । यस तथ्यले आम मतदाता निर्वाचनप्रति निकै उत्साहित थिए भन्ने कुराको थप पुष्टि गरेको छ ।

नेपाली जनता मुलुकको नयाँ शासकीय स्वरूप अनुसार पहिलो पटक हुन लागेको स्थानीय तहको निर्वाचनको पर्खाइमा थिए । आम जनताको चाहना र सञ्चार माध्यम तथा नागरिक समाजका अगुवाहरूले निर्वाचनका विषयमा प्रेषित गरेका सकारात्मक सन्देशले निर्वाचनको वातावरण तयार हुन थप मद्दत पुगेको थियो ।

सरकारबाट निर्वाचन मिति घोषणा भइसकेको अवस्थामा निर्वाचनको चाहना भएर पनि निर्वाचन हुने वा नहुने भन्ने कुरामा शङ्का गर्नेहरूको सङ्ख्या पनि प्रशस्तै थियो । यसरी शङ्का गर्नेहरूका वृत्तमा सर्वसाधारण जनता लगायत केही राजनीतिक दलहरू समेत थिए । यस्तो अवस्थामा पनि निर्वाचन मिति घोषणा सँगसँगै निर्वाचन आयोगबाट निर्वाचनको तयारी कार्यलाई तीब्र गतिमा अगाडि बढाइयो । आयोगले निर्वाचन तयारीका लागि कार्य तालिका नेपाल राजपत्रमा प्रकाशित गरी सोही कार्य तालिका अनुसार काम अगाडि बढाउन थालेपछि निर्वाचन हुने विश्वसनीय आधारहरू पनि क्रमशः वृद्धि हुँदै गएको थियो । यस कुरामा समीक्षा कार्यक्रमका सहभागीमध्ये ९१ प्रतिशतले सहमति जनाएका छन् ।

स्थानीय तहको निर्वाचन तीन चरणमा[१] र प्रदेश सभा तथा प्रतिनिधि सभाको निर्वाचन दुई चरणमा[२] सम्पन्न भएको थियो । यी सबै निर्वाचन न्यूनतम अन्तर्राष्ट्रिय सहयोग समेतबाट सम्पन्न गर्न निर्वाचन आयोग सक्षम भएको थियो । निर्वाचन आयोगले संवैधानिक प्राबधान अनुरूप क्रमशः स्थानीय तह, प्रदेश सभा, राष्ट्रिय सभा र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्नु पर्ने सुझाव र कार्यतालिका सरकार समक्ष प्रस्तुत गरेको भए तापनि आयोगले प्रस्ताव गरेको क्रम अनुसार निर्वाचन हुन नसकेका कारण राष्ट्रिय सभा सदस्य निर्वाचनभन्दा अगाडि प्रतिनिधि सभा सदस्यको निर्वाचन सम्पन्न हुन पुगेको थियो ।

स्थानीय तहको सङ्ख्या र सिमाना निर्धारणका लागि गठित **स्थानीय तह पुनर्संरचना आयोग**ले वि. सं. २०७३ साल पुस २२ गते नेपालमा कुल ७१९ स्थानीय तह रहने गरी नेपाल सरकार समक्ष प्रतिवेदन प्रस्तुत गर्‍यो । सोही अनुरूप नेपाल सरकारको मिति वि. सं. २०७३ साल फागुन ९ गतेको निर्णयानुसार वि. सं. २०७४ साल वैशाख ३१ गते एकै चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोकियो । सरकारले निर्वाचन मिति घोषणा गरेका दिनबाट ८२ दिन मात्र निर्वाचनको तयारीका लागि समय उपलब्ध भई ७१९ स्थानीय तहको निर्वाचनको तयारी तीव्र गतिमा अगाडि बढाइँदै गरेको अवस्थामा सरकारबाट पटक पटक पुनः स्थानीय तहको सङ्ख्या र सिमाना हेरफेर भइरहँदा निर्वाचन व्यवस्थापन तथा सञ्चालनको कार्य गर्न निकै कठिन परिस्थिति र अन्यौलको वातावरण सिर्जना भएको थियो ।[३]

[१]स्थानीय तहको निर्वाचन पहिलो चरण वि. सं. २०७४ वैशाख ३१ गते, दोस्रो चरण असार १४ गते र तेस्रो चरण असोज २ गते सम्पन्न भएको थियो ।

[२]प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पहिलो चरण वि. सं. २०७४ मङ्सिर १० गते ३२ जिल्लामा र दोस्रो चरण मङ्सिर २१ गते ४५ जिल्लामा सम्पन्न भएको थियो ।

[३]नेपाल सरकारले वि. सं. २०७३ साल फागुन २२ गते (यसअघि तोकिएको निर्वाचन मितिको ७० दिन अगाडि) स्थानीय तहको यसअघिको सङ्ख्या ७१९ सङ्ख्यामा फेरबदल गरी ७४४ तह कायम गरेको थियो । यसपछि पनि वि. सं. २०७४ साल जेठ ८ गते तराई मधेशका १६ वटा जिल्ला (प्रदेश नं.२ का ८ जिल्ला र झापा, मोरङ, सुनसरी, नवलपरासी - बर्दघाट सुस्तापश्चिम, रूपन्देही, कपिलवस्तु, बाँके र कैलाली) मा स्थानीय तहको सङ्ख्या र सिमाना पुनः हेरफेर गरी २२ वटा स्थानीय तह थप गरिएको थियो । तर सरकारको उल्लिखित निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी सम्मानित सर्वोच्च अदालतबाट वि. सं. २०७४ साल जेठ १२ गते अन्तरिम आदेश जारी भएको थियो । स्थानीय तहको सङ्ख्या हेरफेर र स्तरोन्नति गर्ने सम्बन्धी नेपाल सरकारको वि. सं. २०७४ साल जेठ ८ गतेको निर्णय विरुद्ध सम्मानित सर्वोच्च अदालतमा परेको रिट निवेदन वि. सं. २०७४ साल साउन २६ गते खारेज भएको थियो । रिट निवेदन खारेज भएपछि साउन ३१ गते सरकारबाट प्रदेश नं. २ का आठ जिल्लामा स्थानीय तहको सङ्ख्या र सिमाना हेरफेर एवं स्तरोन्नति गरी १३६ स्थानीय तह कायम गरी मुलुकभर स्थानीय तहको कुल सङ्ख्या ७५३ कायम गरिएको थियो ।

यसै गरी प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनका सन्दर्भमा नेपाल सरकारले **निर्वाचन क्षेत्र निर्धारण आयोग**को प्रतिवेदन प्राप्त नहुँदै वि. सं. २०७४ साल मङ्सिर १० गते प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन एकै पटक सम्पन्न गर्ने गरी वि. सं. २०७४ साल भदौ ५ गते निर्वाचन मिति घोषणा गऱ्यो । यसपछि वि. सं. २०७४ साल भदौ १४ गते सरकारले पुनः पहिलो चरणको निर्वाचन वि. सं. २०७४ साल मङ्सिर १० गते र दोस्रो चरणको निर्वाचन मङ्सिर २१ गते दुई चरणमा सम्पन्न गर्ने गरी अर्को संशोधित मिति तोकेको थियो ।[४] सरकारले सुरुमा निर्वाचन मिति तोकेको १० दिनपछि अर्थात् वि. सं. २०७४ साल भदौ १५ गते निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदन प्राप्त भयो । यसरी प्रतिवेदन प्राप्त भएपछि आयोगलाई निर्वाचनको तयारी गर्ने वास्तविक समय सीमा ८७ दिनमा सीमित हुन पुगेको थियो ।

नेपालको कानुनी संरचनाले तीनै तहका निर्वाचनको मिति आयोगको परामर्शमा सरकारले तोक्ने व्यवस्था गरेको छ । तर, नेपाल सरकारबाट निर्वाचन आयोगको परामर्शभन्दा बाहिर गई पटक पटक निर्वाचनको मिति हेरफेर गर्ने कार्य भएबाट आयोगलाई कार्य सम्पादन गर्न निकै चुनौती भएको थियो ।[५]

स्थानीय तह निर्वाचनमा निर्वाचन गर्नु पर्ने कुल पद सङ्ख्या ३५,२२१ रहेको थियो भने उक्त पदका लागि प्रतिस्पर्धा गर्न खडा भएका उम्मेदवारको कुल सङ्ख्या १,४८,३६२ पुगेको थियो । प्रदेश सभाको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत कुल पद सङ्ख्या ३३० र समानुपातिक निर्वाचन प्रणालीतर्फ कुल पद सङ्ख्या २२० गरी कुल पद सङ्ख्या ५५० रहेकोमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ३,२३९ र समानुपातिकतर्फ ३,५६५ जनाको उम्मेदवारी मनोनयन भएको थियो । यसै गरी प्रतिनिधि सभाका लागि

---

[४]निर्वाचन आयोगबाट पहिलो चरणको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन वि. सं. २०७४ साल मङ्सिर १० गते हिमाली र पहाडी क्षेत्रका ३२ जिल्लामा र दोस्रो चरणको निर्वाचन वि. सं. २०७४ साल मङ्सिर २१ गते बाँकी ४५ जिल्लामा सम्पन्न गरिएको थियो ।

[५]नेपाल सरकारको निर्णयानुसार स्थानीय तहको निर्वाचन एकै चरणमा सम्पन्न गर्ने गरी निर्वाचन कार्यको तयारी अगाडि बढिरहेकोमा वि. सं. २०७४ वैशाख १० गते (मतदान हुने दिनभन्दा २१ दिन अगाडि) प्रदेश नं. ३, ४ र कर्णाली प्रदेश मा वैशाख ३१ गते र प्रदेश नं. १, २, ५ र ७ मा जेठ ३१ गते गरी दुई चरणमा निर्वाचन सम्पन्न गर्ने गरी सरकारबाट अर्को मिति तोकिएको थियो । वि. सं. २०७४ साल जेठ ३१ गते दोस्रो चरणमा सम्पन्न हुने भनिएको निर्वाचन वि. सं. २०७४ साल असार ९ गते सम्पन्न गर्ने गरी वि. सं. २०७४ साल जेठ १५ गते पुनः अर्को मिति तोकिएको थियो । यसरी नै असार ९ गते मुस्लिम समुदायको पवित्र रमजान महिनाको ईद पर्व परेकोले सोको सट्टा असार १४ गते निर्वाचन सम्पन्न गर्ने गरी जेठ १७ गते सरकारबाट पुनः अर्को मिति तोकिएको थियो । असार १४ गते निर्वाचन हुने भनिएकामध्ये प्रदेश नं. २ का आठ जिल्लाका १२७ स्थानीय तहमा वि. सं. २०७४ असोज २ गते निर्वाचन गर्ने गरी वि. सं. २०७४ असार १ गते सरकारबाट अझ अर्को मिति तोकिएको थियो र सोही मितिमा निर्वाचन सम्पन्न पनि भएको थियो ।

पहिलो हुने निर्वाचित हुने निर्वाचित प्रणाली अन्तर्गत कुल पद सङ्ख्या १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ कुल पद सङ्ख्या ११० गरी निर्वाचन गर्नु पर्ने कुल पद सङ्ख्या २७५ रहेकोमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १,९४४ र समानुपातिक निर्वाचन प्रणालीतर्फ २,२७३ जनाको उम्मेदवारी मनोनयन भएको थियो ।

वि. सं. २०७४ साल माघ २४ गते राष्ट्रिय सभा सदस्यको निर्वाचन गर्ने गरी सरकारले वि.सं. २०७४ साल पुस २१ गते निर्णय लियो । सरकारको घोषणा अनुरूप राष्ट्रिय सभा सदस्यको निर्वाचन सोही मितिमा सम्पन्न भयो । यसपछि निर्वाचन आयोगले राष्ट्रपतिको निर्वाचन वि. सं. २०७४ साल फागुन २९ गते सम्पन्न गर्ने गरी फागुन १० गते र उपराष्ट्रपतिको निर्वाचन चैत ९ गते सम्पन्न गर्ने गरी फागुन ३० गते निर्वाचनको मिति तोक्यो । राष्ट्रपति पदका लागि एकभन्दा बढी उम्मेदवारको मनोनयनपत्र दर्ता भएकाले तोकिएको मितिमा मतदान भई निर्वाचन सम्पन्न भएको थियो भने उपराष्ट्रपतिको निर्वाचनमा एक मात्र मनोनयनपत्र दर्ता भएका कारण निर्विरोध रूपमा निर्वाचन सम्पन्न भयो । सबै तहको निर्वाचन कार्य सञ्चालन तालिका **अनुसूची १ मा** प्रस्तुत गरिएको छ ।

निर्वाचनको तयारी एवं व्यवस्थापनलाई थप प्रभावकारी बनाउन माननीय प्रमुख निर्वाचन आयुक्त तथा माननीय निर्वाचन आयुक्तहरूको कार्य विभाजन गरी आयोगले कार्य सम्पादनको प्रबन्ध मिलाएको थियो । यसरी गरिएको कार्य विभाजन **अनुसूची २ मा** प्रस्तुत गरिएको छ ।

सरकारबाट निर्वाचन मिति घोषणा भइसक्दाको अवस्थामा पनि निर्वाचनसँग सम्बन्धित कतिपय ऐन कानुन बनिनसकेको अवस्थामा निर्वाचन कार्यको तयारीलाई ध्यानमा राखी आयोगले सबै तहका निर्वाचन सम्पन्न गर्न आवश्यक ऐन उपलब्ध गराई दिन नेपाल सरकारलाई अनुरोध गरेको थियो । साथै, राजनीतिक दल र सरकारलाई निर्वाचनको वातावरण बनाउन अपिल गरेको थियो । सोही अनुरूप निर्वाचन आयोगले मतदाता नामावली तयारी लगायत अन्य तयारी सुरु गरेको थियो । विभिन्न तहको निर्वाचनका लागि कायम भएको मतदाताको सङ्ख्या **अनुसूची ३ मा** प्रस्तुत गरिएको छ ।

यसरी सबै तहका निर्वाचन सम्पन्न भइसकेपछि निर्वाचन सञ्चालनका क्रममा भएका कानुनी, प्राविधिक तथा व्यवस्थापकीय पक्षहरूको लेखाजोखा गरी भविष्यका निर्वाचनलाई अझ बढी पारदर्शी, विश्वसनीय बनाउन विधि र प्रक्रियामा गर्नु पर्ने सुधारहरू बारे सुझाव सङ्कलन गर्न निर्वाचनमा प्रत्यक्ष रूपमा संलग्न व्यक्ति तथा निकायहरूको संलग्नतामा निर्वाचन समीक्षा

कार्यशाला गरिएको हो । निर्वाचन समीक्षा बारेको अवधारणापत्र **अनुसूची ४ मा** प्रस्तुत गरिएको छ ।

## २. समीक्षाको उद्देश्य

निर्वाचन समीक्षा कार्यक्रमको मुख्य उद्देश्य निर्वाचन आयोगले स्थानीय तह, प्रदेश र संघीय गरी तीनै तहको निर्वाचन लगायत राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्ने क्रममा अपनाइएका कानुनी, प्राविधिक तथा व्यवस्थापकीय कमी कमजोरीहरूको समीक्षा गरी भविष्यमा हुने यस किसिमका निर्वाचनलाई अझ बढी विश्वसनीय तथा प्रभावकारी रूपमा सञ्चालन गर्न त्यस्ता क्रियाकलापलाई अभिलेखीकरण गर्ने र आवश्यक कानुनी तथा प्रक्रियागत सुधारहरू गर्नका लागि सुझावहरू सङ्कलन गर्नु रहेको छ । **समीक्षाबाट प्राप्त सुझावहरू निर्वाचन आयोगको तेस्रो रणनीतिक योजना तर्जुमा गर्न समेत सहयोगी हुने अपेक्षा गरिएको छ ।** यस समीक्षा कार्यक्रमका विशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन् ।

- वि. सं. २०७४ सालमा सम्पन्न भएका सबै तह (स्थानीय, प्रदेश, प्रतिनिधि सभा, राष्ट्रिय सभा, राष्ट्रपति तथा उपराष्ट्रपति) को निर्वाचनको समग्र कानुनी, प्राविधिक तथा व्यवस्थापकीय पक्षहरूको समीक्षा गर्ने ।
- वि. सं. २०७४ सालमा सम्पन्न भएका निर्वाचनमा गरिएका असल अभ्यासहरूको पहिचान गरी सोको अभिलेखीकरण गर्ने ।
- निर्वाचन व्यवस्थापन तथा सञ्चालनका क्रममा अनुभव गरिएका मूलभूत समस्याहरूको पहिचान तथा विश्लेषण गर्ने ।
- आगामी दिनमा सञ्चालन गरिने निर्वाचनलाई अझ बढी विश्वसनीय र पारदर्शी बनाई सर्वस्वीकार्य बनाउन गर्नु पर्ने कार्यको पहिचान गरी सिफारिस तथा सुझावहरू प्राप्त गरी प्रतिवेदन सार्वजनिक गर्ने ।

## ३. समीक्षाको कार्यविधि तथा प्रक्रिया

वि. सं. २०७४ सालमा सम्पन्न भएका सबै तहको निर्वाचनको समीक्षा गर्नका लागि निर्वाचन आयोगको योजना, अनुगमन तथा समावेशी शाखाले कार्यक्रमको अवधारणापत्र प्रस्तुत गरेको थियो । उक्त अवधारणापत्र माथि सचिवालय र

आयोगमा विस्तृत छलफल भई सोही अनुरूप कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको थियो । अवधारणापत्र **अनुसूची ४ मा** प्रस्तुत गरिएको छ ।

अवधारणापत्रले तय गरे अनुरूप देहायका विभिन्न चरणमा समीक्षा कार्यक्रम सम्पन्न गरिएको थियो :-

१) डेस्क समीक्षा तथा प्रारम्भिक मसौदा प्रतिवेदन
२) प्रश्नावली तयार
३) प्रदेश स्तरमा समीक्षा कार्यक्रम
४) प्रतिवेदन लेखन
५) आयोगबाट प्राप्त प्रतिक्रिया र सुझाव
६) केन्द्रीय स्तरमा राजनीतिक दलहरूसँग अन्तरक्रिया
७) प्रतिवेदन स्वीकृति र प्रकाशन

### १) डेस्क समीक्षा तथा प्रारम्भिक मसौदा प्रतिवेदन

- स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनका लागि स्थापित अन्तर्राष्ट्रिय मूल्य र मान्यताको आधारमा निर्वाचन प्रक्रियासँग सम्बन्धित करिब ५ दर्जन मूलभूत प्रश्नहरू तयार गरी सोको आधारमा डेस्क समीक्षाको प्रारम्भिक मसौदा प्रतिवेदन तयार पारिएको थियो ।

- डेस्क समीक्षाको प्रारम्भिक मसौदा प्रतिवेदनमा मूलतः निर्वाचन आयोगलाई जानकारी भएको तथ्य, तथ्याङ्क तथा निर्वाचन सम्बन्धी विद्यमान कानुनी संरचनाका प्रावधानहरू समावेश गरिएको थियो ।

- निर्वाचन आयोगबाट निर्वाचनको समयमा खटिएका नेपाल सरकारका सहसचिव स्तरका अनुगमनकर्ताहरू र उपसचिव स्तरका सूक्ष्म अनुगमनकर्ताहरूको प्रतिवेदन, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण संघ संस्थाहरूको प्रतिवेदन तथा सञ्चार माध्यमहरूबाट प्रकाशित र प्रसारित सूचनालाई समेत मसौदा प्रतिवेदनमा संलग्न गरिएको थियो ।

- आयोगको सम्बन्धित महाशाखा/शाखाबाट उपलब्ध तथ्य र तथ्याङ्कलाई थप पुष्टयाइँ गरी प्रारम्भिक मसौदा प्रतिवेदनलाई अन्तिम रूप दिइएको थियो ।

- निर्वाचन प्रक्रियामा अनुभव गरिएका सवल तथा दुर्बल पक्षलाई समेत त्यसमा समावेश गरी भविष्यमा सञ्चालन हुने निर्वाचन प्रक्रियाका लागि ठोस सुझावहरू प्राप्त हुन सकोस् भन्ने विषयमा विशेष ध्यान पुऱ्याइएको थियो ।

## २) प्रश्नावली तयार

- निर्वाचन आयोगको योजना अनुगमन तथा समावेशी शाखाको अनुरोधमा आयोगका विभिन्न महाशाखा तथा शाखाबाट विषयगत क्षेत्र (Thematic areas) हरूमा केन्द्रित रही वस्तुगत प्रश्न तयार गर्न प्राप्त भएका लगभग १०० वटा प्रश्न आयोगको सचिवालय र आयोगमा छलफल गरिएको थियो । यसरी छलफल गर्दा प्रस्तुत गरिएका मध्ये ४८ वस्तुगत प्रश्नलाई अन्तिम रूप दिइएको थियो ।

- आयोगले विभिन्न विषयगत क्षेत्रमा समीक्षा कार्यक्रमका सहभागीबाट सुझाव प्राप्त गर्नका लागि १९ वटा विषयगत प्रश्नलाई पनि अन्तिम रूप दिएको थियो ।

- यसरी तयार गरिएका वस्तुगत र विषयगत दुवै किसिमका प्रश्नावली प्रदेशस्तरको कार्यशालाका सहभागीहरूको विचार सङ्कलन गर्न प्रयोग गरिएको थियो । सो प्रश्नावली **अनुसूची ५ मा** प्रस्तुत गरिएको छ ।

- निर्वाचनका विभिन्न विषयगत क्षेत्रमा सुधारका लागि समीक्षाका सहभागीहरूलाई सोधिएका १९ वटा प्रश्नहरूको जवाफ वा सुझावहरूको सङ्कलन ३४३ पृष्ठ लामो भएकोले ती सुझावहरू यस प्रतिवेदनमा समावेश गरिएको छैन तर प्राप्त सुझावका मूलभूत विषय वस्तुहरूलाई प्रतिवेदनमा बुँदागत रूपमा प्रस्तुत गरिएको छ । ती सुझावहरूको विस्तृत रूप दस्तावेजका रूपमा अभिलेखिकृत गरी निर्वाचन आयोगको पुस्तकालयमा राखिएको छ । (हेर्नुहोस् फोटो १)

फोटो १
सुझावहरूको विस्तृत रूप दस्तावेज




## ३) प्रदेश स्तरमा समीक्षा कार्यक्रम

- निर्वाचन आयोगको मिति २०७५।०२।१८ को निर्णयानुसार प्रदेश नं. ३ बाहेकका अन्य ६ वटा प्रदेशमा मिति २०७५।०३।६ र ७ मा र प्रदेश नं. ३ मा मिति २०७५।०३। १३ र १४ मा प्रदेश स्तरीय दुई दिने समीक्षा कार्यक्रमको आयोजना गरिएको थियो । समीक्षा कार्यक्रममा कुल सहभागी सङ्ख्या ३४१ जना रहेका थिए । कुल सहभागी ३४१ मध्ये २२९ जनाले मात्र प्रश्नावलीको जवाफ बुझाएका थिए । प्रदेश अनुसारको सहभागी सङ्ख्या तालिका नं. १ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**
**प्रदेश स्तरीय निर्वाचन समीक्षा कार्यशालाका सहभागीहरूको विवरण**

| सि.नं. | सहभागीहरू | विराटनगर | जनकपुर | धुलिखेल | पोखरा | बुटवल | सुर्खेत | धनगढी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | राजनीतिक दल | ४ | ७ | १० | ३ | ५ | ६ | ६ | ४१ |
| २ | मुख्य निर्वाचन अधिकृत | १७ | २२ | ३८ | ११ | १७ | ६ | ८ | ११९ |
| ३ | जिल्ला निर्वाचन अधिकारी | १४ | ८ | १३ | १३ | १४ | १० | ११ | ८३ |
| ४ | राष्ट्रिय पर्यवेक्षक | ५ | ६ | ३ | २ | २ | २ | २ | २२ |
| ५ | सञ्चारकर्मी | ५ | ५ | ५ | ५ | ९ | ७ | ४ | ४० |
| ६ | सुरक्षा निकाय | ६ | ५ | ४ | ४ | ५ | ४ | ६ | ३४ |
| ७ | अन्य | | | | | १ | १ | | २ |
| | **जम्मा** | **५१** | **५३** | **७३** | **३८** | **५३** | **३६** | **३७** | **३४१** |

- प्रत्येक प्रदेशमा समीक्षा कार्यक्रमको अध्यक्षता माननीय प्रमुख निर्वाचन आयुक्त, माननीय निर्वाचन आयुक्तहरू र निर्वाचन आयोगका सचिवले गर्नु भएको थियो । कार्यक्रमको उद्घाटन सम्बन्धित प्रदेशका माननीय मुख्य मन्त्रीहरूले गर्नु भएको थियो । माननीय प्रमुख निर्वाचन आयुक्त, माननीय निर्वाचन आयुक्तहरू र निर्वाचन आयोगका सचिवले दुई दिने समीक्षा कार्यक्रमको मोडरेशन गर्नु भएको थियो । समीक्षा कार्यक्रमको नेतृत्व गर्नु भएका आयोगका पदाधिकारी तथा सचिव र अन्य कर्मचारीको विवरण **अनुसूची ६** मा प्रस्तुत गरिएको छ ।

- समग्र प्रदेशस्तरीय समीक्षा कार्यक्रममा सहभागीहरूको छनोट, समीक्षाको उद्देश्य र विषय वस्तुहरू सहजीकरण तथा भविष्यका लागि कार्यक्रम व्यवस्थापनमा गर्नु पर्ने सुझावहरू समेटिएको एक पृष्ठको **कार्यक्रम मूल्याङ्कन फाराम** सबै प्रदेशमा प्रयोग गर्ने भनिए तापनि प्रदेश नं. २, ५, ७ र कर्णाली प्रदेशमा मात्र प्रयोग गरिएको थियो । ती प्रदेशका कुल १७५ मध्ये १३४ सहभागीबाट प्राप्त जवाफको प्रस्तुति **अनुसूची ७** मा प्रस्तुत गरिएको छ । समीक्षा कार्यक्रमका कुल सहभागीहरू मध्ये ९० प्रतिशत भन्दा बढीले समीक्षा कार्यक्रमका उद्देश्यहरू स्पष्ट भएको, सहभागीहरूको छनोट उपयुक्त भएको, समेटिएका विषयहरू उपयोगी तथा सान्दर्भिक भएको, सहजीकरण राम्रो भएको धारणा व्यक्त गरेका छन् । छलफलका लागि समयको पर्याप्तताका सन्दर्भमा ८७ प्रतिशत सहभागीले पर्याप्त भएको र केवल १३ प्रतिशतले समय बढाउनु पर्ने प्रतिक्रिया दिएका छन् । सहभागीहरूलाई समीक्षामा मन परेका मुख्य विषयहरूमा आयोगबाट गरिएको प्रस्तुतीकरणमा समेटिएका विषयगत क्षेत्रहरू, दोहोरो सम्वाद, समीक्षाको समग्र व्यवस्थापन पक्ष, समूह कार्य र सुझाव सङ्कलन विधि मुख्य रूपमा उल्लेख गरेका छन् । भविष्यमा हुने निर्वाचन समीक्षा कार्यक्रमको सञ्चालन निर्वाचन सम्पन्न भए लगत्तै गर्नु पर्ने, महिला सहभागिता वृद्धि गर्नु पर्ने, निर्वाचन विज्ञहरू ल्याएर छलफल गराइनु पर्ने र सरोकारवालाहरूको सहभागिता थप गर्नु पर्ने सुझावहरू प्राप्त भएका छन् (**अनुसूची ७**) ।

- प्रदेश स्तरको समीक्षा कार्यशालामा डेस्क समीक्षा प्रतिवेदनको मुख्य बुँदाहरू निर्वाचन आयोगका कर्मचारीहरूबाट प्रस्तुत गरिएको थियो ।

- सबै प्रदेशमा कार्यशालाका सहभागीलाई विभिन्न चार समूहमा विभाजन गरी समूह छलफल गराइएको थियो । समूह विभाजन गर्दा प्रदेश सभा सदस्य, स्थानीय तहका प्रतिनिधि, मुख्य निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी, सुरक्षा निकायका प्रतिनिधि, राष्ट्रिय पर्यवेक्षण संघ संस्थाका प्रतिनिधि तथा सञ्चारकर्मीलाई यथासम्भव सबै समूहमा प्रतिनिधित्व गराइएको थियो ।

- समूहगत छलफलका लागि १८ वटा विषयगत क्षेत्रहरू छानिएको थियो । ती विषयगत क्षेत्रलाई देहाय अनुसार ४ वटा समूहमा विभाजन गरी सहभागीहरूलाई विस्तृत छलफल गराई समूहगत प्रस्तुतीकरण गरिएको थियो । प्रस्तुतीकरणमा प्रत्येक क्षेत्रगत विषयका असल अभ्यास, अनुभव गरिएका मूलभूत समस्या तथा सुधारका लागि सुझावहरू समेटिएको थियो ।

**तालिका नं. २**
**समूह विभाजन र विषय क्षेत्र**

| **समूह - १** | **समूह - २** |
|---|---|
| मतदाता नामावली र मतदाता परिचयपत्र | मतदाता शिक्षा |
| मतदान केन्द्र पुनरावलोकन | निर्वाचन सम्बन्धी तालिम |
| निर्वाचन कार्यक्रम सञ्चालन | निर्वाचन पर्यवेक्षण र अनुगमन |
| निर्वाचनमा सूचना प्रविधिको प्रयोग | मतदान, मत गणना र परिणाम घोषणा |
| | लैङ्गिकता र समावेशीकरण |
| **समूह - ३** | **समूह - ४** |
| जनशक्ति व्यवस्थापन | निर्वाचन सम्बन्धी कानुनी व्यवस्था र कानुन तर्जुमा |
| सुरक्षा व्यवस्थापन र निर्वाचन सरोकारवालाहरूसँगको समन्वय | राजनीतिक दल दर्ता |
| सामग्री व्यवस्थापन | निर्वाचन विवाद निरूपण |
| मतपत्र व्यवस्थापन | निर्वाचन प्रचार प्रसार र निर्वाचन आचार संहिता |
| आर्थिक व्यवस्थापन | |

## ४) प्रतिवेदन लेखन

- डेस्क समीक्षाको प्रारम्भिक प्रतिवेदनमा प्रदेश स्तरको प्रस्तुतीकरण तथा प्रश्नावलीको जवाफबाट प्राप्त सूचना लगायत सुझावहरूलाई एकीकृत गरी यो प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा समीक्षाका सहभागीबाट प्राप्त वस्तुगत र विषयगत प्रश्नावलीका जवाफहरू पनि समेटिएका छन् । समीक्षाका सहभागीलाई सोधिएका वस्तुगत प्रश्नावलीको जवाफ **अनूसूची ८** मा प्रस्तुत गरिएको छ । यसरी वस्तुगत र विषयगत प्रश्नको व्यवस्था गरी सहभागीहरूबाट जवाफ प्राप्त गरिए पनि सहभागीहरू अधिकांश मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी, सुरक्षा निकायका प्रतिनिधि रहेकाले उनीहरूको जवाफबाट मात्र ठोस निष्कर्ष निकाल्दा त्यसमा ध्यान दिनु उचित देखिन्छ ।

- संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको निर्वाचन सहायता परियोजनाबाट कार्यशाला सञ्चालनका लागि आवश्यक लजिस्टिक सहयोग र प्रतिवेदन लेखन कार्यमा प्राविधिक सल्लाह, सुझाव तथा आवश्यक सहयोग उपलब्ध भएको थियो ।

## ५) आयोगबाट प्रतिक्रिया र सुझाव

- समीक्षा प्रतिवेदन सम्बन्धी मुख्य बुँदाहरू आयोग र सचिवालयका उच्च पदाधिकारीहरू समक्ष प्रस्तुत गरी प्रतिक्रिया तथा सुझाव लिई आवश्यक परिमार्जन गरिने छ ।

## ६) केन्द्र स्तरमा राजनीतिक दलहरूसँग अन्तरक्रिया

- परिमार्जित प्रतिवेदनका प्रमुख बुँदाहरू राजनीतिक दलका केन्द्रीय स्तरका प्रतिनिधिहरूको एक दिने निर्वाचन समीक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गरिने छ ।

## ७) अन्तिम प्रतिवेदन

- राजनीतिक दलका केन्द्रीय स्तरका प्रतिनिधिको एक दिने निर्वाचन समीक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रमबाट प्राप्त प्रतिक्रिया तथा सुझावलाई समेटी प्रतिवेदनमा आवश्यक परिमार्जन गरिने छ । उक्त प्रतिवेदन उपर छलफल गरी आयोगबाट स्वीकृति प्रदान गरिने छ ।

- स्वीकृत प्रतिवेदनलाई निर्वाचन आयोगले प्रकाशन गरी सम्बद्ध निर्वाचन सरोकारवालाहरू र विकास साझेदारहरूलाई वितरण गर्ने छ ।

# परिच्छेद २

## समीक्षाका विषयगत क्षेत्रहरू (Thematic Areas)

# परिच्छेद २

## समीक्षाका विषयगत क्षेत्रहरू (Thematic Areas)

प्रदेश स्तरीय समीक्षा कार्यक्रममा विभिन्न १८ वटा विषयगत क्षेत्र (Thematic Areas) मा आयोगबाट प्रस्तुतीकरण गरी सहभागीहरू बीच विस्तृत रूपमा समूहगत छलफल गराइएको थियो । प्रदेश स्तरको समीक्षा कार्यक्रमको समूह छलफल तथा सहभागीलाई सोधिएका वस्तुगत र विषयगत प्रश्नावलीबाट प्राप्त सूचनाहरू, मोडरेटर तथा प्रमुख अतिथिको मन्तव्य लगायत सहभागीहरूबाट समूहगत रूपमा गरिएका प्रस्तुतीकरण र छलफलबाट प्राप्त सुझावहरू समेत समावेश गरी विभिन्न विषयगत क्षेत्रमा देहाय बमोजिमका तथ्यगत सूचना, असल प्रयास, अनुभव गरिएका मूलभूत समस्याहरू र भविष्यमा हुने निर्वाचनहरूमा सुधारका लागि सुझावहरू प्रस्तुत गरिएका छन् ।

## २.१ निर्वाचन सम्बन्धी कानुनी व्यवस्था र कानुन तर्जुमा

- नेपालको संविधानले राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद्का सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका पदाधिकारीहरूको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने एवं राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने तथा राजनीतिक दल दर्ता र व्यवस्थापन समेतको जिम्मेवारी निर्वाचन आयोगको हुने गरी प्रस्ट रूपमा तोकेको छ ।
- कानुन बमोजिम स्थानीय तह अन्तर्गत गाउँसभा र नगरसभामा निर्वाचित हुने अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष र वडा सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने व्यवस्था छ । त्यस्तै, प्रतिनिधि सभामा रहने २७५ सदस्य मध्ये १६५ सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट र ११० सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था रहेको छ । यस्तै, सात वटा प्रदेश सभाका कुल ५५० सदस्य मध्ये ३३० सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट र २२० सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने प्रावधान रहेको छ ।
- राष्ट्रिय सभाका कुल ५९ सदस्यमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाई प्रत्येक प्रदेशबाट एक जना दलित र एकजना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट गरी दुई जनाको दरले १४ जना

तथा एकल सङ्क्रमणीय मत प्रणालीद्वारा प्रत्येक प्रदेशबाट तीन जना महिला तथा तीन जना अन्य समूहबाट गरी ६ जनाका दरले ४२ जना निर्वाचित हुने व्यवस्था छ । साथै, एक जना महिला सहित तीन सदस्य नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने प्रावधान छ ।

- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन बहुमतीय प्रणाली बमोजिम संघीय संसद् तथा प्रदेश सभाका सदस्यहरू मतदाता रहेको निर्वाचक मण्डलले निर्वाचन गर्ने व्यवस्था छ ।

- संवैधानिक व्यवस्था अनुरूप वि. सं. २०७४ सालमा सम्पन्न सबै निर्वाचनको सञ्चालन र व्यवस्थापन गर्न १० वटा ऐन, ८ वटा नियमावली, ७४ वटा निर्देशिका र एकीकृत निर्वाचन आचार संहिता समेत जारी गरिएको थियो । यद्यपि निर्वाचन सञ्चालनका लागि महत्वपूर्ण विषयगत क्षेत्रहरू जस्तै मतदाता नामावली दर्ता, राजनीतिक दल दर्ता, उम्मेदवार मनोनयन, उम्मेदवारको योग्यता, मतदान र मत गणना प्रक्रिया तथा मत परिणाम घोषणा सम्बन्धमा कानुनी व्यवस्था गरिए तापनि निर्वाचन मिति घोषणा भई सकेपछि मात्र निकै हतारमा निर्वाचन सम्बन्धी अधिकांश ऐन, नियमावली, निर्देशिका तथा कार्यविधि छोटो समयावधिभित्र तयार गरी सक्नु पर्ने भएकोले निर्वाचन समीक्षा कार्यक्रमका कुल सहभागीमध्ये करिब एक तिहाइ सहभागीले निर्वाचन सञ्चालनका लागि उपलब्ध गराइएका ऐन, नियम, निर्देशिका तथा कार्यविधिका प्रावधानहरू पर्याप्त थिएनन् भनेका छन् भने दुई तिहाइले पर्याप्त थिए भनेका छन् ।

चित्र १
निर्वाचन सञ्चालनका लागि उपलब्ध ऐन, नियम, निर्देशिका र कार्यविधिहरूका प्रावधानहरू पर्याप्त थिए ?



- निर्वाचन मितिको घोषणा गरिसकेपछि मात्र निर्वाचनसँग सम्बन्धित ऐन कानुन बनाउने कार्य भए तापनि निर्वाचन आयोगले उपलब्ध छोटो समयावधिमा पनि निर्वाचन सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न नियम तथा निर्देशिका अहोरात्र खटेर तयार गरेको थियो । आयोगको यस कार्यको सबै क्षेत्रबाट सह्राहना भएको छ ।

## असल अभ्यास

- विगतका कानुनी संरचनामा केही उल्लेखनीय सुधारहरू भएका छन्, जस्तै एउटै उम्मेदवारलाई दुई वटा निर्वाचन क्षेत्रबाट निर्वाचनमा उम्मेदवार हुन पूर्ण रूपमा रोक्ने, प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन एकै दिनमा हुने भएमा एउटै उम्मेदवारलाई दुवै निर्वाचनमा प्रतिस्पर्धा गर्न नदिइने, एउटै उम्मेदवारलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको उम्मेदवार बन्न वञ्चित गर्ने, सबै चरणका निर्वाचनमा आपराधिक अभिलेख भएका व्यक्ति उम्मेदवार हुन अयोग्य हुने व्यवस्था रहेका छन् ।
- समावेशीताको सिद्धान्तलाई संविधान तथा विभिन्न कानुनमा नै समावेश गरी सोही अनुसार विभिन्न तहको निर्वाचन सम्पन्न भएको छ । सबै तहका निर्वाचनमा लैङ्गिक तथा समावेशी प्रतिनिधित्वको लागि क्रमागत सुधार भएका छन् ।
- प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि तयार गरिएका निर्देशिकामा वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनको पाठ सिकाइको आधारमा त्यस्तो सिकाइका विषयलाई समावेश गरिएको थियो । उदाहरणको लागि - मत गणना प्रक्रियाको समयमा कसैले मतपत्र च्यातेमा पूरै वडामा नभई प्रभावित मतदान केन्द्रमा मात्र पुनः मतदान गर्ने व्यवस्था पछि निर्माण भएका कानुनमा समावेश गरियो ।

## अनुभव गरिएका मूलभूत समस्या

- संविधानतः स्थानीय तह, प्रदेश सभा, राष्ट्रिय सभा, प्रतिनिधि सभा, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन क्रमशः हुनु पर्नेमा राजनीतिक दलहरूको फरक फरक परिभाषा र व्याख्याका कारणले निर्वाचन आयोगले पटक पटक राजनीतिक दलहरूसँग आग्रह गरेको भए तापनि आयोग सफल हुन सकेन । राष्ट्रिय सभाको निर्वाचनको क्रम भङ्ग भएकाले आयोगले प्रतिनिधि सभा

सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणाम समयमा नै घोषणा गर्न संविधानतः कठिन भयो । त्यसैले प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामको घोषणा तत्कालका लागि रोकी राष्ट्रिय सभाको निर्वाचन परिणाम प्रकाशन भएपछि मात्र प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणाम घोषणा गरिएको थियो । यसरी समयमा नै प्रतिनिधि सभाको अन्तिम परिणाम प्रकाशन गर्न नसकिएको विषयलाई लिएर सार्वजनिक रूपमा आयोगका बारेमा बहस भएका थिए ।

- विभिन्न तहको निर्वाचनका लागि आवश्यक कानुनहरूको प्रारम्भिक मसौदा आयोगले तयार गरी नेपाल सरकार समक्ष प्रस्तुत गरेको थियो । स्थानीय तहको निर्वाचन घोषणा भएको मिति २०७३ फागुन ९ गते अगाडि चार वटा ऐन (मतदाता नामावली सम्बन्धी ऐन २०७३, निर्वाचन आयोग ऐन २०७३, स्थानीय तह निर्वाचन ऐन २०७३ र निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३) मात्र स्वीकृत भएका थिए । प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन र प्रदेश सभा सदस्य निर्वाचन ऐन वि. सं. २०७४ साल भदौ २२ गते र राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ निर्वाचन मितिभन्दा ३९ दिन अगाडि अर्थात् वि. सं. २०७४ साल पुस १४ गते जारी भएको थियो । राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश स्वीकृतिका लागि पेश भइसकेपछि राजनीतिक दलहरू बीच विभिन्न किसिमका विवाद सिर्जना भएको हुँदा अध्यादेश समेत समयमा निर्वाचन आयोगले प्राप्त गर्न सकेन ।

- ऐन प्राप्त भएपछि मात्र त्यसका अधीनमा रही निर्वाचनसँग सम्बन्धित नियमावली, निर्देशिका, कार्यविधि आदि तयार गर्नु पर्ने भएकाले त्यसका लागि आयोगलाई उपलब्ध समय सीमा निकै छोटो हुन पुग्यो । अधिकांश ऐन निर्वाचन मिति घोषणा भएको तीन महिनाभन्दा कम समयमा पारित भएका थिए । निर्वाचनसँग सम्बन्धित कतिपय निर्देशिका निर्वाचन मितिको तीन हप्ताभन्दा कम समयमा तयार भएका थिए । उपलब्ध छोटो समयावधिमा निर्वाचनसँग सम्बन्धित सबै कानुनी मसौदाका महत्वपूर्ण प्रावधानहरूका विषयमा प्रमुख राजनीतिक दलहरूसँग छलफल गरिएको भए तापनि सम्बद्ध सबै सरोकारवालाहरूबाट पर्याप्त मात्रामा सुझाव समेत प्राप्त हुन सकेन । ऐन कानुनको समीक्षात्मक छलफल गर्न र प्रचार प्रसार गर्न अत्यन्तै कम समय उपलब्ध थियो । फलस्वरूप कतिपय विषयहरू पटक पटक संशोधन गर्नु परेको थियो ।

- विभिन्न तहका निर्वाचनका लागि छुट्टा छुट्टै कानुन रहेको र कतिपय कानुनी व्यवस्था दोहोरिएको तथा छरिएर रहेका र केही ऐन, नियम, निर्देशिका एक आपसमा बाझिएका समेत पाइएका थिए ।

## सुझावहरू

- निर्वाचनका लागि आवश्यक सबै कानुनी संरचना निर्वाचन मितिको घोषणा हुनुभन्दा अगाडि नै बनाइनु पर्ने । अन्तर्राष्ट्रिय प्रचलन अनुसार निर्वाचन मिति घोषणा हुनुभन्दा अगाडि नै (सामान्यतया एक वर्षभन्दा अगाडि) आवश्यक ऐन कानुन तर्जुमा भई सक्नु पर्ने । निर्वाचन आयोगको नेतृत्वमा विज्ञ समूहको परामर्श लिई आवश्यक नयाँ कानुनको निर्माण र मौजुदा कानुन आवश्यकतानुसार संशोधन गरी **निर्वाचन सम्बन्धी एकीकृत कानुन**को मसौदा तर्जुमा गरी निर्वाचनको मिति घोषणा हुनु अगाडि नै स्वीकृत गरिनु पर्ने । त्यसपछि त्यस्ता कानुनमा निर्वाचन सम्पन्न नभएसम्म संशोधन गर्न नहुने ।

- जिल्ला सदरमुकाममा मत गणना कार्य गर्दा मतपेटिका सङ्कलन गरी ल्याउन ढिलो भएको तथा आर्थिक दृष्टिले बढी खर्चिलो समेत हुने गरेकाले निर्वाचन परिणाम शीघ्र घोषणा गर्न सहज होस् भनी मत गणना कार्य मतदान स्थलमा नै गर्ने व्यवस्था मिलाउन ऐन, नियम, निर्देशिकामा आवश्यक संशोधन गरी मत गणना कार्य मतदान स्थलमा नै गर्ने व्यवस्था मिलाउने ।

- मतपत्र सदर/बदर सम्बन्धी विभिन्न प्रावधान सबै ऐन, नियम तथा निर्देशिकामा एकरूपता हुने गरी व्यवस्थित गरिनु पर्ने । उदाहरणका लागि - च्यातिएको वा अन्य कुनै चिह्न लगाइएको मतपत्र बदर हुने व्यवस्था ऐनमा रहेको तर व्यवहारमा कतै सदर र कतै बदर गर्ने गरिएको । त्यस्तै, स्पष्ट स्वस्तिक छाप मात्र सदर हुने ऐनमा व्यवस्था भए पनि मत गणना केन्द्र अनुसार फरक फरक अभ्यास हुने गरेको, जसले गर्दा मत गणनामा एकरूपता कायम नभएको । सदर र बदर मतका बारेमा सर्वदलीय बैठकबाट निर्णय गर्नु नपर्ने गरी ऐन कानुनमा नै स्पष्ट प्रावधानहरूको व्यवस्था गरी सो विषयमा सम्बद्ध सबै सरोकारवालालाई निर्वाचन शिक्षा मार्फत जानकारी समेत गराउने । वि. सं. २०७४ सालको निर्वाचनमा जस्तै सदर वा बदर हुने मत बारेका प्रावधान सम्बन्धी पोस्टर तयार गरी मत गणना स्थलमा टाँस्ने कार्यलाई निरन्तरता दिने ।

- स्थानीय तह निर्वाचन, २०७४ को लागि निर्धारित मत गणना, मत सदर तथा बदर सम्बन्धमा भएको व्यवस्था **अनुसूची ९क** र प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७४ का लागि निर्धारित मत गणना तथा मतपत्र बदर हुने सम्बन्धी व्यवस्थाका प्रावधान **अनुसूची ९खमा** प्रस्तुत गरिएको छ ।

- नेपालमा राजनीतिक अन्यौलका कारण यसअघि समयमा नै आवधिक निर्वाचन सम्पन्न हुन नसकेको सन्दर्भमा अन्तर्राष्ट्रिय असल अभ्यासहरूका आधारमा विभिन्न तहको निर्वाचनको मिति तोक्ने अधिकार कानुनद्वारा नै निर्वाचन आयोगलाई दिनु पर्ने वा कानुनमा नै निर्वाचन पात्रो बनाई निर्वाचन मिति उल्लेख गर्ने व्यवस्था मिलाउने ।

- निर्वाचन सञ्चालनका लागि तयार गरिएका अनुसूची फाराममध्ये खास गरी उम्मेदवारको मनोनयनपत्र फाराम अत्यन्तै जटिल भएकोले त्यस्ता फाराम सरलीकृत गरिनु पर्ने । अन्य फारामका हकमा वि. सं. २०७४ सालमा सम्पन्न निर्वाचनमा प्रयोगमा नआएका फाराम अनुसूचीबाट हटाउने ।

- आयोगले सूचना प्रविधिको प्रयोग गरी विभिन्न तहको निर्वाचनमा अनलाईन मार्फत उम्मेदवारी दर्ता गर्न सक्ने कानुनी व्यवस्था गर्ने ।

- स्थानीय तह, प्रदेश सभा र संघीय तहमा निर्वाचन गर्नु पर्ने विभिन्न पदका उम्मेदवारका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता कानुनमा नै तोक्ने ।

- निर्वाचन खर्चको विवरण पेश नगर्ने राजनीतिक दल तथा उम्मेदवारले आगामी/पछि हुने निर्वाचनमा उम्मेदवारी दिन नपाउने गरी कानुनी व्यवस्था मिलाउने ।

- विदेशमा रहेका मतदातालाई पनि मताधिकारको व्यवस्था गरिनु पर्ने भनी आवाज उठिरहेको सन्दर्भमा तिनलाई के कसरी मताधिकार प्रयोग गर्न दिन सकिन्छ भन्ने विषयमा अन्य मुलुकका असल अभ्यास समेतलाई अध्ययन गरी सो अनुरूप आवश्यक कानुनी व्यवस्थाका लागि आयोगले प्रयास गर्ने ।

- निर्वाचन आयोगले विगतका संविधान सभा सदस्य निर्वाचनमा जस्तै निर्वाचनमा खटिने राष्ट्र सेवकहरूको अस्थायी मतदाता नामावली तयार गर्ने व्यवस्था गरी राष्ट्रियस्तरको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा मतदान गर्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

- निर्वाचनमा विजयी उम्मेदवारले वारेस मार्फत प्रमाणपत्र लिन पाउने/नपाउने भन्ने विषयमा कानुनमा नै स्पष्ट उल्लेख गर्ने व्यवस्था मिलाउन आयोगले प्रयास गर्ने ।

## २.२ मतदाता नामावली र मतदाता परिचयपत्र

- नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त १८ बर्ष उमेर पूरा गरेका नेपाली नागरिक मतदाता हुन पाउने कानुनी व्यवस्था रहेको छ । मतदाताको योग्यता सम्बन्धी तोकिएका सबै आधार स्पष्ट र मापन गर्न सकिने छन् । विभिन्न निर्वाचनका लागि आयोगले तोकेको मिति (Cut–off date) मा १८ वर्ष उमेर पूरा भएका मतदाताले मात्र मतदान गर्न पाउने व्यवस्था छ । सामान्यतया यस्तो मिति तोक्दा आयोगले निर्वाचन घोषणा भएको मितिलाई नै तोक्ने गरेको छ । साथै कुनै पनि निर्वाचनको लागि निर्वाचन मिति घोषणा भएपछि मतदाता नामावली सङ्कलन नगरिने कानुनी व्यवस्था रहेको छ । आयोगले स्थानीय तह निर्वाचनको लागि वि. सं. २०७३ साल फागुन ९ गतेलाई र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यकोलागि वि. सं. २०७४ साल भदौ ५ गतेलाई मतदाता नामावलीमा नाम समावेश हुन १८ वर्ष उमेर पूरा हुनु पर्ने मिति (Cut–off date) तोकेको थियो ।
- प्रदेश सभा र प्रतिनिधि सभा सदस्य निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि वि. सं. २०७४ साल साउन १५ गतेदेखि भदौ ४ गतेसम्म मतदाता नामावली दर्ता कार्यक्रम सञ्चालन गरिएको थियो । यसबाट मतदाताको साविक सङ्ख्या १,४०,७२,४२४ मा १३,५५,४९९ मतदाता थप भई जम्मा मतदाता १,५४,२७,९३८ कायम भएको थियो । मतदाताको यो सङ्ख्याभित्र पुरुष ७७,७६६२९, महिला ७६,५१,१४२ र तेस्रो लिङ्गी १६७ रहेका थिए । आयोगले मतदाताको नागरिकताको विवरण र मतदान गर्ने मतदान केन्द्र समेत उल्लेख गरी मतदाताको Q R Code सहितको मतदाता परिचयपत्र छपाइको व्यवस्था मिलाएको थियो । यसरी तयार गरिएको मतदाता परिचयपत्र मतदान हुने दिनभन्दा २ दिन अगाडिदेखि सम्बन्धित मतदान केन्द्रबाटै वितरण गर्ने व्यवस्था पनि आयोगले मिलाएको थियो । वितरण गर्न बाँकी रहेको परिचयपत्र सम्बन्धित जिल्लाका जिल्ला निर्वाचन कार्यालयमा सुरक्षित रूपमा राखिएका छन् ।
- स्थानीय तहको निर्वाचनको लागि वि. सं. २०७३ साल चैत २० गते अन्तिम मतदाता नामावली तयार गरी छपाइ गरिएको थियो । स्थानीय तहको

निर्वाचनमा १ करोड ४० लाख ५४ हजार ४८२ मतदाता रहेका थिए भने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा १ करोड ५४ लाख २७ हजार ९३८ मतदाता रहेका थिए । निर्वाचनको सँघारमा मात्र मतदाता नामावलीमा नाम लेखाउन चासो राख्ने मतदाताको प्रवृत्तिका कारण स्थानीय तह निर्वाचनपछिको निर्वाचन प्रयोजनका लागि १३ लाख ७३ हजार ४५६ मतदाता थप भएका थिए । यसरी तयार भएको मतदाता नामावलीको प्रिन्ट अधिकांश राजनीतिक दल वा उम्मेदवारले समयमा नै सहज रूपमा प्राप्त गरेका थिए । स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि कायम भएको मतदाताको सङ्ख्या **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

- मतदाता नामावली प्रकाशन गर्ने स्थान, समय र प्रक्रिया निर्धारण गर्ने प्रावधान मतदाता नामावली सम्बन्धी ऐनमा नै उल्लेख भएको थियो । कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सच्याउनको लागि सम्बन्धित मतदाता वा निजको परिवारको कुनै सदस्यले सम्बन्धित नाम दर्ता अधिकारी समक्ष निवेदन दिन सक्ने व्यवस्था थियो । तर, यस सम्बन्धमा निर्वाचनमा उम्मेदवार हुने उम्मेदवार बाहेक अन्य मतदाताले ध्यान पुऱ्याएको पाइएन । समीक्षाका सहभागी मध्ये २७ प्रतिशत सहभागीले मतदाता नामावली अद्यावधिक गर्ने स्थान, समय र प्रक्रिया सम्बन्धमा आम मतदाताको जानकारीका लागि पर्याप्त रूपमा सूचना प्रचार प्रसार नभएको प्रतिक्रिया दिएका छन् भने ६८ प्रतिशतले प्रचार प्रसार भएको जानकारी दिएका छन् ।

चित्र २

मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन हुने स्थान, समय र प्रक्रिया सम्बन्धमा आम मतदाताको जानकारीको लागि प्रचार प्रसार भएको थियो ?



- मतदाताको सजिलोका लागि नागरिकता प्रमाणपत्र लिँदाका बखतमा नै मतदाता नामावली दर्ता गर्न सकिने समेत व्यवस्था गरिएको थियो । त्यस्तै दुर्गम तथा पिछडिएका क्षेत्रमा मतदाता नामावली सङ्कलन गर्न घुम्ती टोली समेत परिचालन गरिएको थियो ।

- निर्वाचनका लागि मतदाता हुन योग्यता पुगेका कुनै पनि व्यक्ति नछुटुन् भन्ने हेतुले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन हुनु पूर्व वि. सं. २०७४ साल साउन १ गतेदेखि भदौ ४ गतेसम्म मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्ने कार्यक्रम सञ्चालन गरिएको थियो ।

- गुनासो सम्बोधनको लागि मतदाताको नाम, विवरण केन्द्रीय सर्भरबाटै रुजु गरी नाम फेला नपरेको वा नरहेको अवस्थामा के कारणले यसो हुन गएको हो भन्ने बारे जानकारी गराइएको थियो ।

- निर्वाचन आयोगबाट मतदाता नामावलीमा कसैको नाम दोहोरो परेको भए त्यस्तो नाम कानुन बमोजिम हटाउने गरिएकाले दोहोरो नाम दर्तामा उल्लेख्य कमी आएको थियो ।

- मतदाता परिचयपत्र मतदाता स्वयम् वा निजको एकाघरका परिवारका सदस्यले बुझिलिन सक्ने व्यवस्था आयोगले गरेकाले मतदाता परिचयपत्र दुरूपयोगको सम्भावना ज्यादै न्यून रहेको थियो ।

- फोटो सहितको मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले मतदाता परिचयपत्र नभएको अवस्थामा पनि सरकारी निकायबाट जारी गरिएको अन्य कुनै पनि आधिकारिक परिचयपत्रबाट मतदान गर्न पाउने व्यवस्था गरिएको थियो । मतदाता परिचयपत्र बाहेक अन्य परिचयपत्रको प्रयोगले मतदानमा सकारात्मक प्रभाव परेको भन्ने विषयमा समीक्षा कार्यशालाका सहभागीमध्ये ९१ प्रतिशत सहभागी सहमत भएको पाइएको छ ।

चित्र ३

मतदान गर्नका लागि मतदाता परिचयपत्र मात्रको प्रयोग नभई अन्य परिचयपत्र समेत प्रयोग गर्न पाउने निर्वाचन आयोगको निर्णयले मतदान कार्यमा सकारात्मक प्रभाव परेको थियो ?




## असल अभ्यास

- मतदाताको सही पहिचान गर्न फोटो सहितको मतदाता नामावलीको प्रयोग गरिएको, मतदान केन्द्रमा कर्मचारीले मतदाता परिचयपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र भिडाई मतदाताको पहिचान गर्ने व्यवस्था भएबाट वास्तविक मतदाताको पहिचान गर्न सहज भई नक्कली मतदाताबाट मतदान हुन सक्ने कार्य रोकिएको थियो ।
- फोटो सहितको मतदाता नामावली निर्वाचन आयोगको वेबसाइट तथा मोबाइल एपमा उपलब्ध भएकोले मतदाता स्वयंम्ले आफ्नो विवरण आफैं हेर्न पाएका थिए । यस व्यवस्थाले भने निर्वाचन प्रयोजनका लागि आयोग वा आयोगका कार्यालयमा मतदाता नामावली प्राप्त गर्न आउने राजनीतिक दल तथा उम्मेदवारको सङ्ख्यामा कमी आएको थियो ।

## अनुभव गरिएका मूलभूत समस्या

- मतदानको दिन केही मतदाताको विवरण फरक परेको वा मतदाता नामावलीमा नाम फेला नपरेको भन्ने गुनासो आएको थियो । स्थानीय तहको निर्वाचनमा मतदाता परिचयपत्र प्राप्त गरी मतदान समेत गरेका व्यक्ति र मतदाता नामावलीमा नामदर्ता गरी अधकट्टी समेत लिएका व्यक्तिको नाम समेत प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनका लागि तयार गरिएको मतदाता नामावलीमा

नाम नरहेको पाइएको थियो । समीक्षा कार्यशालाका कुल सहभागी मध्ये ६० प्रतिशतले मतदाता नामावलीमा नाम दर्ता भएका तर नामावलीमा नाम नभएका, दोहोरो पर्न गएका, मृत्यु भएकाको नाम नहटेको विषयलाई लिएर मतदानको दिन विवाद भएको थियो भन्ने जानकारी दिएका छन् । यसबाट मतदाता नामावलीलाई अझ बढी सही/वास्तविक बनाउनु जरुरी छ भन्ने सन्देश प्राप्त भएको छ ।

चित्र ४

मतदाता नामावलीमा दर्ता भएका तर मतदाता नामावलीमा नाम नभएको, दोहोरो पर्न गएको वा मृत्यु भएकाहरूको नाम नहटेको जस्ता विषयलाई लिएर मतदानको दिनमा कुनै विवाद भएको थियो ?




- निरन्तर रूपमा मतदाता दर्ता, विशेष दर्ता, घुम्ती दर्ता कार्यक्रम सञ्चालन गरिए पनि कतिपय मतदाताको नामावलीमा नाम समावेश हुन सकेको पाइएन । त्यस्तै, मतदाता नामावलीमा नाम दर्ता गरे पनि निर्वाचनको समयमा अन्तिम नामावलीमा तिनको नाम समावेश हुन सकेको पाइएन ।
- मृत्यु भएका व्यक्तिको नाम मतदाता नामावलीबाट हटाउने प्रभावकारी कानुनी संयन्त्र रहेको पाइएन । मृत्यु भएका व्यक्तिको नाम हटाउने दायित्व मुख्यतः सम्बन्धित परिवारका सदस्यमा रहेको भए पनि परिवारका सदस्यहरू यसरी नाम हटाउन प्रोत्साहित भएको देखिएन । यसले पनि मतदाता नामावली अद्यावधिक गर्न कठिनाइ भएको देखियो ।
- एउटै परिवारका विभिन्न सदस्यको मतदान स्थल समेत फरक फरक स्थानमा परेको थियो ।

- मतदाता नामावलीमा रहेको क्रमसङ्ख्या र परिचयपत्रको क्रमसङ्ख्या फरक पर्दा मतदान केन्द्र पहिचान गर्न समस्या भएको थियो ।
- आयोगबाट ढिलो गरी मतदाता नामावली प्रकाशन गरिएको कारणले मतदाताले मतदाता नामावलीको विवरणमा रहेको आफ्नो त्रुटि सच्याउने समय पाएनन् ।
- कतिपय मतदाताको मतदाता परिचयपत्रको विवरण (नाम, थर, जन्म मिति र फोटो) फरक परेको गुनासो प्राप्त भएको थियो भने कतिपयको मतदाता नामावलीमा दोहोरो नाम समावेश भएको पाइयो । समीक्षाका ४० प्रतिशत सहभागीले मतदाता परिचयपत्र वितरण गर्न तोकिएको अवधि र तरिका प्रभावकारी रहेको बताएका छन् भने ६० प्रतिशतले प्रभावकारी नरहेको बताएका छन् । भविष्यका निर्वाचनमा यस समस्यालाई राम्रोसँग सम्बोधन गरिनुपर्छ ।

चित्र ५

मतदाता परिचयपत्र वितरण गर्न तोकिएको अवधि र तरिका प्रभावकारी थियो ?




- मतदाता परिचयपत्र हराएमा त्यसको प्रतिलिपि उपलब्ध गराउने कानुनी व्यवस्था कतै पनि उल्लेख भएको पाइएन ।

## सुझावहरू

- विश्वसनीय निर्वाचन सम्पन्न गर्न फोटो सहितको मतदाता नामावलीको भूमिका अत्यन्त महत्वपूर्ण रहेको पुष्टि भैसकेको हुँदा प्रत्येक निर्वाचन अगाडि नै आवधिक रूपमा मतदाता नामावली अद्यावधिक गर्नु पर्ने । निर्वाचन आयोगले स्थानीय तह (गाउँपालिका/नगरपालिका) सँग समन्वय गरी मृत्यु भएकाको नाम हटाउने, मतदाताको औँठा छाप भिडाई दोहोरो परेको नाम हटाउने (de-duplication), बसाइ सराइ गरेका मतदाताको नामावली अद्यावधिक गर्ने, मतदाता विवरणमा रहेका त्रुटिहरू सच्याउने र नयाँ मतदाता नामावली दर्ता गर्ने कार्यका लागि सरकारले स्थानीय तहलाई निश्चित बजेट उपलब्ध गराई स्थानीय तहबाट नै मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने व्यवस्था सुरु गर्ने ।

- निर्वाचन व्यवस्थापन गर्ने निकायले मतदाता नामावलीको शुद्धता जाँच गर्ने अन्तर्राष्ट्रिय अभ्यास अनुरूप मतदाता नामावलीमा के कस्ता प्रकृतिका समस्याहरू रहेका छन् भन्ने थाहा पाउन निर्वाचन आयोगले सर्वेक्षण अध्ययन गर्ने र त्यसबाट प्राप्त सुझाव अनुरूप नामावलीलाई सही/वास्तविक (accurate) र तथ्यपरक बनाउने ।

- निर्वाचनमा मतदाता परिचयपत्र लगायत अन्य परिचयपत्रबाट पनि मतदान गर्न दिने निर्वाचन आयोगको निर्णयले मतदाता परिचयपत्रको औचित्यतालाई गौण बनाएको छ । मतदाता परिचयपत्रबाट मात्र मतदान गर्न पाउने व्यवस्था गर्ने वा कुनै पनि आधिकारिक परिचयपत्रबाट पनि मतदान गर्न दिने व्यवस्था गर्ने वा मतदाता परिचयपत्रलाई प्रस्तावित राष्ट्रिय परिचयपत्रसँग एकीकृत गरी उक्त राष्ट्रिय परिचयपत्रको मात्र प्रयोग गर्ने भन्ने विषयमा निर्वाचन आयोगले निर्णय गर्नु पर्ने देखिन्छ । मतदाता परिचयपत्रको नै प्रयोग गर्ने भए त्यसैलाई गुणस्तरीय र त्रुटिरहित बनाइनुपर्छ । फोटो सहितको मतदाता नामावली सही/वास्तविक (accurate) भएमा निर्वाचन आयोगले मतदाता परिचयपत्र छपाइ गर्ने सम्बन्धमा थप छलफल गरी निर्णयमा पुग्नु पर्ने देखियो ।

- मतदाता परिचयपत्र प्रयोगलाई अनिवार्य गराउने अवस्थामा निर्वाचनको मिति भन्दा कम्तीमा एक महिना अगावै मतदाताको हात हातमा परिचयपत्र पुग्ने गरी स्थानीय तह मार्फत वितरण गर्ने व्यवस्था मिलाउने । साथै, परिचयपत्र हराएमा वा नासिएमा जिल्ला निर्वाचन कार्यालय मार्फत परिचयपत्रको

प्रतिलिपि उपलब्ध गराउने व्यवस्था गर्ने विषयमा निर्वाचन आयोगले सोच्नु पर्ने देखिन्छ ।

- निर्वाचन आयोगले मतदाता नामावलीमा मतदानको दिनमा मतदान गर्न योग्य भएका अथवा १८ बर्ष उमेर पूरा हुने सबै मतदाताहरू समावेश गर्ने व्यवस्था मिलाउन वाञ्छनीय देखिन्छ ।
- मतदाता नामावली इन्टरनेटमा हेर्दा एक परिवारको एकै ठाउँमा हेर्न मिल्ने गरी व्यवस्था गर्ने ।
- विदेशमा रहेका योग्य मतदाताहरूले अनलाइन मार्फत मतदाता नामावलीमा नाम समावेश गर्ने प्रविधि अवलम्बन गर्नु पर्ने वा विदेश स्थित राजदूतावासमा डेस्क राखेर मतदाता नामावली सङ्कलन गर्ने व्यवस्था सुरु गर्ने व्यवस्था मिलाउनु पर्छ ।
- मतदाता नामावलीमा कोही नछुटुन् कोही नदोहोरिउन् भन्ने अभिप्रायले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिनु पर्छ ।

## २.३ मतदान केन्द्र पुनरावलोकन

- वि. सं. २०७३ साल फागुन २२ गते स्थानीय तहको सङ्ख्या ७४४ रहने गरी सरकारबाट निर्णय भएपछि मात्र वि. सं. २०७३ साल फागुन २७ गतेदेखि मतदान केन्द्र पुनरावलोकन प्रक्रिया प्रारम्भ गरिएको थियो र वि. सं. २०७४ साल वैशाख ५ गते मतदान केन्द्र पुनरावलोकन कार्य सम्पन्न भएको थियो ।
- सरदर १,००० मतदाताका लागि एउटा मतदान केन्द्र तोकिएको तर भौगोलिक अनुकूलताको आधारमा २३ जना मतदाताको लागि समेत आयोगले अलग्गै मतदान केन्द्रको व्यवस्था गरेको थियो ।
- प्रत्येक वडामा कम्तीमा एउटा मतदान केन्द्र रहेको थियो । स्थानीय तह निर्वाचनमा मुलुकभरमा १०,६४२ मतदान स्थलमा १८,५७३ मतदान केन्द्र रहेका थिए । प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा करिब १४ लाख मतदाता थपिएको समेतको कारणले २९ मतदान स्थल र १,२५३ मतदान केन्द्र थप भई क्रमशः १०,६७१ मतदान स्थलमा १९,८०९ मतदान केन्द्र रहेका थिए ।
- मतदान स्थल निर्धारण गर्दा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लास्थित स्थानीय तहका राजनीतिक दलहरू सहितको **मतदान स्थल**

**पुनरावलोकन समिति** मार्फत गर्ने गरिएको थियो । शान्ति सुरक्षा र भौतिक पूर्वाधारको कारणले केही मतदान स्थल परिवर्तन समेत भएका थिए ।

## असल अभ्यास

- अपाङ्ग मैत्री मतदान केन्द्र निर्माणको काममा क्रमशः वृद्धि हुँदै गएको छ । यस कार्यले अपाङ्गता भएका व्यक्तिहरूमा सकारात्मक प्रभाव परेको देखिएको छ ।

## अनुभव गरिएका मूलभूत समस्या

- स्थानीय तहको सङ्ख्या र सिमाना पटक पटक हेरफेर भइरहँदा आयोगले तदनुरूप मतदान केन्द्र समेत पुनरावलोकन गर्नु परेको थियो ।

- मतदान केन्द्र तोक्दा स्थलगत निरीक्षण नगरी पूर्वाधार नभएको, खुला स्थान, साँघुरा भवन तथा अपायक स्थानमा मतदान स्थल तोकिदा विभिन्न किसिमका समस्या देखिएका थिए । एउटै मतदान स्थलमा धेरै वटा मतदान केन्द्र हुँदा मतदान व्यवस्थापनमा समेत समस्या परेको थियो ।

  उदाहरणका लागि कैलाली जिल्लाको वीरेन्द्र माध्यमिक विद्यालय, टिकापुरलाई लिन सकिन्छ जहाँ ११,४१३ मतदाताका लागि एउटै मतदान स्थलमा १२ वटा मतदान केन्द्र राखिएका थिए ।

- निर्वाचन कार्यक्रम सार्वजनिक भएपछि मतदान केन्द्र परिवर्तन गर्न कानुन बमोजिम नमिल्ने तर निर्वाचन अधिकृत र राजनीतिक दल समेतको निर्णयमा मतदान केन्द्र परिवर्तन गर्न सकिने व्यवस्था बिरोधाभाषपूर्ण देखिन आयो । यसले मतदान केन्द्र तोक्ने काममा पछिसम्म समस्या ल्याइरह्यो ।

## सुझावहरू

- मतदान स्थल पुनरावलोकन समितिले स्थलगत अवलोकन तथा निरीक्षण गरेर पर्याप्त पूर्वाधार र स्थानको पर्याप्ततालाई ध्यानमा राखी स्थानीय राजनीतिक तहसँग समन्वय गरेर मतदान स्थल तोक्ने, बस्तीभन्दा टाढा रहेका मतदान केन्द्रलाई बस्ती नजिक कायम गर्ने ।

- Global Positioning System (GPS) ले मतदान स्थलको अवस्थिति पत्ता लगाउन सहयोग गर्ने भएकोले सबै मतदान केन्द्रको मौजुदा GPS को सूचना

अद्यावधिक गरी आयोगको Geographical Information System (GIS) Database मा राख्ने ।

- मतदान स्थल निर्धारण गर्दा उपयुक्त भौतिक संरचना रहेको र सबै मतदातालाई पायक पर्ने स्थानमा राख्ने । साथै, खुला स्थानको मतदान केन्द्रमा समयमै पाल वा अन्य वैकल्पिक व्यवस्था गर्नु पर्ने र आयोगले सो प्रयोजनका लागि बजेट उपलब्ध गराउनु पर्ने ।
- आगामी निर्वाचनका लागि मतदान केन्द्र पुनरावलोकनको कार्य स्थानीय तहका राजनीतिक दल एवं सरोकारवालाहरूको सिफारिशमा निर्वाचन हुनुभन्दा कम्तीमा ६ महिना अगावै सम्पन्न गर्ने गरी व्यवस्था मिलाउनु पर्ने ।
- एकै स्थलमा धेरै केन्द्रहरू नरहने गरी र मतदातालाई पायक पर्ने गरी मतदान स्थल/केन्द्र निर्धारण गर्ने ।
- सुरक्षाको दृष्टिकोणले हाल मतदान केन्द्रलाई अति संवेदनशील, संवेदनशील तथा सामान्य भनी वर्गीकरण गर्ने गरिएकोमा सबै मतदान केन्द्रलाई उत्तिकै संवेदनशील रूपमा लिइनु पर्ने ।

## २.४ राजनीतिक दल दर्ता

- सङ्गठन प्रयोजन र निर्वाचन प्रयोजनका लागि दल दर्ता हुने व्यवस्था अनुरूप निर्वाचन आयोगमा सङ्गठन प्रयोजनको लागि १३६ राजनीतिक दल दर्ता भएका थिए भने स्थानीय तह निर्वाचन प्रयोजनको लागि विभिन्न ८० राजनीतिक दल दर्ता भएका थिए । तत्काल व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व रहेका २७ राजनीतिक दलले दलको निर्वाचन चिह्न र अरू दलले स्वतन्त्र निर्वाचन चिह्न पाएका थिए । प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ ९१ र समानुपातिक निर्वाचन प्रणाली तर्फ ८८ वटा राजनीतिक दल दर्ता भएका थिए । प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि समानुपातिक निर्वाचन प्रणाली तर्फ प्रदेश नं. १ देखि ७ मा क्रमशः ८७, ८६, ८६, ८२, ८४, ८२ र ८३ राजनीतिक दल दर्ता भएका थिए ।

### असल अभ्यास

- राजनीतिक दलको नियमनका लागि छुट्टै कानुनको रूपमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ रहेको छ । सो ऐनले सम्बन्धित दलको विधानमा

उल्लेख भए अनुसारको समयभित्र महाधिवेशन सम्पन्न गरेमा मात्र दलीय हैसियत कायम रहने व्यवस्था गरेको छ ।

## अनुभव गरिएका मूलभूत समस्या

- राजनीतिक दलले समयमा नै उम्मेदवारको निर्णय गर्न नसक्दा मध्यरातसम्म पनि उम्मेदवारको मनोनयन दर्ताको कार्य सञ्चालन गर्नु परेको थियो । प्रदेश सभा र प्रतिनिधि सभाको समानुपातिक निर्वाचनका लागि उम्मेदवारी दिने समयभन्दा केही दिनअघि मात्र निर्वाचन नियमावली स्वीकृत भएकोले राजनीतिक दललाई समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारी मनोनयन गर्न अन्योल भएको थियो । समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधित्व गर्ने समूह तथा निर्वाचन प्रक्रियाको सम्बन्धमा राजनीतिक दल पूर्ण जानकार नहुँदा उम्मेदवारको अन्तिम बन्द सूची तयार गर्न समस्या भएको र त्यस्तो सूची पटक पटक संशोधन समेत गर्नु परेको थियो ।

- निर्वाचन आयोगले राजनीतिक दललाई दलीय हैसियतमा दर्ता गरी चिह्न प्रदान गरेको भए तापनि निर्वाचन प्रयोजनका लागि पुनः दल दर्ता गर्नु पर्ने संवैधानिक प्रावधान अनुरूप पुनः दल दर्ता गर्दा तत्काल संविधान सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल बाहेकका अन्य दलका उम्मेदवारलाई स्वतन्त्र उम्मेदवारको हैसियतमा मात्र निर्वाचन चिह्न प्रदान गरिएको विषयलाई केही नयाँ राजनीतिक दलहरूले असन्तुष्टि जनाएका थिए ।
- निर्वाचनका लागि राजनीतिक दल दर्ता गर्नु पर्ने व्यवस्थाले गर्दा निर्वाचनमा सहभागी हुने दलको सङ्ख्या अनुसार आयोगले मतपत्र डिजाइन गरको थियो । तर, निर्वाचनमा उम्मेदवारी दिँदा सबै दलले विशेषतः स्थानीय तह तथा प्रदेश र प्रतिनिधि सभाको समानुपातिक निर्वाचनमा उम्मेदवारी नदिएकोले मतपत्रको आकार ठुलो हुन गएको र निर्वाचन चिह्नहरू खाली रहन गएका थिए ।
- निर्वाचन चिह्न वितरण र मतदानको दिनको बीचको अवधि अत्यन्तै कम रहेकोले उम्मेदवारलाई प्रचार प्रसारको लागि पर्याप्त समय नभएको हुँदा साना दल तथा स्वतन्त्र उम्मेदवारलाई प्रभावित गरेको थियो । विशेषतः चुनाव चिह्न वितरणपछि मात्र आफ्नो चिह्न थाहा पाउन सक्ने उम्मेदवारहरू बढी प्रभावित भएको पाइयो । तर, पहिले नै निर्वाचन चिह्न निश्चित भएका राजनीतिक दलका उम्मेदवारले निर्वाचन चिह्न वितरण पूर्व

नै प्रचार प्रसार सुरु गरेका थिए । यसबाट सबै दल वा उम्मेदवारलाई निर्वाचन प्रचार प्रसारमा समान अवसर प्राप्त हुन सकेको देखिएन ।

- उम्मेदवारीको मनोनयनपत्र दर्ता गर्न आउने उम्मेदवारहरू उम्मेदवारीका क्रममा आवश्यक पर्ने कागजात नलिई आवेदन गर्न आउँदा उम्मेदवारी मनोनयन प्रक्रिया थप ढिलो र अव्यवस्थित हुन पुगेको थियो ।
- राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को प्रावधान अनुसार दलको केन्द्रीय कार्यालय लगायत सबै तहका समितिमा एक तिहाइ महिला प्रतिनिधित्व हुनु पर्ने प्रावधान कार्यान्वयन भएको देखिएन ।
- कानुनी रूपमा दल दर्ता प्रक्रिया ज्यादै नै खुकुलो बनाइएका कारण एउटा परिवार मात्रले पनि दल दर्ता गर्न सक्ने अवस्था रहेको देखिन आयो ।
- राष्ट्रिय स्तरका राजनीतिक दल बाहेकका अन्य दलले दल दर्ता गर्न पहिलो बन्नका लागि अनावश्यक प्रतिस्पर्धा गर्ने प्रवृत्ति व्यवहारमा देखियो ।
- निर्वाचनका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्राप्त हुने सुविधा प्राप्तिको हिसाबले राजनीतिक दल दर्ता हुने वा उम्मेदवार मनोनयन गरिने गरेको अवस्था देखियो ।

## सुझावहरू

- निर्वाचन आयोगले राजनीतिक दलको केन्द्रीय समिति लगायत सबै तहका समितिमा एक तिहाइ महिला प्रतिनिधित्व तथा समावेशी समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्न पहल गर्ने ।
- राजनीतिक दलहरूले समयमा नै महाधिवेशन गरे नगरेको विषय निर्वाचन आयोगले अनुगमन गर्ने व्यवस्था गरी राजनीतिक दल नियमन सम्बन्धी आवश्यक व्यवस्था कानुनमा नै उल्लेख हुनु पर्ने ।
- नयाँ राजनीतिक दल दर्ता गर्दा हस्ताक्षर सङ्कलन सम्बन्धी प्राप्त सुझाव बाझिएको छ । "नयाँ दल दर्ता गर्दा हस्ताक्षर गर्नेले आफ्नो नागरिकताको प्रमाणपत्र वा आफ्नो मतदाता परिचयपत्रको पछाडि दल दर्ता गर्न सहमत छु भनी हस्ताक्षर गर्ने व्यवस्था गराउने" तथा "निर्वाचनमा प्राप्त मतले नै राजनीतिक दलको हैसियत छर्लङ्ग हुने हुँदा राजनीतिक दल दर्ताका लागि हस्ताक्षरको व्यवस्था राख्न जरुरी नहुने" भनी दुवै किसिमका सुझाव प्राप्त भएका छन् । यस सम्बन्धमा थप छलफल गरी निष्कर्षमा पुग्नु पर्ने देखिन्छ ।

- राष्ट्रिय दल बाहेक अन्य दललाई निर्वाचन चिह्न वर्णानुक्रम अनुसार दिने कि ? राजनीतिक दलको नाम र चुनाव चिह्न उस्ता उस्तै झुक्किने गरी नदिने (उदाहरणका लागि गाई चिह्न र गोरु चिह्न) एक अर्कासँग फरक देखिने गरी प्रदान गर्ने ।
- आयोगले राजनीतिक दल दर्ता गर्दा प्रविधिको प्रयोग गरी अनलाइन दर्ता कार्यलाई मान्यता दिने ।
- भविष्यका निर्वाचनहरूमा राजनीतिक दल तथा उम्मेदवारलाई मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्ने तथा नागरिक एवं मतदाता शिक्षा प्रदान गर्ने कार्यमा जिम्मेवार बनाउने ।

## २.५ निर्वाचन प्रचार प्रसार र आचार संहिता अनुगमन

- समग्रमा राजनीतिक दलका कार्यकर्ता वा उम्मेदवार निर्वाचनको प्रचार प्रसारको लागि निर्वाध रूपमा मतदाता माझ जाने, आफ्ना कुराहरू निर्धक्कसँग अभिव्यक्त गरी निर्वाचनको प्रचार प्रसार गर्ने तथा सभा सम्मेलन गर्ने वातावरण रहेको, मतदाताहरू बिना कुनै डर, धम्की निर्वाचनमा सहभागी भई आफूले चाहेको उम्मेदवार वा दललाई मतदान गर्न सक्ने सहज वातावरण रहेको । समीक्षाका सहभागीहरूलाई यस सम्बन्धमा सोधिएको प्रश्नावलीको जवाफमा कुल ७६ प्रतिशतले राम्रो वातावरण रहेको भनेका छन् भने १९ प्रतिशतले सामान्य भनेका छन् । नराम्रो भन्ने सहभागी ५ प्रतिशत मात्र रहेको देखिँदा यसलाई सकारात्मक रूपमा लिन सकिन्छ ।
- छोटो समयावधिमा निर्वाचन सम्पन्न गर्नु पर्ने भएकोले स्थानीय तहको निर्वाचनमा प्रचार प्रसारका लागि १० दिन भन्दा कम समय उपलब्ध भएको । तर, प्रदेश र संघीय संसद्को निर्वाचनका लागि एक महिनाको समय उपलब्ध भए पनि केही छिटफुट हिंसात्मक तथा विस्फोटनका घटनाले समेत प्रभावित पारेको । उपलब्ध समयावधि पर्याप्त थियो वा थिएन भनी सोधिएको प्रश्नमा समीक्षा कार्यक्रमका ५८ प्रतिशत सहभागीले समयावधि पर्याप्त थियो भनेका छन् भने ३४ प्रतिशतले पर्याप्त थिएन भन्ने उत्तर दिएको पाइयो । विशेषतः प्रदेश नं. ३ र ४ का सहभागी मध्ये झन्डै ५० प्रतिशतले पर्याप्त थिएन भनेका छन् । ती सहभागीले स्थानीय तह निर्वाचन प्रचार प्रसारका लागि उपलब्ध १० दिनको समयावधिलाई इङ्गित गर्न खोजेको हुन सक्दछ ।

- आयोगबाट निर्वाचनलाई स्वच्छ, स्वतन्त्र रूपमा सम्पन्न गर्न निर्वाचन आचार संहिता, २०७२ का साथै स्थानीय तह निर्वाचन र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि थप विशिष्ट प्रकृतिको आचार संहिता समेत जारी भएको थियो ।
- आयोगमा आचार संहिता उल्लङ्घनको विषयमा स्थानीय तहको निर्वाचनको सन्दर्भमा ४१ वटा र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको सन्दर्भमा २५ वटा उजुरी प्राप्त भएका थिए । सबै उजुरी उपर आयोगबाट आवश्यकता अनुसार कारवाही वा सम्बोधन भएको थियो ।
- निर्वाचन आयोगले निर्वाचनका विभिन्न सरोकारवालाहरूको लागि एकीकृत निर्वाचन आचार संहिता कार्यान्वयनमा ल्याएको थियो । विगतका निर्वाचनको तुलनामा आचार संहिताको कार्यान्वयनको पक्षमा पनि क्रमिक रूपमा सुधार हुँदै गएको पाइएको छ - उदाहरणको लागि, २०७४ साल कार्तिक-मङ्सिरमा भएको प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा २०७४ साल वैशाख-असोजमा भएको स्थानीय तहको निर्वाचनको तुलनामा निर्वाचन आचार संहिता बढी मात्रामा अनुसरण भएको पाइयो । पछिल्ला निर्वाचनहरूमा तुलनात्मक हिसाबले थोरै सङ्ख्यामा भित्ते पोस्टरहरू टाँसेको, माईकिङ, ब्यानरहरू बन्देज गरिएका प्रचार प्रसारका सामग्रीहरूको प्रयोगमा कमी भएको देखियो । विगतका तुलनामा पछिल्ला निर्वाचनमा राजनीतिक दलहरू बीचमा आचार संहिता उल्लङ्घन गरेको आरोप प्रत्यारोपहरू पनि निकै कम पाइयो र निर्वाचन प्रचार प्रसारको शैलीमा समेत परिवर्तन भएको देखिएको थियो ।

## अनुभव गरिएका मूलभूत समस्या

- निर्वाचनमा राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आयोगले निर्वाचन प्रचार प्रसारका लागि तोकेको खर्च सीमालाई अवलम्बन गरेको देखिएन । निर्वाचन प्रचार प्रसार अभियानको क्रममा भएको खर्चको पारदर्शी अभिलेखका लागि बैङ्क खाता खोलेको पाइएन । उम्मेदवारले खर्चको विवरण निर्वाचनको अन्तिम नतिजा प्रकाशन भएको मितिले ३० दिनभित्र पेश गर्नु पर्ने कानुनी व्यवस्था भए पनि व्यवहारमा पूर्ण रूपमा लागु हुन नसकेको, दल वा उम्मेदवारले तोकिएको हदभन्दा बढी खर्च गर्ने गरेको र खर्चको हद उल्लङ्घन भएको गुनासाहरू आएका थिए । साथै, कतिपय उम्मेदवार र त्यसमध्ये पनि पराजित उम्मेदवारहरू खर्चको विवरण पेश गर्ने तर्फ उदासीन रहेको पाइयो ।

- निर्वाचन आचार संहिता उल्लङ्घनमा कारबाही गर्न निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, अनुगमनकर्ता, मतदान अधिकृतलाई समेत विभिन्न अधिकार रहेको भए तापनि निर्वाचन आयोगले आचार संहिताको गम्भीर रूपमा उल्लङ्घन गर्ने दल, उम्मेदवार वा व्यक्तिलाई पनि कुनै पनि दण्डात्मक कारवाही गरेको पाइएन । फलस्वरूप आचार संहिता उल्लङ्घनको घटनामा वृद्धि भएको गुनासो आयो ।
- निर्वाचनको एउटा महत्वपूर्ण पाटोको रूपमा रहेको निर्वाचन आचार संहिताको कार्यान्वयन अवस्था कस्तो थियो भनी सोधिएको प्रश्नको जवाफमा समीक्षाका सहभागीमध्ये केवल २ प्रतिशतले मात्र अति प्रभावकारी र ३७ प्रतिशतले प्रभावकारी भनेका छन् भने १० प्रतिशतले अति कमजोर र ४६ प्रतिशतले कमजोर (चित्र ६) भनेका छन् । यसबाट निर्वाचन आचार संहिता कार्यान्वयनको अवस्था कमजोर थियो भन्ने स्पष्ट देखिएको छ । त्यस्तै, आचार संहिताको कार्यान्वयन गराउन आयोगले निर्वाह गरेको भूमिकाका सम्बन्धमा कुल ५० प्रतिशत सहभागीले कमजोर रहेको भनेका छन् र कुल ४६ प्रतिशतले मात्र प्रभावकारी रहेको (चित्र ७) बताएका छन् । यसले आचार संहिता कार्यान्वयन गराउन आयोगको भूमिका अझै सुदृढ र सशक्त हुनु पर्ने सन्देश दिएको छ । निर्वाचन आचार संहिताको उल्लङ्घन गर्नेमा सबैभन्दा बढी राजनीतिक दल ७३ प्रतिशत र त्यसपछिको उल्लङ्घनकर्तामा उम्मेदवार २२ प्रतिशत देखिएका छन् । सहभागीमध्येका ४ प्रतिशत सहभागीले चाहिँ सरकारलाई मुख्य उल्लङ्घनकर्ताको रूपमा (चित्र ८) लिएका छन् ।

चित्र ६

निर्वाचन आचार संहिता कार्यान्वयनको अवस्था कस्तो रहयो ?



चित्र ७

निर्वाचन आचार संहिता कार्यान्वयन गराउन आयोगको भूमिका कस्तो रहेको थियो ?




चित्र ८

निर्वाचन आचार संहिताको उल्लङ्घन सबैभन्दा बढी कसले गरेको थियो भन्ने लाग्छ ?




- निर्वाचन आचार संहिता अनुगमन सम्बन्धी व्यवस्थालाई नैतिक रूपमा मात्र सीमित राखिएकोले दण्डनीय बनाउन नसकिएको अवस्था देखियो ।

- निर्वाचन प्रचार प्रसारमा तोकिएको समय सीमाको पालना नगरिएको र मौन अवधिको पनि दुरूपयोग भएको पाइयो ।

## सुझावहरू

- निर्वाचन आयोगले निर्वाचन आचार संहिताको अनुगमन तथा कार्यान्वयनको लागि कानुन तथा आवश्यक संयन्त्रको निर्माण गरी आचार संहिता उल्लङ्घनकर्ताका विरुद्धमा कडा कारबाही गर्ने । यदि निर्वाचन आयोगलाई कानुनी अधिकार पर्याप्त छैन भने निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३ नै संशोधन गर्न गराउन प्रयास गर्ने ।

- आचार संहिता उल्लङ्घनमा हुने सजायलाई निर्वाचन (कसुर तथा सजाय) ऐनमा उल्लेख गरिनु पर्ने । आचार संहिता उल्लङ्घनमा हुने दण्ड सजायको कारबाही केन्द्रबाट नै सुरु गर्नु पर्ने ।
- उम्मेदवारको निर्वाचन खर्चलाई पारदर्शी बनाउन आयोगले थप संयन्त्र बनाउनु पर्ने । आचार संहिताको उल्लङ्घनमा राजनीतिक दलको केन्द्रीय संरचनालाई जिम्मेवार बनाउने ।
- निर्वाचन प्रचार प्रसार र आचार संहिता अनुगमन गरी उल्लङ्घन भएमा उम्मेदवारी समेत खारेज गर्ने कानुनी व्यवस्थालाई कार्यान्वयनमा ल्याउने ।
- निर्वाचन आचार संहिताको अनुगमन तथा कारवाहीको अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई दिने गरी कानुनी व्यवस्था हुनु पर्ने ।
- निर्वाचन आयोगले निर्वाचनको प्रचार प्रसारको शैलीमा परिवर्तन गरी उम्मेदवारलाई एउटै संयुक्त मञ्चमा ल्याई आआफ्ना चुनावी मुद्दा मतदाता समक्ष राख्ने परिपाटीको विकास गर्न प्रयास गर्ने ।
- राजनीतिक दल वा उम्मेदवारले केन्द्रदेखि स्थानीय तहसम्म आफ्नो निर्वाचन प्रचार प्रसार समिति र निर्वाचन आचार संहिता अनुगमन समिति बनाई निर्वाचन आयोगसँग समन्वय गर्ने ।
- निर्वाचन खर्चको हद उल्लङ्घन गर्ने उम्मेदवारको निर्वाचन परिणाम बदर गरी सम्बन्धित दललाई कारवाही गर्ने । उम्मेदवारबाट बढी खर्च हुनुको मूल कारण राजनीतिक दलले उम्मेदवारलाई चुनावी खर्च प्रदान गर्नु नै हो । तर दलले त्यस्तो आर्थिक स्रोत कसरी जुटाउँछ भन्ने पारदर्शी संयन्त्र नभएकाले त्यसलाई पारदर्शी बनाउने संयन्त्रको विकास गर्नु पर्ने ।

- निर्वाचन प्रचार प्रसारमा विदेशी नम्बर प्लेटका सवारी साधनको प्रयोगलाई निषेध गर्नु पर्ने ।
- निर्वाचन आचार संहितामा उल्लेख गरिएका तर पालना गर्न कठिन हुने प्रावधान हटाई समय सापेक्ष बनाइनु पर्ने । उदाहरणका लागि, निर्वाचन प्रचार प्रसार खर्च व्यावहारिक बनाउन खर्चको सीमा वृद्धि गर्नु पर्ने तथा टि सर्ट, क्याप, रङ्गीन पोस्टर जस्ता सामग्रीको प्रयोगलाई कि त अनुमति दिइनु पर्ने, कि त टि सर्ट, क्याप लगाई प्रचार प्रसारमा संलग्न हुने व्यक्तिलाई नै कारबाही गर्ने कानुनी व्यवस्था गर्नु पर्ने ।
- सरकारबाट हुने आचार संहिता उल्लङ्घनमा निर्वाचन आयोगले कारवाही गर्न आवश्यक पर्ने कानुनी अधिकारका लागि अविलम्ब पहल गर्नु पर्ने ।

## २.६ मतदाता शिक्षा

- निर्वाचन आयोगले निर्वाचनका क्रममा मतदाता शिक्षा नीति तर्जुमा गरी रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन, घर दैलो कार्यक्रम, सडक नाटक, नमुना मतदान लगायतका कार्यक्रम सञ्चालन गरेको थियो ।
- प्रत्येक मतदान केन्द्रमा एक जना निर्वाचन शिक्षा कार्यकर्ता (निशिका) वा मतदाता शिक्षा स्वयं सेवक परिचालन गर्ने नीति अनुरूप स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा सदस्य निर्वाचनमा आयोगले मुलुकभर करिब २० हजार निर्वाचन शिक्षा कार्यकर्ता तथा मतदाता शिक्षा स्वयं सेवक परिचालन गरी ती स्वयं सेवक मार्फत मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो ।
- मतदाता शिक्षा भिडियो तथा एनिमेशनहरू उत्पादन गरी सामाजिक सञ्चारमा अपलोड पनि गरिएको थियो जुन क्रियाकलाप मतदातालाई मतदानको बारेमा शिक्षा दिन प्रभावकारी भएको पाइएको थियो । मतदाता शिक्षा सामग्रीहरू टेलिभिजन, रेडियो जिंगलहरूमा १७ वटा स्थानीय भाषामा उत्पादन गरिएको थियो । निर्वाचन आयोगले नेपालमा नै पहिलो पटक प्रदेश सभा तथा प्रतिनिधि सभाको निर्वाचनको समयमा मतदाता शिक्षाको लागि गैर सरकारी संस्थाहरूलाई परिचालन गरेको थियो । विभिन्न स्थानीय पत्र पत्रिका तथा सामुदायिक रेडियो मार्फत स्थानीय भाषामा मतदाता शिक्षा प्रदान गरिएको थियो ।
- समीक्षा कार्यक्रमका झन्डै ५७ प्रतिशत सहभागीले वि. सं. २०७४ सालमा सम्पन्न भएका विभिन्न तहको निर्वाचनमा कार्यान्वयन गरिएको मतदाता

शिक्षा कार्यक्रमलाई अपर्याप्त मानेका छन् भने ३६ प्रतिशतले ठिकै मानेका छन् । प्रदेशगत रूपमा प्रदेश नं. २, ३ र ७ मा करिब ५७ प्रतिशतले अपर्याप्त मानेका छन् (चित्र ९) । यसबाट ती प्रदेशमा मतदाता शिक्षा कार्यक्रम प्रभावकारी नरहेको बुझिन्छ । मतदाता शिक्षा पर्याप्त थियो भन्ने सहभागीको सङ्ख्या २ प्रतिशत मात्र रहेकोले पनि भविष्यमा मतदाता शिक्षामा विशेष ध्यान दिनु पर्ने सन्देश प्राप्त भएको छ । त्यस्तै, मतदाता शिक्षाको अनुगमन संयन्त्र ७० प्रतिशतले अप्रभावकारी भनेका छन् (चित्र १०) । प्रदेश नं. १ र ४ मा यो प्रतिशत ८५ प्रतिशतभन्दा बढी रहेको छ । यस परिणामले के देखाउँछ भने निर्वाचन आयोगले भविष्यमा हुने मतदाता शिक्षाका लागि थप प्रभावकारी संयन्त्रको विकास गर्नु पर्ने हुन्छ ।

चित्र ९

मतदाता शिक्षाको अवस्था कस्तो थियो ?



चित्र १०

मतदाता शिक्षाको अनुगमन संयन्त्र कस्तो थियो ?




- मतदाता शिक्षामा प्रयोग गरिएका प्रचार प्रसार माध्यममा सबैभन्दा बढी प्रभावकारी माध्यमको रूपमा रेडियो ४५ प्रतिशत सहभागीको पहिलो रोजाइमा पर्न गयो । त्यसपछि २६ प्रतिशतले टेलिभिजनलाई आफ्नो रोजाइमा अगाडि सारे । यसपछि पोस्टर २० प्रतिशतको रोजाइमा परेको देखियो । यसर्थ निर्वाचन आयोगले भविष्यमा मतदाता शिक्षाको रणनीति तयार गर्दा यस तथ्यलाई पनि विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

चित्र ११

मतदाता शिक्षाका लागि प्रयोग गरिएका निर्वाचन प्रचार प्रसारका माध्यममध्ये सबैभन्दा बढी प्रभावकारी माध्यम कुन रहेको थियो ?



## अनुभव गरिएका मूलभूत समस्या

- सीमित समय सीमाका कारण जिल्ला स्तरको मतदाता शिक्षा तालिम सञ्चालनका लागि स्रोत सामग्री व्यवस्थापन गर्न कठिन भएको थियो । त्यस्तै, निर्वाचन शिक्षा कार्यकर्ता (निशिका) तथा मतदाता शिक्षा स्वयं सेवकले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक हुने सामग्री समयमै प्राप्त गर्न नसक्दा मतदाता शिक्षा कार्यक्रम नै प्रभावित हुन गएको थियो ।

- निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रम प्रत्येक घर दैलोसम्म पुग्ने योजना सार्वजनिक गरे पनि समयाभावका कारणले टोल टोलसम्म मात्र सञ्चालन गर्नु परेको थियो । जसले केही मतदातामा नैराश्यता ल्याएको थियो ।

- प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा मात्र मतदाता शिक्षामा लगभग एक अरब रूपैयाँ खर्च भएको थियो । यस हिसाबलाई दृष्टिगत गर्दा बदर मत सङ्ख्याको तुलनामा मतदाता शिक्षा कार्यक्रममा भएको खर्च प्रभावकारी भएको देखिएन ।

- निर्वाचन प्रचार प्रसार अभियानको अवधिमा, राजनीतिक दल तथा उम्मेदवारले पनि आफ्ना मतदातालाई कसरी सही ढङ्गले मतपत्रमा मत सङ्केत गर्ने भनेर सिकाउने/बुझाउने गरेको पाइएन ।

- मतदाता शिक्षा कार्यक्रम एक त ढिला सुरु भयो र अर्को, त्यसका लागि समयावधि पनि कम रह्यो ।

- मतदाता शिक्षा स्वयंसेवकमा स्वतन्त्र व्यक्तिहरू नियुक्त हुन सकेनन् । तिनलाई विभिन्न राजनीतिक दलसँगको आबद्धताको आरोप लाग्यो । अर्कोतिर मतदाता शिक्षा अनुगमन संयन्त्र एकदम फितलो रहन पुग्यो ।

- कतिपय स्थानमा मतदाता शिक्षा स्वयंसेवक आफैँ पनि विषय वस्तुप्रति त्यति स्पष्ट हुन नसकेको र सञ्चालन गरिएका तालिम अवधि पनि अपर्याप्त भएका कारण प्रशिक्षण प्रभावकारी हुन नसकेको अनुभूति भयो । उनीहरूले पोस्टर टाँस्ने कामलाई मात्र मतदाता शिक्षाको रूपमा लिएको पाइयो ।

- मतदाता शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन तथा सुपरीवेक्षण गर्ने संयन्त्र प्रभावकारी हुन सकेन ।

- स्थानीय स्तरमा मतदाता शिक्षा सामग्री ढिलो प्राप्त भयो । कुरियरबाट पठाएको निर्वाचन शिक्षा सामग्री समयमा उपलब्ध हुन सकेन । साथै, केन्द्रबाट मतदाता शिक्षा सामग्री स्थानीय स्तरमा पठाउँदा प्रयोग नहुने स्थानीय भाषाका मतदाता शिक्षा सामग्री पनि पठाएको देखियो ।

  **जस्तो** : प्रदेश नं. २ का जिल्लामा पनि राई, लिम्बु भाषाका सामग्री पठाइएको थियो ।

## सुझावहरू

- आयोगले वि. सं. २०७४ सालमा सम्पन्न निर्वाचनमा सञ्चालन भएको विभिन्न मतदाता शिक्षा कार्यक्रमको दक्षता र प्रभावकारिता सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गरी आगामी निर्वाचनमा सञ्चालन गरिने मतदाता शिक्षा कार्यक्रमको रणनीति तयार गरी कार्यान्वयन गर्ने ।
- निर्वाचन आयोगले निर्वाचन प्रक्रियामा जनचेतना अभिवृद्धि गर्न र भविष्यमा हुने निर्वाचनमा महिलाको उम्मेदवारी बढाउनका लागि स्थानीय तहलाई परिचालन गर्न प्रयास गर्ने ।
- मतदाता शिक्षाको लागि शिक्षा मन्त्रालय, संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयहरूको समन्वय र तिनीहरूको सामाजिक परिचालकहरूको प्रयोग गरेर नागरिक तथा मतदाता शिक्षा प्रदान गर्ने । शिक्षा मन्त्रालयसँग समन्वय गरी माध्यमिक तहको विद्यालयको पाठ्यक्रममा निर्वाचन शिक्षा समावेश गर्ने, निर्वाचन क्रियाकलापमा युवा, महिला तथा बहिष्कृत भनिएका समुदायका व्यक्तिलाई सामेल गर्ने । निर्वाचन शिक्षालाई विद्यालय शिक्षासँग जोडी विद्यालयको पाठचक्रममा समावेश गरिनु पर्ने ।
- जिल्लादेखि स्थानीय वडा स्तरमा भएको समितिले गर्ने अनुगमन प्रभावकारी बनाउनु पर्ने । मतदाता शिक्षामा गैर सरकारी संघ संस्थाहरूलाई समेत परिचालन गर्ने र निर्वाचन आयोगले केन्द्र र जिल्ला तहमा प्रभावकारी संयन्त्र बनाई अनुगमन गर्ने व्यवस्था गर्ने । जिल्ला स्तरको अनुगमन संयन्त्रमा जिल्ला निर्वाचन कार्यालय र राजनीतिक दललाई समेत प्रयोग गर्नु पर्ने ।
- निर्वाचन शिक्षा कार्यकर्ता र मतदाता शिक्षा स्वयं सेवक नियुक्त गर्दा निष्पक्ष र सक्षम व्यक्तिको छनोट गर्नु पर्ने । सामाजिक परिचालक, स्वास्थ्य स्वयंसेविका, पूर्व प्राथमिक बाल शिक्षिकाको दोहोरो जिम्मेवारी हुने भएकोले सोको समेत व्यवस्थापन गर्नु पर्ने ।

- निर्वाचन कार्यक्रम तालिका प्रकाशन हुनासाथ मतदाता शिक्षा प्रारम्भ गर्नु पर्ने र त्यसका लागि पर्याप्त समयावधि छुट्याउनु पर्ने ।
- स्थानीय सञ्चार माध्यमको प्रभावकारी परिचालन गरिनु पर्ने ।
- मतदाता शिक्षा स्वयंसेवकलाई स्पष्ट र पर्याप्त हुने गरी तालिम सञ्चालन गर्नु पर्ने । मतपत्रकै कारण मतदातालाई अन्योल नहुने गरी नमुना र वास्तविक मतपत्रको व्यवस्था गर्नु पर्ने ।
- मतदाता शिक्षा कार्यक्रम कार्यान्वयनमा सम्बन्धित मुख्य निर्वाचन अधिकृतसँग समन्वय गरी सञ्चालन गर्नु पर्ने व्यवस्था लागु गर्ने ।
- आयोगले मतदाता शिक्षा कार्यक्रमको कार्यान्वयन पक्षलाई बिस्तारै जिल्ला स्तरमा विकेन्द्रित गर्दै लैजाने ।
- गाउँमा रहेका स्थानीय तहका सुपरिचित व्यक्तित्वहरू जस्तै : कार्यालय सहयोगी, डिट्ठा, मुखिया, भलमन्सा, बड्घर र चौकीदारहरूलाई मतदाता शिक्षा कार्यक्रममा परिचालन गर्ने ।
- एस.एम.एस. मार्फत मतदाता शिक्षा सम्बन्धी जानकारी दिने कार्यलाई निरन्तरता दिने । साथै, मतदाता शिक्षा सम्बन्धी श्रब्य दृश्य सामग्री अझ बढी उत्पादन गरी प्रचार प्रसार गर्ने ।
- निर्वाचन आयोगबाट तालिम प्राप्त सामाजिक शिक्षा विषयका शिक्षकलाई विद्यालयको अध्यापन कार्यमा बाधा नपुग्ने गरी मतदाता शिक्षा कार्यक्रममा सहभागी गराउने ।

## २.७ निर्वाचन सम्बन्धी तालिम

- मतदाता शिक्षा, निर्वाचन व्यवस्थापन, मतदान कार्य सञ्चालन, मत गणना लगायतका निर्वाचन सम्बन्धी विषयमा केन्द्र र जिल्ला स्तरमा मतदाता शिक्षा स्वयंसेवक, मुख्य/निर्वाचन अधिकृत, मतदान अधिकृत र सहायक मतदान अधिकृत लगायत करिब ३ लाख जनशक्तिलाई प्रशिक्षण दिइएको थियो ।
- अधिकांश क्षेत्रीय तथा जिल्लास्तरीय प्रशिक्षणकालागि छानिएका प्रशिक्षार्थीहरू विगतका निर्वाचनको अनुभव प्राप्त व्यक्ति थिए । केन्द्रीय स्तरको मुख्य प्रशिक्षक प्रशिक्षणका स्रोत व्यक्तिमा नेपाल सरकारका सहसचिव तथा उपसचिव परिचालन गरिएका थिए ।

- समीक्षा कार्यक्रममा भाग लिएका ७० प्रतिशतभन्दा बढी सहभागीले जिल्ला स्तर र क्षेत्रीय स्तरका प्रशिक्षणमा खटिएका सहजकर्तामा विषय वस्तुको ज्ञान र सहजीकरण सीप राम्रो भएको मानेका छन् ।
- स्थानीय तह निर्वाचनका लागि कुल १५ जना, प्रदेश र प्रतिनिधि सभा निर्वाचनका लागि ४२ जना मुख्य प्रशिक्षक तयार गरी स्थानीय तहका लागि १,००९ जना र प्रदेश तथा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि क्षेत्रीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गरी १७३ जना क्षेत्रीय प्रशिक्षक तयार गरिएको थियो । ती प्रशिक्षकले निर्वाचन सञ्चालन र व्यवस्थापनका लागि मतदान अधिकृत लगायतका निर्वाचनमा संलग्न हुने कर्मचारीलाई जिल्ला स्तरमा तालिम सञ्चालन गरेका थिए ।

## अनुभव गरिएका मूलभूत समस्या

- केन्द्रमा मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन र जिल्ला स्तरको लागि स्रोत सामग्री तयारी एकैसाथ गर्नु पर्ने अवस्थामा कार्यचापको कारण जिल्ला स्तरको तालिम सञ्चालनमा प्रशिक्षण स्रोत सामग्री व्यवस्थापन गर्न कठिनाइ भयो । निर्वाचन सम्बन्धी निर्देशिका र नीति तयार हुनु अगावै निर्वाचन सम्बन्धी प्रशिक्षण सञ्चालन भएकाले प्रशिक्षणका लागि आवश्यक निर्देशिका लगायतका सामग्री समयमा नै उपलब्ध हुन सकेन ।
- निर्वाचन प्रशिक्षणका लागि तयार गरिएका स्रोत सामग्री अपर्याप्त रहेको र प्रशिक्षणका क्रममा निर्देशिका र कार्यविधिमा रहेका विविध विषयमा सहभागीले उठाएका प्रश्नको जवाफ तत्काल स्पष्ट रूपमा दिन नसकेको अवस्था पनि कतिपय ठाउँमा रह्यो ।
- तालिम नलिएका जनशक्ति तालिम सञ्चालनका लागि खट्ने र तालिम लिएका छुट्ने अवस्था पनि पाइयो ।
- प्रशिक्षण कार्यक्रम व्यवस्थित र प्रभावकारी हुन नसकेकाले मतदान/सहायक मतदान अधिकृतलाई पर्याप्त मात्रामा तालिम पुगेन ।
- जिल्लामा तालिम सञ्चालन गर्दा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत लगायत सम्बन्धित निकायसँग समन्वय हुन नसकेको अवस्था रह्यो ।
- छोटो समयावधिमा तालिम सञ्चालन गर्नु पर्ने हुँदा कतिपय विषय वस्तुमा स्पष्ट पार्न सकिएन ।

- जिल्ला स्तरको निर्वाचन सम्बन्धी प्रशिक्षणमा आवश्यक पर्ने स्रोत व्यक्ति पर्याप्त रूपमा उपलब्ध भएनन् ।

## सुझावहरू

- जिल्ला स्तरमा सञ्चालन हुने निर्वाचन सम्बन्धी तालिमको सम्बन्धमा मुख्य/निर्वाचन अधिकृत र जिल्ला निर्वाचन कार्यालय बीच समन्वय गर्ने । साथै तालिमका लागि दक्ष स्रोत व्यक्तिको व्यवस्था गरी **समयमै पर्याप्त स्रोत सामग्रीको व्यवस्था गर्ने** ।

- निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि र मत गणना प्रतिनिधिलाई छुट्टै तालिम दिनु पर्ने, सञ्चार माध्यम र नागरिक समाजका अगुवालाई पनि तालिम दिइनु पर्ने ।

- निर्वाचनमा खटिने जनशक्तिलाई निर्वाचन सम्बन्धी तालिम अनिवार्य गर्ने र सोका लागि निर्वाचन आयोगले अनुगमन गर्ने । मत गणनामा संलग्न हुने कर्मचारीलाई पनि तालिम दिइनु पर्ने ।

- निर्वाचन आयोगका पदाधिकारीले निर्वाचन प्रशिक्षणमा सहभागीले उठाएका समस्याको जवाफ स्पष्ट रूपमा दिनु पर्ने तथा तालिममा सहभागिताका लागि पर्याप्त समय/सूचना प्रवाह हुने व्यवस्था गरिनु पर्ने ।

- तालिमको क्रममा काल्पनिक घटनामा आधारित प्रश्न वा जिज्ञासा बढी उठाइँदा तालिमको प्रभावकारितामा नै असर पर्ने भएकोले तालिमको विषय वस्तु यथार्थपरक र व्यावहारिक बनाइनु पर्ने ।

- निर्वाचन पश्चात् र निर्वाचन पूर्वको समयमा पनि निर्वाचन सम्बन्धी तालिमलाई निरन्तरता दिनु पर्ने ।

- निर्वाचन तालिममा प्रयोग भएका स्रोत सामग्री निर्वाचन आयोगको वेबसाइटमा पनि राख्नु पर्ने ।

## २.८ निर्वाचन कार्यक्रम सञ्चालन

### स्थानीय तह निर्वाचन

- स्थानीय तहको निर्वाचनका लागि जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र नेपाल सरकारका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृत पदमा नियुक्त गरिएको थियो ।
- महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४६० गरी जम्मा ७५३ स्थानीय तहमा कुल ६,७४३ वडा थिए । यी सबैमा स्थानीय तह निर्वाचनमा कुल ३५,२२१ पदाधिकारी/सदस्य निर्वाचित गर्नु पर्ने थियो । यसका लागि कुल १,४८,३६२ जना उम्मेदवार निर्वाचनको मैदानमा उत्रिएका थिए । यस निर्वाचनमा जम्मा ५७ वटा राजनीतिक दलले भाग लिएका थिए ।

### प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन

- प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ ५५ राजनीतिक दलबाट १४५२ र स्वतन्त्र ४९२ गरी जम्मा १,९४४ उम्मेदवार रहेका थिए । यसमध्ये महिला उम्मेदवारको सङ्ख्या १४६ थियो ।
- समानुपातिक निर्वाचन प्रणाली तर्फ प्रतिनिधि सभा सदस्यका लागि ४९ र प्रदेश सभामा प्रदेश नं. १ देखि ७ मा क्रमशः २७, २९, ३१, २०, २७, १८ र २० राजनीतिक दलले बन्द सूची पेश गरेका थिए । प्रतिनिधि सभाका लागि २,२७३ र प्रदेश सभाका लागि ३,५६५ उम्मेदवार रहेका थिए ।
- प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ देहाय बमोजिम ३,२३८ जनाको उम्मेदवारी परेको थियो जसमध्ये महिला उम्मेदवारको कुल सङ्ख्या २४० (प्रदेश नं. १ देखि ७ सम्म क्रमशः २७, ५५, ७२,२२,४६,३ र १५ जना) रहेको थियो ।

**तालिका नं. ३**

निर्वाचनमा भाग लिने प्रदेशगत राजनीतिक दल र उम्मेदवारको सङ्ख्या

| प्रदेश नं. | राजनीतिक दलको सङ्ख्या | राजनीतिक दलका उम्मेदवार | स्वतन्त्र उम्मेदवार | जम्मा |
|---|---|---|---|---|
| १ | ३१ | ४७० | ० | ४७० |
| २ | ३५ | ५०४ | ४८१ | ९८५ |
| ३ | ३२ | ५२८ | १०५ | ६३३ |
| ४ | १८ | २२६ | ११ | २३७ |
| ५ | ३० | ४४५ | १५६ | ६०१ |
| ६ | १७ | १२९ | ४ | १३३ |
| ७ | १९ | १६८ | ११ | १७९ |
| **जम्मा** | | **२,४७०** | **७६८** | **३,२३८** |

- पहिलो चरणमा निर्वाचन हुने जिल्लामा असोज २९ गते र दोस्रो चरणमा निर्वाचन हुने जिल्लामा कार्तिक ९ गते मुख्य/निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको थियो ।
- मुख्य/निर्वाचन अधिकृतलाई आफू नियुक्त भएको प्रतिनिधि सभा निर्वाचन क्षेत्र र सो अन्तर्गत पर्ने दुई वटा प्रदेश सभा निर्वाचन क्षेत्रको निर्वाचन सम्बन्धी कार्य सम्पन्न गर्ने जिम्मेवारी तोकिएको थियो । साथै, मुख्य निर्वाचन अधिकृतलाई आफू खटिएको जिल्लाको निर्वाचन सम्बन्धी कार्यको रेखदेख तथा समन्वयको जिम्मेवारी समेत दिइएको थियो ।
- समानुपातिक निर्वाचन प्रणालीतर्फ असोज २९ गते उम्मेदवारको बन्द सूची पेश गर्ने र मङ्सिर ३ गते उम्मेदवारको अन्तिम बन्द सूची प्रकाशित गर्ने गरी कार्यक्रम तोकिएको थियो । समानुपातिक निर्वाचन प्रणालीबाट हुने निर्वाचनका लागि साविकझैँ आयोगका सचिवलाई निर्वाचन अधिकृतमा नियुक्त गरिएको थियो ।

## राष्ट्रिय सभा सदस्य निर्वाचन

- राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि वि. सं. २०७४ साल पुस २९ गते सातवटै प्रदेशमा सम्बन्धित प्रदेशको उच्च अदालत रहेको जिल्लाको जिल्ला न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गरिएको थियो । ती सबै निर्वाचन अधिकृतको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा स्थापना गरिएका

थिए । यस निर्वाचनको प्रयोजनका लागि वि. सं. २०७४ साल माघ ७ गतेदेखि १५ गतेसम्म निर्वाचन कार्यक्रम सञ्चालन (अनुसूची १) गरिएको थियो ।

- राष्ट्रिय सभाका लागि निर्वाचन गर्नु पर्ने कुल ५६ पदको लागि ९ वटा राजनीतिक दलका कुल ८३ जनाको मनोनयन दर्ता भएको थियो । उम्मेदवारको नाम फिर्ता र मनोनयन रद्द समेतको कारण अन्तिममा ७६ जनाको मात्र उम्मेदवारी कायम रह्यो ।
- निर्वाचन गर्नु पर्ने ५६ जनामध्ये २४ जना सदस्य निर्विरोध निर्वाचित भएका थिए । यस क्रममा प्रदेश नं. २ मा सबै सदस्य निर्विरोध निर्वाचित भएका थिए ।
- राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि वि. सं. २०७४ साल माघ २४ गते मतदान सम्पन्न भयो ।
- राष्ट्रिय सभा सदस्यको निर्वाचक मण्डलमा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुख गरी १,५०६ जना र प्रदेश सभा सदस्य ५५० जना गरी जम्मा २,०५६ मतदाता रहेका थिए । प्रदेश सभाका सदस्यको मत भार ४८ र स्थानीय तहका प्रमुख र उपप्रमुखको मत भार १८ कायम गरिएको थियो ।

## राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन

- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सञ्चालनको लागि न्याय परिषद्को परामर्शमा पाटन उच्च अदालतका माननीय न्यायाधीशलाई निर्वाचन अधिकृतमा नियुक्त गरिएको थियो । यसरी नियुक्त निर्वाचन अधिकृतको कार्यालय अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बानेश्वरमा स्थापना गरिएको थियो ।
- राष्ट्रपति पदको लागि दुई जनाको र उपराष्ट्रपति पदको लागि एक जनाको मात्र उम्मेदवारी परेको थियो ।
- वि. सं. २०७४ साल फागुन २९ गते राष्ट्रपति पदको निर्वाचनको लागि मतदान सम्पन्न भई श्रीमती विद्यादेवी भण्डारी नेपालको राष्ट्रपति पदमा निर्वाचित हुनु भएको थियो । यसै गरी सोही वर्षको चैत ४ गते उपराष्ट्रपति पदमा नन्दबहादुर पुन निर्विरोध निर्वाचित हुनु भएको थियो ।

## असल अभ्यास

- निष्पक्ष, स्वच्छ र विश्वसनीय निर्वाचनको लागि जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतको जिम्मेवारी दिइएको थियो ।
- उम्मेदवार मनोनयनका लागि आवश्यक कागजात, प्रक्रिया तथा धरौटी सम्बन्धी सूचना निर्वाचन अधिकृतको कार्यालय बाहिर टाँस गरिएको थियो । नमुना पोस्टर **अनुसूची १०** मा प्रस्तुत गरिएको छ । यसले मनोनयनपत्र दर्ता गर्न आउने उम्मेदवारलाई सहयोग पुगेको देखियो ।

## अनुभव गरिएका मूलभूत समस्या

- नेपाल सरकारबाट पटक पटक स्थानीय तहको निर्वाचनको मिति सम्बन्धमा विभिन्न निर्णय भएकोले निर्वाचन अधिकृतको नियुक्ति, निर्वाचन अधिकृतको कार्यालय स्थापना र निर्वाचन कार्यक्रम जस्ता महत्वपूर्ण क्रियाकलाप स्वतः प्रभावित हुन पुगेका थिए । यसले निर्वाचन खर्चमा पनि वृद्धि गराएको थियो ।
- उम्मेदवारले मनोनयनपत्र दर्ता गर्नेदेखि उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्नेसम्मको अवधि ४ दिनको थियो । उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरेको र मतदान हुने दिन बीचको समयावधि १० दिन मात्र थियो ।
- सोलुखुम्बु जिल्लाको नेचा सल्यान गाउँपालिकाको वडा नं. ६ मा कसैको पनि मनोनयनपत्र दर्ता हुन आएन ।
- उम्मेदवारको मृत्युको कारण विभिन्न १० वटा स्थानीय तहमा पुनः निर्वाचन कार्यक्रम सञ्चालन गर्नु परेको थियो । यस्तै विभिन्न जिल्लाका ८ वटा मतदान केन्द्रमा पुनः मतदान गराउनु परेको थियो ।
- निर्वाचन आयोगले निर्वाचनको लागि कार्य सञ्चालन तालिका मात्र बनाएको थियो र सोही आधारमा निर्वाचन सम्पन्न गरियो । तर, बृहत् निर्वाचन कार्य सञ्चालन योजनाको अभाव भएको पाइयो ।
- स्थानीय तह निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने अवधि एक दिन मात्र हुँदा सो अवधि ज्यादै कम भएको, उम्मेदवारले चुनाव प्रचार प्रसार गर्ने ७ दिनको समयावधि पनि कम रहेको थियो । उम्मेदवार तथा राजनीतिक दलहरूले मनोनयनपत्र दर्ताका लागि आवश्यक योग्यता एवं कागजातको बारेमा पर्याप्त जानकारी नराखेको, मनोनयनपत्र दर्तामा समय पालनाको अभाव एवं अनावश्यक भिडभाडको स्थिति सिर्जना भयो ।

उम्मेदवारको मनोनयनपत्र दर्ता फाराम निकै लामो र जटिल भएकोले त्यसैका कारण कतिपय स्थानमा मनोनयनपत्र दर्ता प्रक्रिया समेत प्रभावित हुन पुगेको थियो ।

## सुझावहरू

- कानुनी तथा व्यावहारिक रूपमा नै अनुकूल हुने गरी आयोगले निर्वाचनको मिति तोक्ने र कार्यान्वयन गर्ने अधिकारमा राजनीतिक दल तथा सरकारको पूर्ण सहयोग हुनु पर्ने । अन्यथा निर्वाचन कानुनमा नै निर्वाचन क्यालेन्डर समाविष्ट हुनु पर्ने ।
- सार्वजनिक सञ्चार गृहहरूलाई समयमा नै सूचना प्रचार प्रसार गर्नको लागि आयोगमा सूचना डेस्कको स्थापना गर्ने । साथै निर्वाचन गतिविधिको सूचना एकद्वार माध्यमबाट दिने व्यवस्था मिलाउने ।
- आयोगले विषयगत क्षेत्रमा आवश्यकतानुसार विज्ञहरूको सल्लाह र परामर्श लिने ।
- स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको सबै महत्वपूर्ण कागजात संस्थागत स्मरणका रूपमा राखिनु पर्ने ।
- निर्वाचन आयोगले निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन आयोग ऐन अनुसार १२० दिनको समय उपलब्ध हुने गरी कार्य सञ्चालन तालिका तयार गरी सो अनुसार कार्यान्वयन गर्दा अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप निर्वाचन भएको हुने ।
- उम्मेदवार एवं राजनीतिक दललाई उम्मेदवारी दर्ताको लागि चाहिने आवश्यक कागजात र योग्यताको सम्बन्धमा मनोनयनपत्र दर्ता गर्ने मितिभन्दा अगावै जानकारी दिने । उक्त सूचना मुख्य/निर्वाचन अधिकृतको कार्यालयमा टाँस गर्ने र निर्वाचन आयोगको वेबसाइटमा पनि राख्ने ।
- स्थानीय तह निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र दर्ताको कार्य निर्वाचित हुने पद अनुसार फरक फरक दिनमा गर्ने गरी कम्तीमा दुई दिनको समय दिने ।
- मनोनयनपत्र दर्ता प्रक्रियामा एक दिनमा एकभन्दा बढी कार्यक्रम नराख्ने । साथै, मनोनयनपत्र दर्ताको दिन थप जनशक्ति परिचालन गर्नु पर्ने ।

## २.९ मतदान, मत गणना र मत परिणाम घोषणा

- नेपाल सरकारको पटक पटकको निर्णयले स्थानीय तहको निर्वाचन ३ (तीन) र प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य निर्वाचन २ (दुई) चरणमा सम्पन्न भएको थियो । साथै, राष्ट्रिय सभा सदस्य, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन समेत वि. सं. २०७४ सालमा नै सम्पन्न भए । ती सबै निर्वाचन स्वच्छ, स्वतन्त्र र विश्वसनीय रूपमा सम्पन्न भएका थिए ।

- मतदाताले कुनै डर, त्रास, धम्की तथा कसैको हस्तक्षेपबिना गोप्य मतदान गर्ने अवसर पाएका थिए । यस तथ्यलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पर्यवेक्षकका प्रतिवेदनले पनि पुष्टि गरेका छन् ।

- निर्वाचनमा सुरुमा मतदाताको नाम रुजु गर्ने, औँलामा नउड्ने मसी लगाउने, तथ्याङ्क फाराम भर्ने, मतदातालाई मतपत्र दिने अनि मतदाताले गोप्य कक्षमा गई मत सङ्केत गरी मतपेटिकामा मतपत्र खसाउने मतदान प्रक्रिया अवलम्बन गरिएको थियो ।

- स्थानीय तहको निर्वाचनमा कुल ३५,०४१ सदस्य निर्वाचित भए । कुल निर्वाचित हुनु पर्ने ३५,२२१ पदमध्ये विभिन्न जिल्लामा दलित महिला सदस्य १७५ र सोलुखुम्बुको नेचा सल्यान गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष र वडा सदस्य  सहित ५ पदमा उम्मेदवारी नै नपरेको कारण कुल १८० पद रिक्त भएका थिए ।

- प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ विभिन्न ९ वटा राजनीतिक दलबाट १६४ जना र १ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका थिए । निर्वाचित भएका कुल १६५ जनामध्ये निर्वाचित महिला सदस्यको सङ्ख्या ६ (छ) थियो ।

- समानुपातिक निर्वाचन प्रणाली तर्फ विभिन्न ५ वटा राजनीतिक दलबाट संविधानले तोके बमोजिम ११० जना सदस्य निर्वाचित भए । समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० जनामध्ये महिला सदस्यको सङ्ख्या ८४ (चौरासी) पुगेको थियो ।

- स्थानीय तह निर्वाचनमा करिब ७४ प्रतिशत र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा ६९ प्रतिशत मतदान भएको थियो ।

- मत गणना, मत तालिकीकरण र पुनः मत गणना सम्बन्धी विधि र प्रक्रिया मत गणना निर्देशिकामा उल्लेख गरिएको छ । अधिकांश निर्वाचन क्षेत्रमा मत गणना सुरु गर्नु पूर्व स्थानीय स्तरमा मत सदर र बदरको अवस्था लगायत मत गणनाका अन्य प्रक्रिया बारे राजनीतिक दल तथा उम्मेदवारसँग छलफल गरी सहमति कायम गरिएको थियो ।

- स्थानीय तहको निर्वाचनमा मतपत्रको आकार अलि ठुलो भएको र ढाँचामा केही जटिलता भएकोले मत गणना प्रक्रियामा ढिलाइ भएको थियो । सुरुमा मत गणना कार्य थोरै टोलीबाट सुरु गरिएकोले पनि गणना कार्यमा केही ढिलाइ हुन गएको थियो ।

- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र कागजको एकै पानामा र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र अलग अलग पानामा छापिएको थियो । स्थानीय तहको निर्वाचनको तुलनामा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनको मत गणना गर्न धेरै सजिलो भएको जवाफ प्राप्त भएको थियो ।

- आमसञ्चार माध्यमहरूले मत गणना सम्बन्धी सामग्री उच्च प्राथमिकता दिई प्रकाशन तथा प्रसारण गरेका थिए ।

- मत गणना स्थलमा राजनीतिक दल वा उम्मेदवारका प्रतिनिधि, सञ्चारकर्मी, पर्यवेक्षकको लागि सहज पहुँचको व्यवस्था मिलाइएको थियो ।

- निर्वाचन अधिकृतले मत गणना पूरा भएपछि विजयी उम्मेदवार घोषणा गर्ने र त्यस्ता उम्मेदवारलाई निर्वाचित भएको प्रमाणपत्र दिने व्यवस्था गरिएको थियो ।

## असल अभ्यास

- प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्यको निर्वाचन दुई चरणमा सम्पन्न गरिएको थियो ।अघिल्लो चरणको निर्वाचनको परिणामले पछिल्लो चरणका मतदाता प्रभावित हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी दोस्रो चरणको निर्वाचन सम्पन्न भएपछि मात्र दुवै चरणको मत गणना सुरु गरिएको थियो ।

- मत गणना स्थलमा कसरी मतदान गर्दा मत सदर हुने र कसरी बदर हुने भन्ने मतपत्र सम्बन्धी पोस्टर तयार गरी मत गणना केन्द्र बाहिर टाँस गर्ने व्यवस्था समेत मिलाइएको थियो ।

- निर्वाचन आयोगले पहिलो पटक एकीकृत निर्वाचन परिणाम व्यवस्थापन प्रणाली तयार गरेको थियो र यसलाई सफलतापूर्वक कार्यान्वयन पनि गर्‍यो । यस व्यवस्थाले निर्वाचन परिणाम घोषणा गर्नका लागि सहयोग पुर्‍याएको थियो । स्थानीय तहको निर्वाचनको अनुभवबाट पर्याप्त सिकाइ आर्जन गरी त्यसमा देखिएका कमी कमजोरीलाई प्रदेश सभा तथा प्रतिनिधि सभाको निर्वाचनको समयमा सुधार गरी अझ बढी प्रभावकारी बनाइएको थियो ।

## अनुभव गरिएका मूलभूत समस्या

- स्थानीय तह निर्वाचनमा उम्मेदवारको मृत्युको कारण विभिन्न ९ जिल्लाका ९ वटा स्थानीय तहमा संशोधित कार्यक्रम अनुरूप मतदान गर्नु परेको थियो । त्यस्तै, मतदानको दिन उत्पन्न विभिन्न परिस्थितिका कारण विभिन्न पाँच जिल्लाका ८ वटा मतदान केन्द्रमा पुनः मतदान भएको थियो ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा दुई वटा जिल्ला अर्घाखाँची र रुकुमका जम्मा चार वटा मतदान केन्द्रमा पुनः मतदान गर्नु परेको थियो ।
- स्थानीय तह निर्वाचनको मत गणना क्रममा मत गणना स्थलमा उपस्थित एक राजनीतिक दलका प्रतिनिधिले मतपत्र च्यातेको कारण चितवन जिल्ला स्थित भरतपुर नगरपालिकाको वडा नं. १९ को ३ वटा मतदान केन्द्रमा पुनः निर्वाचन गराउनु परेको थियो ।
- स्थानीय तह निर्वाचनमा कागजको एकै सिटमा ६ वटा मतपत्र रहेको र त्यसबाट सात जना उम्मेदवार निर्वाचित गर्नु पर्ने व्यवस्था थियो । मत गणनाका लागि अनुकूल पर्याप्त गणना स्थलको अभावको कारण मत गणना कार्य केही ढिलो हुन गयो । स्थानीय तह निर्वाचनमा कागजको एउटै सिटमा ६ वटा मतपत्र रहेका कारण मत गणना प्रक्रिया केही झन्झटिलो पनि बन्न पुग्यो । यसले मत गणनाको समय सोचेभन्दा बढी लाग्यो ।
- एउटै कागजमा ६ वटा मतपत्र रहेकोले स्थानीय तह निर्वाचनमा सदर र बदर मतको सङ्ख्या यकिन गर्न बढी समय लागेको थियो । स्थानीय तहको निर्वाचनको मत गणना कार्य ढिलाइ हुनुको अर्को कारणमा मतपत्र र स्वस्तिक छापमा प्रयोग गरिएको मसीको रङ एउटै हुनु पनि थियो । मतपत्र हल्का नीलो रङको रहेको र स्वस्तिक छाप चोप्न प्रयोग गरिएको मसी पनि नीलो हुनाले यो स्थिति सिर्जना हुन पुगेको थियो ।

- मतपत्रको आकार ठुलो हुँदा मतदान कार्यमा पनि जटिलता अनुभव गरिएको थियो ।
- स्थानीय तहमा उत्पन्न हुने सानातिना विवादले पनि लामो समयसम्म मत गणना अवरुद्ध हुन गयो । सदर र बदर हुने मतपत्र बारे मत गणना निर्देशिकामा प्रस्ट उल्लेख हुँदा हुँदै पनि मत गणनामा राजनीतिक दलबाट विवाद सिर्जना भएको थियो । स्थानीय तह निर्वाचनमा उम्मेदवारहरू बीच सानो मतान्तरले हार जितको अवस्था हुने कारणले पनि विवादको यो परिस्थिति सिर्जना भएको महसुस गरिएको थियो ।
- मत गणना जस्तो संवेदनशील कामका लागि मत गणना स्थलको भौतिक पूर्वाधार कमजोर रहेको थियो ।
- मत गणनाका क्रममा विभिन्न विवाद सिर्जना भए । यसरी बढी विवाद सिर्जना हुनुमा मत गणना कार्यमा राजनीतिक दलको सहयोग र समन्वय कम हुनु पनि एउटा प्रमुख कारण रह्यो । अधिकांश स्थानमा मत गणनामा राजनीतिक दलका प्रतिनिधि समयमै उपस्थित नभएको कारणबाट समेत मत गणना कार्यमा ढिलाइ हुन पुग्यो भने कतिपय स्थानमा दलको प्रतिनिधिको उपस्थिति बढी भएर विवादको स्थिति सिर्जना हुन पुगेको पाइयो ।
- कतिपय ठाउँमा मतपेटिकामा भएका मतपत्र र मुचुल्कामा उल्लेख भएको खसेको मत सङ्ख्या रुजु र मिलान (Reconciliation of Votes) मा समेत समस्या देखियो । मत परिणाम सफ्टवेयरमा प्रविष्ट गर्ने कार्यको लागि पर्याप्त तालिम प्राप्त जनशक्तिको अभाव रहेको पाइयो ।
- निर्वाचन ऐन अनुसार तोकिएको मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतले स्थानीय स्तरमा नै निर्णय लिनु पर्ने कानुनी प्रावधान भएको हुँदा कानुन अनुसार निर्वाचन अधिकृतले सम्पादन गर्ने कार्यमा हस्तक्षेप नगर्ने आयोगको धारणाप्रति पर्यवेक्षक र सञ्चार माध्यमले निर्वाचन आयोगको आलोचना पनि गरेको पाइयो जुन कानुनसम्मत थिएन ।
- मतदाता नामावली मतदाताको स्थायी बसोबास रहेको ठेगानाको आधारमा तयार हुने र उक्त ठेगाना परिवर्तन गर्नका लागि घर जग्गा हुनु पर्ने प्रावधानले गर्दा विशेषतः आफ्नो स्थायी ठेगानाभन्दा फरक स्थानमा रोजगारी गरी बसेका कमजोर आर्थिक अवस्था भएका मतदाता आफ्नो स्थायी ठेगानामा नै मतदान गर्न जानु पर्ने बाध्यताले केही प्रभावित बनेका थिए ।

- निर्वाचन पर्यवेक्षकको प्रतिवेदन अनुसार निर्वाचनमा खटिएका करिब २ लाख कर्मचारी, राष्ट्रिय पर्यवेक्षक, सबै किसिमका गरी करिब ३ लाख सुरक्षाकर्मीले कतै पनि मताधिकार प्रयोग गर्न नपाएको अवस्था रह्यो । समयाभावका कारणले अस्थायी मतदाता नामावली बनाउन आयोगलाई अप्ठ्यारो परेको थियो ।
- निर्वाचन मितिभन्दा केही हप्ता अगाडि मात्र निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिकाले पूर्णता पाएकाले मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारीलाई ती ऐन नियमको विस्तृत अध्ययन गर्न समय कम भएको हुँदा मत गणना सम्बन्धी निर्णयमा मुलुकभर एकरूपता कायम हुन नसकेको स्थिति रह्यो ।

## सुझावहरू

- विशेष गरी बढी वृद्ध, अशक्त र अन्य ज्येष्ठ नागरिक मतदाता र निर्वाचनको केही दिन अगाडि मात्र विदेशतिर जानु पर्ने मतदाताको लागि अग्रिम मतदान गर्ने प्रक्रिया मिलाउन आयोगले सकारात्मक प्रयास गर्नु पर्ने ।
- मतदान सम्पन्न भइसकेपछि मतदान केन्द्र वा स्थलमा नै मत गणना गर्ने व्यवस्था गर्न कानुनी व्यवस्था गर्ने ।
- मत गणना स्थलको पूर्वाधार सुदृढ गर्ने ।
- विद्युतीय मतदान यन्त्र (ई.भि.एम.) को प्रयोग गर्ने व्यवस्था मिलाउने ।
- निर्वाचनमा प्रयोग गरिने मुचुल्का र अनुसूची फारामको अत्यधिक प्रयोगलाई कम गर्ने गरी निर्देशिकाहरू संशोधन गर्ने ।
- मतपत्र च्यात्नेलाई न्यूनतम पाँच वर्ष कैद सजाय हुनु पर्ने प्रावधान कानुनमा नै राख्ने ।
- स्वस्तिक छाप अटोमेटिक मसी रहने अटो स्टाम्प हुनु पर्ने ।
- अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार मतपत्रको अधकट्टीमा मतदाताले ल्याप्चे वा दस्तखत गर्नु पर्ने व्यवस्था आगामी निर्वाचनमा हटाउने ।
- आगामी निर्वाचनमा सर्वोच्च अदालतको फैसला बमोजिम मतपत्रमा रहेका उम्मदेवारमध्ये कसैलाई पनि मत नदिने प्रावधान None of the above (NOTA) को व्यवस्था गरिनु पर्ने ।

- स्थानीय तहको निर्वाचनमा निर्वाचित हुने पद अनुसार छुट्टा छुट्टै मतपत्र व्यवस्था गर्ने ।

- मत गणनाका क्रममा देखिएका सदर र बदर मतको समस्या समाधान गर्न वि. सं. २०७४ सालको विभिन्न निर्वाचनमा निर्वाचन आयोगबाट दिइएका सबै निर्देशनलाई एकीकृत गरी आगामी निर्वाचनका लागि तयार गर्ने मत गणना निर्देशिकामा नै प्रस्ट रूपमा समावेश गरिनु पर्ने ।

## २.१० निर्वाचन पर्यवेक्षण र अनुगमन

- निर्वाचन आयोगले सबै तहका निर्वाचनमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय पर्यवेक्षक संघ संस्थाका लागि निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा आचार संहिता कार्यान्वयनमा ल्याएको थियो ।

- स्थानीय तह निर्वाचनमा विभिन्न ५० वटा राष्ट्रिय पर्यवेक्षण संघ संस्थाका १६,३०० जना पर्यवेक्षकले निर्वाचन पर्यवेक्षण गरेका र नेपालस्थित १७ वटा कूटनीतिक नियोगका ६३ जनाले अवलोकन भ्रमण गरेका थिए । त्यस्तै, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनमा विभिन्न ४७ वटा राष्ट्रिय पर्यवेक्षण संस्थाका १०,०४६ जना र कार्टर सेन्टर, यूरापेली युनियन र ANFREL लगायत ३ वटा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाका १८१ जनाले निर्वाचन पर्यवेक्षण गरेका थिए । FEMBOSA र Association of Asian Election Authorities का १९ जना विशिष्ट अतिथिबाट मतदान कार्यको अवलोकन भएको थियो ।

- पर्यवेक्षण संघ संस्थाबाट सबै तहका निर्वाचन स्वच्छ, स्वतन्त्र रूपमा सम्पन्न भएको प्रतिवेदन प्राप्त भएका छन् । निर्वाचन पर्यवेक्षकको प्रतिवेदनमा मुख्यतः निर्वाचन आचार संहिता पालनामा कमी रहेको, मतदाता शिक्षा कमजोर रहेको, मत गणना कार्य जटिल रहेको तथा निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी, पर्यवेक्षक आदिले मताधिकार प्रयोग गर्न नपाएको विषय उल्लेख गरिएका थिए ।

- यूरोपेली युनियनले नेपालको संविधान र कानुनले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ क्रमशः विभिन्न आठ र नौ वटा समूहको प्रतिनिधित्वको व्यवस्था गरेको सम्बन्धमा उक्त समूहबाट खस-आर्य समूह हटाउनु पर्ने सुझाव सहितको प्रतिवेदन दिएकोमा

आयोग र नेपाल सकारबाट युरोपेली युनियनको सुझावलाई अस्वीकार गरिएको र त्यो विषय सच्याएर प्रतिवेदन दिन ध्यानाकर्षण गराइएको थियो ।

- स्थानीय तह निर्वाचन, २०७४ को लागि पर्यवेक्षण अनुमति प्राप्त **निर्वाचन पर्यवेक्षण मञ्च नेपाल**बाट खटिएका तीन जना पर्यवेक्षकका सम्बन्धमा आयोगको मिति २०७३।०३।२६ को निर्णयानुसार स्थानीय तह निर्वाचनका लागि उक्त संस्थालाई आयोगबाट पर्यवेक्षण गर्न दिइएको अनुमति रद्द गर्ने र ती ३ जना पर्यवेक्षकलाई कुनै पनि निर्वाचनमा कुनै पनि संस्थाबाट पर्यवेक्षण गर्न नदिने गरी भएको निर्णय कार्यान्वयन गरिएको थियो ।

- पर्यवेक्षकलाई प्रदान गरिएको मतदान केन्द्र, मत गणना स्थल र निर्वाचन अधिकृतको कार्यालयमा पहुँच बारे सहभागीको जवाफमा स्थान र अवस्था अनुसार सहज एवं असहजमा ३७ प्रतिशत, सहजमा ४९ प्रतिशत र असहजमा ६ प्रतिशत देखाइएको छ । यसबाट पर्यवेक्षकलाई पहुँचमा एकरूपता नरहेको स्पष्ट हुन्छ ।

चित्र १२

पर्यवेक्षकहरूलाई निर्वाचन अधिकृतको कार्यालय, मतदान केन्द र मत गणना स्थलहरूमा पहुँचको अवस्था कस्तो थियो ?



- स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा सदस्य निर्वाचन अनुगमन गर्न नेपाल सरकारका सहसचिव स्तरका अनुगमनकर्ता र उपसचिव स्तरका सूक्ष्म अनुगमनकर्ता परिचालन गरिएको थियो ।

## अनुभव गरिएका मूलभूत समस्या

- निर्वाचन आयोगले गरेको निर्वाचन सम्बन्धी महत्वपूर्ण निर्णयहरू सार्वजनिक गर्ने नगरेको भन्ने पर्यवेक्षक संघ संस्थाहरूको गुनासो रहेको पाइयो ।
- निर्वाचन पर्यवेक्षण गर्न खटिएका पर्यवेक्षकले राजनीतिक पूर्वाग्रह राखी कार्य गर्ने गरेको, पर्यवेक्षककहरू स्वतन्त्र नदेखिएका र निजहरूले आचार संहिता पालना गरे नगरेको विषयमा अनुगमन हुने नगरेको, राजनीतिक व्यक्तित्वहरू समेत निर्वाचन पर्यवेक्षकको रूपमा आउने गरेको पाइयो ।
- निर्वाचन पर्यवेक्षण गर्ने काम सुगम स्थानमा मात्र केन्द्रित भएको पाइयो । दुर्गम स्थानमा प्रभावकारी रूपमा निर्वाचन पर्यवेक्षण नभएको पाइयो ।
- सूक्ष्म अनुगमनकर्ताको कार्यादेश स्पष्ट भएको पाइएन । यस किसिमको अनुगमन प्रभावकारी हुन सकेन । खटिएका सूक्ष्म अनुगमनकर्ताले के कति मतदान स्थलको अनुगमन गर्नु पर्ने हो सो समेत स्पष्ट भएको देखिएन ।
- निर्वाचन पर्यवेक्षकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको अवस्था पनि पाइएकाले पर्यवेक्षक र अनुगमनकर्ताकै पनि अनुगमन गर्नु पर्ने अवस्था देखिन आयो ।

## सुझावहरू

- निर्वाचनका समयमा नेपाल सरकारका सहसचिव स्तरका अनुगमनकर्ता र उपसचिव स्तरका सूक्ष्म अनुगमनकर्ताद्वारा गरिने आचार संहिताको अनुगमन संयन्त्र प्रभावकारी नदेखिएकोले आगामी निर्वाचनमा अनुगमनकर्ता र सूक्ष्म अनुगमनकर्ताको व्यवस्थालाई पुनरावलोकन गरी त्यसको सट्टामा प्रमुख जिल्ला अधिकारी र जिल्ला निर्वाचन अधिकारीलाई नै आचार संहिताको अनुगमन गर्ने अधिकार तथा जिम्मेवारी दिन पहल गर्ने ।
- पर्यवेक्षककहरू राजनीतिक दलसँग आबद्ध देखिएमा पर्यवेक्षण अनुमतिपत्र तत्काल खारेज गर्ने व्यवस्था हुनु पर्ने । तोकिएको मापदण्ड र आचार संहिता पालना नगरेमा उचित दण्डको व्यवस्था गरिनु पर्ने ।

- निर्वाचन पर्यवेक्षक सबै ठाउँमा जानु पर्ने अनिवार्य व्यवस्था गर्नु पर्ने । यसरी पर्यवेक्षक खटाउँदा नदोहोरिने गरी खटाउनु पर्ने ।
- निष्कासन भएका तथा अनुमतिपत्र रद्द भएका पर्यवेक्षण संस्था अर्को पटक पर्यवेक्षण गर्न अयोग्य हुने व्यवस्था गर्ने ।
- पर्यवेक्षकलाई निर्वाचन पर्यवेक्षण गर्ने प्रयोजनका लागि मतदान केन्द्र, मत गणना स्थल र निर्वाचन अधिकृतको कार्यालयमा सहज पहुँचको व्यवस्था गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकले पर्यवेक्षण गर्ने स्थलको अनिवार्य रूपमा मुख्य निर्वाचन अधिकृत तथा जिल्ला निर्वाचन कार्यालयलाई जानकारी गराउने ।
- स्थानीय पर्यवेक्षण संघ, संस्था र पर्यवेक्षकको छनोट जिल्ला तहले नै गर्ने व्यवस्था गर्ने ।

## २.११ लैङ्गिकता तथा समावेशीकरण

- आयोगको लैङ्गिकता तथा समावेशीकरण नीति २०७० तथा रणनीति २०७१-२०७६ अनुसार निर्वाचन प्रक्रियाको हरेक चरणमा लैङ्गिकता र समावेशीकरणलाई प्राथमिकता दिइएको छ । यस अनुरूप, मतदाता शिक्षा स्वयंसेवकमा महिला स्वास्थ्य कार्यकर्तालाई प्राथमिकता दिइएको छ । वि. सं. २०७४ सालमा सम्पन्न निर्वाचनमा प्रत्येक मतदान केन्द्रमा कम्तीमा पनि एक जना महिला सुरक्षा अधिकारी खटिएको हुनु पर्ने व्यवस्था थियो । साथै, मतदान केन्द्रमा मतदाताका नङमा मसी लगाउने स्वयंसेविका पनि महिला नै हुनु पर्ने व्यवस्था गरिएको थियो ।
- मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि मतदाता शिक्षा कार्यकर्ता परिचालन गर्दा जहाँ जुन समुदायको बाहुल्यता छ त्यहाँ त्यही समुदायका महिलालाई परिचालन गर्ने व्यवस्था गरिएको थियो ।
- वि. सं. २०७४ सालको स्थानीय तह निर्वाचनमा महिलाको कुल प्रतिनिधित्व ४१ प्रतिशत रहन पुगेको छ । संघीय संसद्मा रहने कुल सदस्य ३३४ सदस्यमध्ये पुरुष २२२ जना र महिला ११२ जना रहेका छन् ।
- निर्वाचन सञ्चालन तर्फ केही मतदान केन्द्रमा महिलाले मात्र मतदान कार्य सञ्चालन गरेका थिए । तुलनात्मक रूपमा त्यस्ता मतदान केन्द्रको मतदान कार्यको व्यवस्थापन निकै राम्रो रहेको पाइएको थियो ।

- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गर्भवती महिलाको लागि लाइन नबसी मतदान गर्न प्राथमिकता दिइएको थियो ।
- मतदाता शिक्षा कार्यक्रममा निर्वाचन शिक्षा कार्यकर्ता (नि.शि.का.) र मतदाता शिक्षा स्वयं सेवकमा अधिकांश महिलाको सहभागिता रहेको थियो ।

## असल अभ्यास

स्थानीय तह, प्रदेश र संघीय संसद्मा समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था कानुनले नै गरेको छ । उल्लिखित कानुनी प्रावधानलाई देहाय बमोजिम प्रस्तुत गरिन्छ :

- स्थानीय तह निर्वाचनमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यक समेतको प्रतिनिधित्व संवैधानिक तथा कानुनी व्यवस्थाले नै सुनिश्चित गरेको अवस्था थियो । स्थानीय तहको निर्वाचनमा एक जना दलित महिला र एक जना महिला वडा सदस्य अनिवार्य रूपमा निर्वाचित गरिनु पर्ने, एउटै राजनीतिक दलबाट उम्मेदवारी दिँदा नगरपालिकाका प्रमुख/उपप्रमुख र गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष मध्ये एक जना महिला हुनु पर्ने, गाउँ वा नगर कार्यपालिकामा तोकिएको सङ्ख्यामा दलित तथा अल्पसङ्ख्यकको प्रतिनिधित्व गराउनु पर्ने व्यवस्था रहेको ।
- जिल्ला समन्वय समितिमा कम्तीमा तीन जना महिला र एक जना दलित वा अल्पसङ्ख्यक अनिवार्य रहनु पर्ने प्रावधान रहेको र सो अनुरूप प्रतिनिधित्व भएको ।
- प्रदेश सभामा महिला, खस आर्य, आदिवासी जनजाति, दलित, मधेसी, थारु, मुस्लिम तथा पिछडिएको क्षेत्रको क्लस्टरहरूबाट हरेक प्रदेशमा तोकिएको प्रतिशतमा प्रतिनिधित्व गराउनु पर्ने संवैधानिक तथा कानुनी व्यवस्था रहेको । यसरी प्रतिनिधित्व गराउँदा सबै राजनीतिक दलबाट कम्तीमा एक तिहाइ महिला अनिवार्य हुनु पर्ने ।
- प्रतिनिधि सभामा महिला, खस आर्य, आदिवासी जनजाति, दलित, मधेसी, थारु, मुस्लिम तथा पिछडिएको क्षेत्रको क्लस्टरहरूबाट तोकिएको प्रतिशतमा प्रतिनिधित्व गराउनु पर्ने व्यवस्था रहेको । यसरी प्रतिनिधित्व गराउँदा सबै राजनीतिक दलहरूबाट कम्तीमा एक तिहाइ महिला अनिवार्य हुनु पर्ने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला प्रतिनिधित्व गराउनु पर्ने संवैधानिक प्रावधान रहेको र सो अनुरूप प्रतिनिधित्व रहेको ।

- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक राजनीतिक दल र लिङ्ग वा समुदायको हुनु पर्ने संवैधानिक प्रावधान रहेको र सो प्रावधान कार्यान्वयन भएको ।
- महिला, दलित तथा सीमान्तकृतका लागि उम्मेदवारी मनोनयन गर्दा राख्नु पर्ने धरौटीमा ५० प्रतिशत छुटको व्यवस्था रहेको ।

## अनुभव गरिएका मूलभूत समस्या

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ राजनीतिक दलले उम्मेदवारी दिँदा प्रतिनिधि सभामा १४६ जना र प्रदेश सभामा २४० जना मात्र महिला उम्मेदवारी दिएका थिए । त्यसमध्ये प्रतिनिधि सभामा ६ जना र प्रदेश सभामा १७ जना मात्र महिला निर्वाचित भएका थिए ।
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा राजनीतिक दलले महिला उम्मेदवारको सहभागिता नै कम गराएको कारणहरू बारे गोष्ठीका सहभागीले महिलाहरू प्रतिस्पर्धामा विजयी हुन सक्दैनन् भन्ने राजनीतिक दलको सोचाइ भएकोमा ५३ प्रतिशत, राजनीतिमा महिलाको नेतृत्व नै न्यून रहनुमा २५ प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीबाट महिला प्रतिनिधित्व गराउनमा २१ प्रतिशत अभिमत प्रस्तुत गरेका छन् ।

चित्र १३

राजनीतिक दलहरूले प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा महिला उम्मेदवारी न्यून सहभागिता बनाइने कारणहरूलाई प्राथमिकताक्रम १, २, ३ र ४ अनुसार उल्लेख गर्नुहोस् ।



- हालको अवस्थालाई हेर्दा महिलाको सहभागिताको सुनिश्चितता केवल कानुनी प्रावधानमा मात्र रहेको देखिन्छ । सबै तहका निर्वाचनमा प्रत्यक्ष निर्वाचन प्रणाली तर्फबाट विजयी भएका महिलाको सङ्ख्या ज्यादै न्यून हुनुले यस कुरालाई पुष्टि गर्छ । यो एउटा प्रमुख समस्याको रूपमा रहेको छ ।
- निर्वाचनमा महिला तथा अन्य वर्गको समान सहभागिताका लागि कानुनी रूपमा कुनै प्रकारको अवरोध नरहेको तर व्यवहारमा त्यस्तो सहभागिता न्यून रहेको देखिएको छ ।
- स्थानीय तहमा निर्वाचनबाट पदपूर्ति हुन नसकी दलित महिला सदस्यको १७६ पद खाली रहेको छ ।
- स्थानीय तहको निर्वाचनमा मेयर र अध्यक्षको पदमा जम्मा २ प्रतिशत महिला, प्रतिनिधि सभाको निर्वाचनमा ३ प्रतिशत र प्रदेश सभाको निर्वाचनमा ५ प्रतिशत निर्वाचित भएका थिए । महिला उम्मेदवार सीमित सिट र कोटामा मात्र बाँधिएको पाइएको थियो । धेरैजसो महिलालाई आरक्षित सिट बाहेक अरू सिटमा पनि प्रतिस्पर्धा गर्न पाइन्छ भन्ने कुराको बारेमा थाहा नभएको पनि पाइएको थियो ।
- लैङ्गिकता र समावेशीकरणको सवालमा राजनीतिक दललाई उत्तरदायी र जवाफदेही बनाउन नसकिएको अवस्था रह्यो ।

## सुझावहरू

- निर्वाचन आयोगले लैङ्गिकता र समावेशीकरण नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्ने ।
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा समावेशीकरणको व्यवस्थाका लागि कानुनी व्यवस्था गरिनु पर्ने ।
- आयोगले लैङ्गिकता र समावेशीकरण सम्बन्धी संवैधानिक र कानुनी प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न राजनीतिक दललाई थप उत्तरदायी र जवाफदेही बनाउनका लागि विशेष भूमिका निर्वाह गर्नु पर्ने ।
- निर्वाचन आयोगले नागरिक समाज र अन्य सरोकारवालालाई पनि निर्वाचनमा लैङ्गिकता र समावेशीकरण विषयमा सक्रिय रूपमा सहभागी गराउनु पर्ने ।

- निर्वाचन आयोगले मतदानमा सहभागी पुरुष र महिलाको सङ्ख्या सङ्कलन गरी उक्त तथ्याङ्क सार्वजनिक गर्नु पर्ने ।
- महिला, अपाङ्ग, जेष्ठ नागरिक मैत्री मतदान केन्द्रको निर्माणमा क्रमशः वृद्धि गर्दै लैजानु पर्ने ।
- अपाङ्गता भएकालाई पनि निर्वाचन सम्बन्धी सबै कार्यक्रममा खटाउने व्यवस्था गर्नु पर्ने ।
- निर्वाचनमा कर्मचारी र पर्यवेक्षक खटाउँदा सम्भव भएसम्म समावेशी आधारमा खटाउने व्यवस्था गर्ने ।
- संविधानको धारा २१५ (४) र २१६ (४) का प्रावधान अनुरूप गाउँ तथा नगर कार्यपालिकामा प्रतिनिधित्व गर्ने सदस्य सङ्ख्या दलित वा अल्पसङ्ख्यकबाट क्रमशः २ र ३ जना हुने रहेकोमा दलित र अल्पसङ्ख्यकबाट छुट्टा छुट्टै प्रतिनिधित्व गर्न संविधानमा संशोधन गर्न पहल गर्ने ।
- गम्भीर प्रकृतिका अशक्त मतदातालाई निर्वाचनका दिन मतदान केन्द्रमा मतदान गर्न जान सवारी साधनको प्रयोग गर्न पाउने व्यवस्था गर्नु पर्ने ।

## २.१२ निर्वाचन विवाद निरूपण

- निर्वाचन विवाद निरूपण गर्न निर्वाचन (कसुर तथा सजाय) ऐन २०७३, निर्वाचन (कसुर तथा सजाय) निर्देशिका, २०७४, निर्वाचन विवाद निरूपण निर्देशिका, २०७४ को व्यवस्था रहेको छ ।
- कानुनतः निर्वाचन विवादलाई निर्वाचन परिणाम सार्वजनिक हुनुअघि र पछिका विवाद, आपराधिक प्रकृतिका तथा देवानी प्रकृतिका गरी विभाजन गरिएको छ ।
- विवाद निरूपणको लागि आयोगमा माननीय निर्वाचन आयुक्तको संयोजकत्वमा विवाद निरूपण समिति रहेको, मतदान अधिकृत, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत समक्ष परेका उजुरीको सम्बन्धमा आफ्नो अधिकार क्षेत्रका विवाद सम्बन्धित तहमा नै निरूपण गरी पर्न आएका सबै निर्वाचन विवाद निर्वाचन विवाद निरूपण समितिमा पठाउनु पर्ने कानुनी व्यवस्था रहेको छ ।

- आपराधिक प्रकृतिका निर्वाचन कसुरका सम्बन्धमा अनुसन्धान अधिकारी मार्फत जिल्ला अदालतमा फौजदारी अपराधको रूपमा मुद्दा दायर गर्ने कानुनी व्यवस्था छ ।

- स्थानीय तह निर्वाचनको सम्बन्धमा विभिन्न उच्च अदालतमा १४६ वटा मुद्दा दर्ता भएका थिए । स्थानीय तह तथा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा सर्वोच्च अदालतमा ७० वटा मुद्दा दर्ता भएका थिए । आयोगमा प्राप्त भएका २६ वटा निर्वाचन विवादको उजुरीमा आयोगले आफ्नो अन्तिम निर्णय दिएको छ । स्थानीय तह निर्वाचनको सम्बन्धमा पाटन उच्च अदालतमा रहेका २५ वटा मुद्दामध्ये २४ वटा पुनः मत गणना गर्ने विषयमा र एउटा मुद्दा कालो सूचीमा रहेको उम्मेदवार विजयी भएको विषयमा रहेको छ । अधिकांश मुद्दाहरू हालसम्म विचाराधीन अवस्थामा रहेका छन् ।

- समीक्षा कार्यक्रमका सहभागीलाई निर्वाचन विवाद निरूपणको संयन्त्र कत्तिको प्रभावकारी पाउनु भयो भन्ने प्रश्नको जवाफमा ४९ प्रतिशत सहभागीले प्रभावकारी र ३७ प्रतिशतले अप्रभावकारी भनेका छन् । प्रदेशगत रूपमा हेर्दा प्रदेश नं. १, ४ र ५ मा ५० प्रतिशतभन्दा बढी सहभागीले उक्त संयन्त्र अप्रभावकारी रहेको भनेका छन् ।

चित्र १४

निर्वाचन विवाद निरूपणका संयन्त्रहरू कस्तो पाउनु भयो ?




त्यस्तै, ३० प्रतिशत सहभागीले निर्वाचन विवाद निरूपण सम्बन्धी विषयमा उम्मेदवार जानकार रहेको बताए भने ४६ प्रतिशत सहभागीको दृष्टिमा

उम्मेदवार जानकार थिएनन् भन्ने बताए । सात वटै प्रदेशमा जानकार नहुने उम्मेदवारको प्रतिशत धेरै रहेको छ ।

चित्र १५

उम्मेदवारहरू निर्वाचन विवाद निरूपण सम्बन्धी कानुनी व्यवस्था बारे जानकार थिए ?




- निर्वाचनका विषयमा देहायका विवादमा सर्वोच्च अदालतले व्याख्या गरी आदेश गरेको :

  क) भरतपुर महानगरपालिकाको स्थानीय तहको निर्वाचनको मत गणनाको क्रममा मतपत्र च्यातिएको विवादमा आयोगले पुन: मतदान गर्ने गरी गरेको निर्णय विरुद्धमा परेको मुद्दामा सवोच्च अदालतले आयोगको निर्णयलाई सदर गरेको ।

  ख) प्रदेश सभा र प्रतिनिधि सभाका लागि पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीका लागि निर्वाचन आयोगले एउटै कागजमा दुई वटै मतपत्र रहने व्यवस्था गरेकोमा सर्वोच्च अदालतले समानुपातिकतर्फका मत्रपत्र छपाइ भई सकेकोले यसमा केही गर्नु नपर्ने तर पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको हकमा अलग अलग मतपत्रको व्यवस्था गर्न आदेश दिएकोले उक्त आदेश बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि अलग अलग कागजमा अलग अलग मतपत्र तयार गरिएको ।

  ग) आरक्षणको विषयमा पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्तिहरूको तर्फबाट प्रतिनिधित्वको विषयमा परेको निवेदन विचाराधीन रहेको ।

## असल अभ्यास

- अदालत तथा निर्वाचन आयोग र मातहत अधिकारी (मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र मतदान अधिकृत) निर्वाचन विवाद निरूपण संयन्त्रको रूपमा रहेको ।
- उम्मेदवारको अयोग्यताको विषयमा निर्वाचन परिणाम घोषणा हुनु पूर्व विवाद आएमा सोको सुनुवाई गर्ने अधिकार क्षेत्र निर्वाचन अयोगको रहेको ।

## अनुभव गरिएका मूलभूत समस्या

- उजुरी गर्ने प्रक्रिया र निकायको जानकारी नहुँदा निर्वाचनमा भएका विवादका सम्बन्धमा उजुरी नगर्ने वा गरे पनि कम गर्ने परिपाटी देखियो । उजुरी गर्दा पनि कहाँ कसरी उजुरी गर्ने भन्ने जानकारी नभएका कारण अधिकार क्षेत्र नै नभएको निकायमा उजुरी गर्ने प्रवृत्तिले निर्वाचन विवाद निरूपणलाई व्यवस्थित बनाउन नसकेको अवस्था भेटियो । यस्तै कतिपय अवस्थामा झुट्टा उजुरी गर्ने गरेकोले समस्या सिर्जना भएको पनि पाइयो ।
- निर्वाचन विवाद सङ्क्षिप्त कार्यविधि अन्तर्गत हेरिनु पर्ने र उक्त कार्यविधि अन्तर्गत हेरिने मुद्दाको अन्तिम किनारा अदालतमा दुवै पक्ष उपस्थित भएको मितिले ९० दिनभित्र गरिसक्नु पर्ने व्यवस्था रहेको भए तापनि तोकिएको समयभित्र मुद्दा फछ्र्यौट हुन नसकेको पाइयो ।
- विवाद निरूपण गर्ने सम्बन्धमा मतदान अधिकृत, निर्वाचन अधिकृत तथा मुख्य निर्वाचन अधिकृतको अधिकार क्षेत्रभित्र पर्ने भए पनि ती अधिकारीहरू त्यस्तो अधिकार प्रयोग गर्ने काममा पन्छिने गरेको पाइयो ।
- निर्वाचन विवाद निरूपण कार्यविधिको अभावमा विवाद सिर्जना भएको अवस्थामा पनि विवाद समाधान गर्न कठिनाइ हुने गरेको देखियो ।

## सुझावहरू

- निर्वाचन आयोगले निर्वाचन सञ्चालनका क्रममा उठ्ने विवाद निरूपणमा संलग्न विभिन्न तहका पदाधिकारी मतदान अधिकृत, मुख्य निर्वाचन अधिकृत, निर्वाचन आयोग तथा अदालतले विवादको प्रकृति र ती विवादलाई निरूपण गर्न कसले के के गर्ने विषयमा स्पष्ट कार्यविधि (Standard Operation Procedure) बनाई लागु गर्नु पर्ने ।

- तोकिएको सीमित समय सीमाभित्र निर्वाचन विवादको प्रक्रिया टुङ्गोमा पुऱ्याउनका लागि निर्वाचन आयोगले एउटा विशेष निर्वाचन अदालत स्थापना गर्नका लागि सरकारसँग अनुरोध गर्ने ।
- स्थानीय तहको निर्वाचनको सवालमा निर्वाचन विवाद सुनुवाई गर्ने अधिकार समेत विशेष निर्वाचन अदालतलाई दिइनु पर्ने ।
- निर्वाचन विवादको फैसला छिटो हुनु पर्ने तथा मुद्दा फछ्र्यौट समयमा नै हुनु पर्ने ।
- आधारहीन उजुरी गर्नेलाई दण्डित गर्ने व्यवस्था कानुनमा राख्नु पर्ने ।
- निर्वाचन आयोगले निर्वाचनसँग सम्बन्धित सबै तालिम स्रोत पुस्तिकामा निर्वाचन विवाद निरूपण प्रक्रिया र संयन्त्र समावेश गर्नु पर्ने । निर्वाचन विवाद निरूपणसँग सम्बन्धित तालिम मुख्य रूपमा राजनीतिक दल/उम्मेदवार र राजनीतिक दलका कार्यकारी पदाधिकारी तथा मतदाता शिक्षा कार्यकर्तालाई प्रदान गर्ने ।
- निर्वाचन विवाद सम्बन्धी विषयका उजुरी वा गुनासा आधिकारिक संयन्त्रमा मात्र प्राप्त हुने परिपाटीको विकास गर्न निर्वाचन विवाद निरूपणका सम्बन्धमा भएका प्रावधानका विषय मतदान केन्द्रसम्म अर्थात् तल्लोभन्दा तल्लो तहसम्म प्रचार प्रसार गर्ने व्यवस्था मिलाइनु पर्ने ।
- निर्वाचन आयोगले निर्वाचन विवाद निरूपण प्रक्रिया पारदर्शी बनाउने । निर्वाचन विवाद निरूपण प्रक्रिया र संयन्त्रको जानकारी जनता र सम्बद्ध साझेदार राजनीतिक दल, उम्मेदवार, निर्वाचनमा खटिने कर्मचारीलाई तालिम दिने तथा ब्यापक रूपमा प्रचार प्रसार गर्ने ।
- आयोगले निर्वाचनसँग सम्बन्धित हिंसा घटाउनका लागि निर्वाचन विवाद निरूपणमा औपचारिक संयन्त्रको प्रयोग गर्ने ।

## २.१३ निर्वाचनमा सूचना प्रविधिको प्रयोग

- निर्वाचन आयोगले फोटो सहितको मतदाता नामावली Voter List With Photograph प्रयोग गरेको र सबै तहका निर्वाचन विवादरहित हुनुमा फोटो सहितको मतदाता नामावलीको भूमिका ज्यादै महत्वपूर्ण रहेको थियो ।
- निर्वाचनका वेलामा SMS प्रणाली अपनाई इभेन्ट ट्र्याकिङ्ग सिस्टमबाट मतदान केन्द्रमा समयमै निर्वाचन सामग्री पुगे नपुगेको विषय लगायत

मतदान केन्द्रमा भएका घटनाका सम्बन्धमा जानकारी प्राप्त गर्ने कार्य गरिएको थियो ।

- उम्मेदवारी दर्ता विवरण र निर्वाचन परिणामको सूचना निर्वाचन आयोगको वेवसाइटमा राखिएको थियो ।
- निर्वाचनको नतिजालाई प्रशोधन र एकीकरण गरी डाटाबेसमा भण्डारण गर्न Integreted Election Information Management System (IEIMS) को प्रयोग गरिएको थियो ।
- निर्वाचनको अवधिमा स्थानीय स्तरमा भएका विभिन्न घटनाको तथ्याङ्क सङ्कलन र विश्लेषण गरी निर्वाचन व्यवस्थापनमा देखा पर्ने सुरक्षा जोखिमको विश्लेषण गर्न निर्वाचन जोखिम व्यवस्थापन टुल (ERM Tool) को प्रयोग गरिएको थियो ।
- डाटाबेसमा रहेको तथ्याङ्क बमोजिम आवश्यकतानुसार विभिन्न प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाइएको थियो ।

## असल अभ्यास

QR Code विकास सहितको मतदाता परिचयपत्र, मोबाइल एप र निर्वाचन परिणाम व्यवस्थापन सफ्टवेयर यस वर्षको निर्वाचनमा प्रविधितर्फ प्रयोग भएका मुख्य असल अभ्यास हुन् ।

- निर्वाचनसँग सम्बन्धित आम मतदाताका जिज्ञासा सम्बोधनको लागि आयोगमा कल सेन्टर सञ्चालन गरिएको थियो ।
- निर्वाचनसँग सम्बन्धित जानकारी जस्तै : निर्वाचन समयसीमा, उम्मेदवार मनोनयन, निर्वाचन परिणाम आदि वेबसाईट र एपको माध्यमबाट प्रक्रियाको पारदर्शिता सुनिश्चित गरिएको थियो ।
- निर्वाचन सम्बन्धी समस्या तत्काल समाधानको लागि गृह मन्त्रालय, सुरक्षा निकायका प्रतिनिधि सहितको Joint Electoral Operation Center (JEOC) को स्थापना र कार्यान्वयन भएको थियो ।

## अनुभव गरिएका मूलभूत समस्या

- निर्वाचन आयोग सूचना प्रसारण गर्ने गराउने काममा धेरै ढिला रहेको पाइयो । विशेषतः निर्वाचन परिणामको सूचना प्रवाह गर्न निजी सञ्चार माध्यमहरू

धेरै सक्रिय र छरितो रहेको पाइयो । स्थानीय तहको निर्वाचनको समयमा मत गणना र निर्वाचन परिणामको घोषणा सोचेभन्दा धेरै नै ढिला भएको थियो । जसले गर्दा अधिकांश मतदाता निर्वाचन परिणाम व्यवस्थापन प्रणालीप्रति निराश देखिएका थिए ।

- स्थानीय तह निर्वाचनको समयमा उम्मेदवार मनोनयन सम्बन्धमा तयार पारिएको सफ्टवेयरका सम्बन्धमा सीमित समयावधिको कारण पर्याप्त तालिम प्रदान हुन नसक्दा सफ्टवेयर प्रयोगमा समस्या देखिन गयो । जसले गर्दा तथ्याङ्क प्रविष्टिमा समेत ढिलाइ भएको थियो ।
- निर्वाचन अधिकृतको कार्यालयमा नियमित रूपमा विद्युत आपूर्ति नहुँदा तथा इन्टरनेट र केन्द्रीय सर्भरमा समस्या हुँदा उम्मेदवार मनोनयन दर्ता गर्न, निर्वाचन परिणाम अद्यावधिक लगायतका कार्यमा निर्वाचन आयोगले व्यवस्था गरेको प्रविधिको उपयोग गर्न  समस्या उत्पन्न भएको थियो ।
- निर्वाचनको मौन अवधिमा पनि सामाजिक सञ्जालको दुरूपयोग भएको थियो ।
- ग्रामीण भेगमा सूचना प्रविधि मार्फत निर्वाचनका सम्बन्धमा गरिएको प्रचार प्रसार त्यति प्रभावकारी भएको पाइएन ।
- भौगोलिक विकटताका कारण सबै ठाउँमा सूचना प्रविधिको सहज पहुँच हुन नसकेका कारण प्रविधिको प्रयोगमा समस्या हुन गयो ।
- आयोगको कल सेन्टरको प्रभावकारिताको अवस्था न्यून रहेको पाइयो ।

## सुझावहरू

- आगामी निर्वाचनमा विद्युतीय मतदान यन्त्र (ई.भि.एम.) को प्रयोगका सम्बन्धमा कानुन बनाई कार्यान्वयन गर्ने ।
- अनलाइन भोटिङको सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याउन पहल गर्ने ।
- हाल भएको मतदाता दर्ता सफ्टवेयरलाई समयानुसार परिमार्जन गर्दै लैजानु पर्ने ।
- निर्वाचन सम्बन्धी अनलाइन सफ्टवेयरको प्रभावकारी प्रयोगका लागि प्रयोगकर्ता मैत्री बनाई सञ्चालन सम्बन्धी तालिम उपलब्ध गराउनु पर्ने ।
- निर्वाचन आयोगको वेबसाइट नियमित रूपमा अद्यावधिक गरिनु पर्ने ।

- कल सेन्टरलाई अझ प्रभावकारी बनाइनु पर्ने ।
- कम्प्युटर अपरेटर लगायतका प्राविधिक कर्मचारीलाई निर्वाचनमा प्रयोग हुने सफ्टवेयर सम्बन्धी तालिम उपलब्ध गराउनु पर्ने र आवश्यकता अनुसार कम्प्युटर अपरेटरको थप दरबन्दी हुनु पर्ने ।
- निर्वाचन आयोग र सरकार दुवैको संयुक्त प्रयासले मौन अवधिमा सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित बनाउने ।

## २.१४ निर्वाचन सुरक्षा व्यवस्थापन र सरोकारवालासँगको समन्वय

- निर्वाचन आयोगले राजनीतिक दल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार एवं पर्यवेक्षण संघ संस्थासँग निर्वाचनको मिति घोषणा पश्चात् अन्तरक्रिया तथा परामर्श गरेको थियो । साथै, सुरक्षा निकायसँग विभिन्न चरणमा बैठक सम्पन्न गरेको थियो ।
- जिल्ला स्तरमा निर्वाचन सरोकारवाला (राजनीतिक दल, उम्मेदवार, नागरिक समाज तथा पर्यवेक्षक) बीचको समन्वय संयन्त्र प्रभावकारी रहेको पाइएको थियो ।
- निर्वाचन सुरक्षा सम्बन्धमा राष्ट्रिय सुरक्षा समिति, सुरक्षा निकायहरू (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग) सँगको समन्वयमा केन्द्रदेखि स्थानीय स्तरसम्म समन्वय गरी करिब ३ लाखको सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो ।
- निर्वाचन अवधिमा सार्वजनिक सम्पत्ति, भौतिक पूर्वाधार, राजनीतिक दलका नेता, उम्मेदवार, निर्वाचन सामग्री, आम मतदाता, मतदान केन्द्रको सुरक्षा प्रवन्धको लागि राष्ट्रिय सुरक्षा समिति, सुरक्षा निकायहरू (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग) सँगको समन्वयमा केन्द्रदेखि स्थानीय स्तरसम्म आवश्यक सुरक्षा व्यवस्था मिलाइएको थियो ।
- मतदान व्यवस्थापनमा तीन घेराको सुरक्षा बन्दोवस्त मिलाइएको थियो । त्यसमध्ये सबैभन्दा बाहिरी घेरामा नेपाली सेनाले सुरक्षा प्रदान गरेको थियो ।
- एकीकृत निर्वाचन सुरक्षा योजना तर्जुमा गरी सोही अनुरूप कार्यान्वयन गरिएकोले छिटपुट हिंसात्मक घटना बाहेक समग्रमा सबै तहका निर्वाचन

अवधिमा शान्ति सुरक्षाको अवस्था सामान्य रहेको पाइएको थियो । निर्वाचन अवधिमा समग्र सुरक्षा व्यवस्थापनको प्रभावकारिताको बारेमा सोधिएको प्रश्नमा समीक्षामा संलग्न ५ प्रतिशत सहभागीले मात्र कम प्रभावकारी रहेको भनेका छन् । करिब ९० प्रतिशत भन्दा बढी सहभागीले प्रभावकारी रहेको अभिमत दिएका छन् जुन अभिमत अति सकारात्मक रहेको छ ।

चित्र १६

निर्वाचन अवधिमा समग्र सुरक्षा व्यवस्थापन कत्तिको प्रभावकारी रह्यो ?




- नेपाल र भाारतबीचको खुला सीमाका कारण हुन सक्ने सम्भावित घटनालाई दृष्टिगत गरी नेपाल सरकारद्वारा मतदानको दिनभन्दा सामान्यत: २४ घण्टा अगाडिदेखि सीमा बन्द गरिएको र निर्वाचन अवधिमा सीमा सुरक्षा व्यवस्था कडा गरिएको थियो ।
- समग्र निर्वाचन अवधिमा काभ्रेपलाञ्चोक, कालिकोट र दोलखा जिल्लामा भएका हिंसात्मक झडपमा परी ३ जनाको मृत्यु भएको थियो ।
- निर्वाचन अवधिमा राजनीतिक दलका विभिन्न नेतृत्वलाई लक्षित गरी बम विष्फोटका घटना गराइएको र त्यसबाट भौतिक सम्पत्तिको समेत क्षति भएको थियो ।
- आयोगमा रहेको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) मार्फत केन्द्र तथा सबै जिल्ला स्तरमा निर्वाचन प्रक्रियामा सहजीकरण तथा समन्वय भएको थियो ।

- जिल्ला स्तरमा सुरक्षा व्यवस्थापन समितिको व्यवस्था गरी सर्वपक्षीय, सर्वदलीय बैठकबाट निर्वाचनसँग सरोकार राख्ने राजनीतिक दल, नागरिक समाज, पत्रकारसँग प्रभावकारी समन्वय भएको थियो ।
- निर्वाचन सुरक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन भएको थियो ।

## असल अभ्यास

- चरणबद्ध निर्वाचनले सुरक्षामा सहजता पैदा गरेको ।
- ३ (तीन) घेराको सुरक्षा व्यवस्थाको सिद्धान्त राम्रो रहेको ।

## अनुभव गरिएका मूलभूत समस्या

- म्यादी प्रहरीको छनोट र परिचालनमा राजनीतिक दवाव देखियो । दबाबको यस अवस्थाले निष्पक्ष र योग्य व्यक्ति छनोट कार्य प्रभावित समेत हुन पुग्यो । छनोट गरिएका म्यादी प्रहरीमा सुरक्षा सम्बन्धी दक्षताको पनि कमी रहेको पाइयो ।
- जिल्ला स्तरमा रहेका संयुक्त निर्वाचन सञ्चालन केन्द्र प्रभावकारी देखिएनन् ।
- निर्वाचन जोखिम व्यवस्थापन प्रभावकारी भएको पाइएन ।
- मतदान केन्द्रमा खटिने म्यादी सुरक्षाकर्मीलाई अभिमुखीकरण पर्याप्त रूपमा हुन सकेन ।
- मुख्य निर्वाचन अधिकृतलाई जिल्ला स्तरीय सुरक्षा बैठकमा आमन्त्रण नगरिएको र ती अधिकृतलाई मतदान केन्द्रको सवेदनशीलता वर्गीकरणको आधार पनि थाहा दिइएन ।

## सुझावहरू

- सुरक्षाको दृष्टिले म्यादी प्रहरी परिचालन गर्ने व्यवस्था खारेज गरी भूतपूर्व प्रहरी सेना परिचालन गरी निर्वाचन गराउने ।
- निर्वाचनमा पर्याप्त सुरक्षाकर्मीको व्यवस्था हुनु पर्ने र निर्वाचन जोखिम व्यवस्थापन प्रभावकारी हुनु पर्ने ।

- जिल्ला स्तरमा निर्वाचन सुरक्षा सम्बन्धी बैठकमा मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई अनिवार्य बोलाउने कानुनी व्यवस्था गर्नु पर्ने । सबै मतदान केन्द्रलाई संवेदनशील केन्द्रको रूपमा लिनु पर्ने ।
- निर्वाचनको समयमा भि सेट प्रणाली वा सेटेलाइट फोनको व्यवस्था गर्ने ।
- निर्वाचनमा केन्द्रीय तथा जिल्ला तहमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको जिम्मेवारी तथा भूमिका स्पष्ट हुनु पर्ने र सो अनुरूप उनीहरूलाई आवश्यक स्रोत साधन उपलब्ध गराउने ।

## २.१५ सामग्री व्यवस्थापन

- निर्वाचनका लागि प्रयोग हुने विभिन्न किसिमका सामग्री भण्डारणका लागि निर्वाचन आयोग परिसरमा गोदाम घरको निर्माण गरिएको थियो ।
- सामग्री खरिदका सन्दर्भमा मुख्यतः गाडी खरिद सम्बन्धी विषयको विवाद विभिन्न सञ्चार माध्यममा प्रकाशित भएका थिए ।
- मतदान कार्यको प्रयोजनका लागि करिव ६७ प्रकारका विभिन्न सामग्री आवश्यक ठानिएको थियो । ती मतदान सामग्री आयोग र जिल्ला स्तरबाट व्यवस्थापन गरिएको थियो ।
- सार्वजनिक खरिद ऐन र आवश्यकतानुसार निर्वाचन आयोग ऐन अनुसार सामग्री खरिद गरिएको थियो ।
- स्थानीय तह निर्वाचनका लागि ८३ दिनको र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि ९७ दिनको समय तालिका बनाई सामग्री व्यवस्थापन गरिएको थियो ।
- स्थानीय तह निर्वाचनमा जेलपेन, स्केल, कैंची, स्ट्याम्प प्याड र त्यसमा प्रयोग हुने मसी, क्यालकुलेटर लगायत ११ प्रकारका सामग्री चीन सरकारबाट, मोटर साइकल, स्कुटर, जीप, बस लगायत ८६ थान सवारी साधन भारत सरकारबाट र ९०० थान ल्यापटप कम्प्युटर र त्यति नै सङ्ख्यामा टोनर, प्रिन्टर यूएनडीपी निर्वाचन सहायता परियोजनाबाट सहयोग स्वरूप प्राप्त भएका थिए ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन र त्यसपछि सम्पन्न राष्ट्रिय सभा, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा प्रयोग भएका सबै सामग्री नेपाल सरकारको स्रोतबाट व्यवस्थापन गरिएको थियो ।

## असल अभ्यास

- निर्वाचन आयोगले विगतका निर्वाचनको तुलनामा वि. सं. २०७४ सालमा सम्पन्न भएको स्थानीय तह, प्रतिनिधि सभा र संसदीय निर्वाचनका समयमा सार्वजनिक खरिद सम्बन्धी क्षमता अभिबृद्धि गरेको थियो । उदाहरणका लागि : ३०,००० मतपेटिकाको खरिद, स्थानीय तह निर्वाचनका लागि १ करोड ६० लाख मतपत्र र प्रदेश एवं प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि ५ करोड ३७ लाख मतपत्र छपाइ गरिएको, १ करोड ५२ लाख मतदाता परिचयपत्र र मतदान केन्द्रको लागि आवश्यक पर्ने आंशिक सामान आदि निर्वाचन आयोग स्वयंले सार्वजनिक खरिद प्रक्रियाद्वारा खरिद गरेको थियो । निर्वाचन आयोगले मतपत्रको छपाइ जनक शिक्षा सामग्री केन्द्रमा गरेको थियो ।
- जिल्ला निर्वाचन कार्यालयले सामग्री प्याकिङ र वितरण गर्ने कार्य गरेको थियो । निर्वाचन सामग्रीको पर्याप्ततामा कुनै कमी नभएको र ती सबै सामग्री समयमा नै उपलब्ध भएका थिए ।
- संवेदनशीलताका हिसाबले निर्वाचन सामग्री अति संवेदनशील, संवेदनशील र सामान्य गरी तीन किसिममा वर्गीकरण गरिएको थियो ।
- दुर्गम स्थानमा नेपाली सेनाको हेलिकोप्टर प्रयोग गरी निर्वाचन सामग्री पठाइएको थियो ।

## अनुभव गरिएका मूलभूत समस्या

- आवधिक र निश्चित समय तालिका बमोजिम निर्वाचन सम्पन्न गर्ने पद्धतिको अभावका कारण निर्वाचनको मिति तोकेपछि मात्रै तयारी प्रारम्भ गर्दा छोटो समय सीमाभित्र सामग्री खरिद गर्नु पर्ने बाध्यता रहेको देखियो ।
- निर्वाचन क्यालेन्डरको अभावमा निर्वाचन आयोगले बृहत् खरिद योजना बनाएको देखिएन । आयोगको सार्वजनिक बित्तको जवाफदेहिताको बारेमा निकै सवाल पनि उठेका थिए ।
- अधिकांश स्थानमा निर्वाचन सामग्रीको भण्डारणमा समस्या उत्पन्न भएको थियो ।
- मतदान सम्पन्न भए पश्चात् सङ्कलन गरिने मतपेटिका लगायतका निर्वाचन सामग्री ढुवानी गर्ने कार्यमा जनपद प्रहरी, सशस्त्र प्रहरी बल, प्रमुख जिल्ला अधिकारी र मुख्य निर्वाचन अधिकृत बीच समन्वय नहुँदा र सो

शीर्षकको बजेट पारदर्शी नहुँदा सामग्री ढुवानी व्यवस्थापनमा जटिलताको स्थिति देखिएको थियो ।

### सुझावहरू

- नेपाल सरकारले निर्वाचन सम्बन्धी ऐनमा संशोधन गरी त्यसमा निर्वाचन हुने वर्ष र महिना उल्लेख गरी निर्वाचन क्यालेन्डर समावेश गर्नु पर्ने ।
- निर्वाचन आयोगले निर्वाचन सामग्रीको खरिद योजना समयमा नै बनाउनु पर्ने र छिटो खरिद गर्ने प्रक्रियालाई हटाउनका लागि सार्वजनिक खरिद ऐन अनुसार प्रतिस्पर्धात्मक बोल कबोल गर्ने प्रक्रियाको अवलम्वन गर्नु पर्ने ।
- सामग्री खरिद र प्राप्तिमा विकेन्द्रीकरण हुनु पर्ने, सामान्य प्रकृतिका निर्वाचन सामग्री स्थानीय स्तरमा प्रदेश वा जिल्ला स्तरमा नै छपाइ वा खरिद गर्ने व्यवस्था हुनु पर्ने । उदाहरणका लागि स्टेशनरी सामान, विभिन्न प्रकारका अनुसूची फाराम आदिका बारेमा यस्तो व्यवस्था गर्न सकिए ढुवानी खर्च घट्ने र त्यसको बृहत् व्यवस्थापनको पाटो पनि सरल हुन सक्दछ ।
- निर्वाचन सामग्री बुझ्दा सुरक्षाकर्मी र मतदान अधिकृतसँगै भएर बुझ्ने व्यवस्था गरिनु पर्ने ।
- जिल्ला स्तरमा निर्वाचन सामग्रीको सुरक्षित भण्डारण स्थलको व्यवस्था जिल्ला निर्वाचन कार्यालयले गर्ने ।
- निर्वाचन सामग्री कम्तीमा एक महिनाअघि नै जिल्लामा पुर्‍याई सक्नु पर्ने ।
- निर्वाचन मतपेटिका ढुवानी खर्च हाल सुरक्षा निकायलाई दिने गरेकोमा अब उप्रान्त जिल्ला निर्वाचन कार्यालयलाई दिने व्यवस्था गर्ने ।

## २.१६ मतपत्र व्यवस्थापन

- सबै तहका निर्वाचनको मतपत्र जनक शिक्षा सामग्री केन्द्रमा सुरक्षित वातावरणमा छपाइ गरिएको थियो । स्थानीय तह निर्वाचनका लागि १ करोड ६० लाख र प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि ५ करोड ३७ लाख मतपत्र छापिएका थिए । स्थानीय निर्वाचन तहको लागि मतपत्र छाप्न २२ र प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि ३५ कार्य दिन लागेको थियो । राष्ट्रिय सभा, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनका लागि आयोगमै मतपत्र छापिएको थियो ।

- स्थानीय तह निर्वाचनमा विभिन्न ६ प्रकारका मतपत्र रहेका थिए । त्यसमा सबैभन्दा सानो १८ लहरको र ठुलो ६८ लहरको मतपत्र रहेको थियो ।

- प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन एकै पटक हुने अवस्थामा मतपत्र छपाइका लागि उपलव्ध समय सीमा र पूर्वाधार एवं मतदान केन्द्रको व्यवस्थापन समेतलाई ध्यानमा राखी दुवै सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको २ वटा मतपत्र एउटा पानामा र समानुपातिक निर्वाचन प्रणालीको २ वटा मतपत्र एउटा पानामा छपाइ गर्ने गरी मतपत्रको डिजाइन गरिएको थियो । समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र छपाइ प्रारम्भ भइसकेपछि दुवै सभाका चार वटै मतपत्र अलग अलग हुनु पर्ने भनी सम्मानित सर्वोच्च अदालतमा रिट दायर भएकोमा सुनुवाइ हुँदा सर्वोच्च अदालतबाट समानुपातिक निर्वाचन प्रणालीतर्फका मत्रपत्र छपाइ भई सकेकोले यसमा केही गर्नु नपर्ने तर पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनको मतपत्रको हकमा अलग अलग मतपत्रको व्यवस्था गर्न आदेश दिएकोले उक्त आदेश बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनका लागि दुई अलग अलग मतपत्र र समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनका लागि एक मतपत्र रहने गरी तीन वटा मतपत्र प्रयोग गर्न भनिएको थियो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचनका लागि हरियो र समानुपातिक निर्वाचन प्रणालीकालागि रातो मसी प्रयोग गरी मतपत्र छापिएको थियो ।

- अपेक्षितभन्दा कम सङ्ख्यामा उम्मेदवारी परेका कारण अलग अलग छपाइ गर्नु पर्ने अवस्थामा पनि मतपत्र व्यवस्थापन गर्न सम्भव भएको थियो ।

## असल अभ्यास

- मतपत्र डिजाइन तथा तयारी जस्तो विषयमा आयोगले पूर्व सजगता अपनाएर निर्वाचनको लामो अनुभव सँगालेका र सो कार्यमा विगतमा पनि संलग्न भई कार्य गरेका केही व्यक्तिलाई विज्ञका रूपमा र केहीलाई काजमा झिकाई सो सम्बन्धी कार्य गराएको थियो । आयोगको यस किसिमको सजगताले मतपत्र डिजाइन र तयारीका विषयमा आयोगले कुनै किसिमको समस्या भोग्नु परेन ।

## समस्या र चुनौती

- स्थानीय तह निर्वाचनका लागि एउटै कागजमा रहेका ६ वटा मतपत्रबाट ७ जना उम्मेदवार छान्नु पर्ने गरी मतपत्रको डिजाइन गर्नु पर्ने बाध्यताका कारण अधिकांश मतदातालाई आफूले रोजेको चिह्नमा मतदान गर्न कठिन भएको थियो । यसले गर्दा मत गणना तथा निर्वाचन परिणाम घोषणा गर्न समेत बढी समय लाग्न गयो ।
- स्थानीय तहको निर्वाचनमा ठुलो आकार र जटिल किसिमको मतपत्रको संरचना भएको र अपर्याप्त मतदाता शिक्षाको कारण बदर मत प्रतिशत उच्च रहन पुग्यो । सञ्चार माध्यमका अनुसार १२ प्रतिशत तर निर्वाचन आयोगका पदाधिकारीहरूका अनुसार ३ प्रतिशत मतपत्र मात्र बदर भएका थिए । त्यसै गरी, प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको बदर मत प्रतिशत क्रमश ५ प्रतिशत र ९ प्रतिशत थियो, जबकि सञ्चार माध्यमका स्रोतहरूले पहिलो हुने निर्वाचित हुनेमा ४ प्रतिशत र समानुपातिकमा १४ प्रतिशत मत बदर हुने अनुमान गरेका थिए ।
- स्थानीय तहको निर्वाचनमा उम्मेदवारको टुङ्गो नलागिसकेको अवस्थामा नै मतपत्र छाप्दा मतपत्रमा निर्वाचनमा भाग नलिएका राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारको लागि समेत निर्वाचन चिह्न समावेश गरिएकोले मतपत्रको आकार निकै ठुलो हुन गएको थियो ।
- स्थानीय तहको निर्वाचनमा मतपत्र र स्वस्तिक छापको मसीको रङ उस्तै रहेको थियो ।
- एकाध ठाउँमा एक जिल्लाको मतपत्र अर्को जिल्लामा पनि पुगेको थियो ।
- एकै पटक दुई वटा निर्वाचनको व्यवस्था भएको कारणले एउटा मतपेटिकामा खसाउनु पर्ने मतपत्र अर्को मतपेटिकामा खसाइएको पनि पाइयो ।
- झुक्किन सक्ने गरी दुई दल वा उम्मेदवारलाई उस्तै चुनाव चिह्न (जस्तै गाई र गोरु) प्रदान गरिएको थियो ।

### सुझावहरू

- स्थानीय तह, प्रतिनिधि सभा, प्रदेश सभाको निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको प्रत्येक पदको लागि भिन्नाभिन्नै मतपत्रको व्यवस्था हुनु पर्ने ।
- उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरेपछि मात्र मतपत्र छपाइ गर्ने । सकभर जिल्लामा नै छाप्ने । यसका लागि थप कानुनी व्यवस्था गर्नु पर्ने ।
- मतपत्रको रङ र स्वस्तिक छापको मसीको रङ बीच प्रष्ट भिन्नता कायम गर्ने ।
- मतदाता नझुक्किने गरी उस्तै देखिने प्रकृतिका चुनाव चिह्न (उदाहरणका लागि गाई र गोरु) प्रदान नगर्ने ।
- मतपत्रमा निर्वाचन चिह्नको आकार र मतदान गर्ने कोष्ठ ठुलो बनाउने ।

## २.१७ जनशक्ति व्यवस्थापन

- निर्वाचन कार्यका लागि निर्वाचन आयोग र अन्तर्गत कार्यरत जनशक्तिले मात्र नपुग्ने, विशेष खालको दक्षता आवश्यक हुने कामको लागि समेत अन्यत्र कार्यालयबाट कर्मचारी काजमा ल्याउनु पर्ने भएकाले आवश्यक जनशक्ति विभिन्न सरकारी तथा सरकारी स्वामित्व रहेका कार्यालयबाट काजमा ल्याइएको थियो ।
- प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा मतदाता दर्ता, मतदाता शिक्षा, निर्वाचन अधिकृतको कार्यालय सञ्चालन, मतपत्र छपाइ, सामग्री व्यवस्थापन, मतदान व्यवस्थापन, निर्वाचनको अनुगमन एवं मत गणना जस्ता कार्यमा स्थानीय तह निर्वाचनमा करिब २ लाख ३५ हजार र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा करिव २ लाख ८५ हजार जनशक्ति परिचालन गरिएको थियो ।
- निर्वाचन व्यवस्थापनको लागि आयोगको केन्द्रीय सचिवालयमा समानुपातिक निर्वाचन एकाई, संयुक्त निर्वाचन सञ्चालन केन्द्र (Joint Election Operation Center-JEOC), सञ्चार एकाई, आचार संहिता अनुगमन एकाई, निर्वाचन विवाद निरूपण एकाई, कलसेन्टर तथा निर्वाचन पर्यवेक्षण एकाई स्थापना गरी सञ्चालनमा ल्याइएको थियो ।
- स्थानीय तह निर्वाचनमा जिल्ला स्तरमा समेत संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना गरी सञ्चालन गरिएको थियो ।

- मतदान केन्द्रमा कर्मचारी खटन पटन गर्दा समावेशीतालाई ध्यान दिइएको थियो । प्रत्येक मतदान केन्द्रमा कम्तीमा एक जना महिला स्वयंसेवक हुनु पर्ने व्यवस्था गरिएको थियो ।
- मुख्य/निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, मतदान केन्द्र र मत गणना स्थलको सुरक्षा व्यवस्थाका लागि आवश्यक सुरक्षा जनशक्तिको व्यवस्थापन नेपाल सरकारले मिलाएको थियो ।
- जिल्ला स्तरमा कर्मचारीको नामावली एकीकृत रूपमा सङ्कलन गरी जनशक्ति व्यवस्थापन समिति मार्फत योग्यतम जनशक्तिको छनोट गरिएको थियो ।
- प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउँदा गोला प्रथा अपनाइएको थियो ।
- ट्रेड युनियन, संघ सङ्गठनका पदाधिकारीलाई निर्वाचनमा खटाइएको थिएन । मतदान सञ्चालनका लागि कर्मचारी खटाउँदा सकभर घर ठेगाना फरक पारी खटाइएको थियो ।
- केही मतदान केन्द्रमा सबै कर्मचारी महिला मात्र खटाइएको थियो र त्यस्तो मतदान केन्द्रको व्यवस्थापन प्रभावकारी रहेको थियो ।
- निर्वाचनमा शिक्षक/शिक्षिकालाई पनि परिचालन गरिएको थियो ।

## असल अभ्यास

- निर्वाचन आयोगले केही अनुभवी अवकाश प्राप्त कर्मचारीलाई विज्ञका रूपमा नियुक्त गरी सेवा प्राप्त गरेको थियो । साथै, विगतका निर्वाचनमा निर्वाचनको अनुभव प्राप्त गरेका विभिन्न मन्त्रालय/विभागका राष्ट्रसेवक कर्मचारीलाई पनि काजमा ल्याई सेवा प्राप्त गर्ने अभ्यासलाई निरन्तरता दिएको थियो ।

## अनुभव गरिएका मूलभूत समस्या

- जिल्ला स्तरमा कार्यरत कर्मचारीको अद्यावधिक सूची प्राप्त हुन नसकेको र सरुवा भएका कर्मचारीको समेत नाम प्राप्त भएकोले कर्मचारी खटनपटनमा समस्या भएको थियो ।
- केही जिल्लामा मतदान केन्द्रमा गोला प्रथाबाट कर्मचारी परिचालन गर्ने नीतिले समस्या सिर्जना भएको थियो भने केही जिल्लामा सहज । निर्वाचनमा

खटाएका कर्मचारी जान नचाहने, खटिन इच्छुक कर्मचारी जान नपाउने तर अनिच्छुक कर्मचारी जानु पर्ने बाध्यता रहेको पनि समीक्षाका क्रममा जानकारी हुन आयो । कर्मचारीहरू तोकिएको मतदान केन्द्रमा खटिई जान नमान्ने, स्थान र कामका हिसाबले सहज हुने मतदान केन्द्रमा मात्र जान खोज्ने प्रवृत्ति राम्रो देखिएन ।

- कुनै दलगत राजनीतिक विचारधारासँग प्रस्ट रूपमा आबद्ध देखिएका स्थानीय स्तरका कर्मचारीलाई मतदानमा खटाउँदा समस्या भएको स्थिति पनि पाइयो ।
- मतदान/सहायक मतदान अधिकृतसँग सहायक कर्मचारीको पर्याप्त रूपमा समन्वय हुन नसकेको अवस्था पनि देखियो ।
- निर्वाचनका लागि आवश्यक सम्पूर्ण जनशक्ति परिचालनको प्रमुख जिम्मेवारी मुख्य निर्वाचन अधिकृतलाई दिइएको थियो ।
- निर्वाचनमा शिक्षक खटनपटन कार्यले यदाकदा राजनीतिक विवाद हुने गरेको पनि पाइयो ।
- मतदान व्यवस्थापनमा राम्रो गर्ने र नराम्रो गर्नेलाई पुरस्कार र दण्डको व्यवस्था गर्न सकेको अवस्था देखिएन ।
- जगेडामा रहने कर्मचारी र सवारी चालकलाई आर्थिक सुविधाको व्यवस्था नगरिएकाले उनीहरूमा असन्तुष्टि रहेको पाइयो ।
- कर्मचारी खटनपटनमा कर्मचारीका ट्रेड युनियनबाट दबाव हुने गरेको पाइयो ।
- निर्वाचन मिति घोषणा पश्चात् पनि कर्मचारी सरुवा बढुवा र काज नरोकिएकोले जनशक्ति व्यवस्थापनमा अप्ठ्यारो परिस्थिति सिर्जना भएको थियो ।

## सुझावहरू

- निर्वाचन आयोगले निर्वाचन नभएको अवधिमा पनि आफ्ना कर्मचारीको आत्मविश्वास बढाउनका लागि निर्वाचन व्यवस्थापन र सञ्चालनलाई केन्द्रित गरेर पेशागत विकासका तालिम सञ्चालन गर्नु पर्ने ।
- निर्वाचन आयोगमा कार्यरत कर्मचारीमा निर्वाचन सम्बन्धी ज्ञान अभिवृद्धि गराउन विषयगत क्षेत्रमा भिडियो/एनिमेशनसहितको अनिवार्य अनलाईन तालिम पाठ्यक्रमको विकास गर्ने र कार्यान्वयन गर्ने । यसका लागि

आयोगले तालिम तथा क्षमता विकास क्रियाकलापमा दिगो प्रयोगको लागि आफ्नै स्रोतको प्रयोग गर्ने ।

- निर्वाचन आयोगले अध्ययन र अनुसन्धानमा जोड दिने तथा सार्क र अन्य मुलुकका निर्वाचन व्यवस्थापन निकायसँग अनुभव आदान प्रदान गर्ने ।

- निर्वाचन आयोगले क्षमता विकासका लागि नयाँ रणनीतिक योजनाको विकास गर्ने र आयोगका पदाधिकारी तथा कर्मचारीका लागि रणनीतिक योजना लगायत ब्रिज (BRIDGE) मोड्युलको कार्यशाला गोष्ठी सञ्चालन गर्ने ।

- निर्वाचन सञ्चालनका लागि जिल्ला स्तरमा जिल्ला निर्वाचन कार्यालयले समयमै कर्मचारीको विवरण सङ्कलन र अद्यावधिक गर्नु पर्ने र कर्मचारीको नाम थर, ठेगाना, फोन नम्बर जस्ता विवरण स्पष्ट हुनु पर्ने ।

- प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको समितिले कर्मचारी खटन पटन गर्ने गरेकोमा मुख्य निर्वाचन अधिकृत स्वयंम्ले गर्न पाउने अधिकार हुनु पर्ने । यस बारेमा थप छलफल गरी निर्वाचन आयोगले अन्तिम निर्णय लिनुपर्ने ।

- कर्मचारी खटन पटनमा क्षमता र अवस्थाका आधारमा क्लस्टरिङ गरी गोला प्रथा गर्ने वा कर्मचारी खटनमा प्रयोग भएको गोला प्रथाले सही कर्मचारी खटाउन बाधा पुऱ्याएकोले गोला प्रथा हटाउनु पर्ने भन्ने बारेमा थप छलफल गरी निर्वाचन आयोगले अन्तिम निर्णय लिनु पर्ने ।

- निजामती कर्मचारी उपलब्ध भएसम्म शिक्षकलाई निर्वाचनमा नखटाउने प्रचलन रहेकोमा आगामी निर्वाचनमा शिक्षकको सहभागिता वृद्धि गर्ने । आफ्ना सन्ततिको भविष्य निर्माणमा शिक्षकलाई विश्वास गर्ने तर निर्वाचनमा काम गर्न विश्वास नगर्ने कुरा युक्तिसङ्गत नभएकोले यसमा निर्वाचन आयोगले अग्रसरता देखाउनु पर्ने ।

- उपलब्ध भएसम्म निर्वाचन कार्यमा महिला कर्मचारीलाई प्राथमिकता दिने नीति अवलम्बन गर्ने ।

- निर्वाचन सञ्चालनमा राम्रो कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत र नराम्रो गर्नेलाई कालो सूचीमा राखी दण्डको व्यवस्था गर्ने ।

## २.१८ आर्थिक व्यवस्थापन

- स्थानीय तह र प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आयोगले छुट्टा छुट्टै आर्थिक निर्देशिका बनाएको र सोही बमोजिम खर्च व्यवस्थापन गरेको थियो ।
- स्थानीय तह निर्वाचन २०७४ को प्रथम र दोस्रो चरणको निर्वाचनमा रु ५ अरब ८४ करोड तथा तेस्रो चरणको निर्वाचन (क्षेत्रीय तथा जिल्ला निर्वाचन कार्यालय, मुख्य/निर्वाचन अधिकृतको कार्यालय र गृह मन्त्रालय समेत) का लागि विनियोजित बजेट रकम रु १ अर्ब ५० करोडमध्ये रु ९४ करोड ७७ लाख खर्च भएको थियो ।
- प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन २०७४ (क्षेत्रीय तथा जिल्ला निर्वाचन कार्यालय, मुख्य/निर्वाचन अधिकृतको कार्यालय र गृह मन्त्रालय समेत) का लागि विनियोजित बजेट रु ९ अर्ब ७० करोडमध्ये वि. सं. २०७५ साल जेठ २१ गतेसम्म प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा करिब रु ७ अर्ब ५९ करोड, राष्ट्रिय सभा सदस्य निर्वाचनमा रु ३ करोड ६५ लाख तथा राष्ट्रपति/उपराष्ट्रपतिको निर्वाचनमा रु ५७ लाख खर्च भएको थियो ।
- आर्थिक व्यवस्थापनको लागि थप लेखापाल/लेखा अधिकृतको व्यवस्था गरिएको थियो ।

## अनुभव गरिएका मूलभूत समस्या

- शीर्षक अनुसार रकम बाँडफाँट गर्ने कार्य अव्यावहारिक र अवास्तविक देखियो । कतिपय शीर्षकमा आवश्यकताभन्दा बढी र कतिपय शीर्षकमा आवश्यकताभन्दा कम रकम बिनियोजन हुने गरेको पाइयो ।
- निर्वाचन खर्च स्थानीय स्तरमा हुने भए पनि महालेखा परीक्षकको लेखा परीक्षण जिल्लामा नभई केन्द्रमा हुने गरेकोले लेखा परीक्षण कार्यमा कठिनाइ भएको देखियो । निर्वाचन खर्चको लेखा परीक्षणमा भएको बेरुजुको जानकारी सम्बन्धित मुख्य निर्वाचन अधिकृतलाई समयमा नै नगराउने गरिएको पाइयो ।
- रकमान्तरको व्यवस्था कठोर रहेको पाइयो ।

- सम्पूर्ण आर्थिक जिम्मेवारी मुख्य निर्वाचन अधिकृतमा निहित रहन गएको थियो ।
- तोकिएको शीर्षकभन्दा बाहिर गई गरिएको खर्चको समर्थन यथासमयमा हुन सकेको देखिएन ।
- आर्थिक निर्देशिकामा छिटो छिटो संशोधन हुने गरेकोले खर्च गराइमा समस्या आइपरेको पाइयो ।
- महालेखा परिक्षकको प्रतिवेदन २०७४ अनुसार स्थानीय तह निर्वाचनमा मत गणना भत्ताको १५ प्रतिशत कर कट्टी नगरेको, दैनिक भत्ता र खाजा खाना खर्च दुवै भुक्तानी गरेको, जगेडाका कर्मचारीलाई समेत भ्रमण खर्च रकम भुक्तानी दिएको, समन्वय र मोबाइल खर्च निर्देशिकाभन्दा बढी लेखेको, खर्च सीमा नघाई खर्च लेखेको, बोर्डिङ पास र टिकटबिना नै हवाई भाडा भुक्तानी दिएको जस्ता कारणले बेरुजुको मात्रा बढेको अवस्था देखिन आयो ।

## सुझावहरू

- निर्वाचनका लागि मुख्य/निर्वाचन अधिकृतको कार्यालयमा पठाउने बजेटको रकम बाँडफाँट र शीर्षक विभाजनलाई बढी वास्तविक र व्यावहारिक बनाइनु पर्ने ।
- बेरुजुको व्यहोरा निर्वाचन अधिकृतलाई जानकारी गराउनु पर्ने ।
- निर्वाचन बजेटमा रकमान्तरको सहज व्यवस्था गरिनु पर्ने ।
- लेखा व्यवस्थापन तथा बेरुजु फछ्र्यौटमा लेखापाल र लेखा अधिकृतलाई पनि जिम्मेवार बनाउनु पर्ने ।
- कोष तथा लेखा नियन्त्रण कार्यालयबाट हुने आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षकको कार्यालयबाट हुने अन्तिम लेखा परीक्षण जिल्लामा नै गरिनु पर्ने र सोको लागि आवश्यक बजेटको व्यवस्था हुनु पर्ने ।
- मुख्य निर्वाचन अधिकृत (जिल्ला न्यायाधीश) ले आफ्नो अदालतको पनि आर्थिक अधिकार प्रयोग नगरेको अवस्थामा केवल निर्वाचनको कामको लागि मात्र खाता सञ्चालन गर्नु उपयुक्त नदेखिदा आर्थिक अधिकार जिल्ला निर्वाचन कार्यालयलाई नै दिने व्यवस्था गर्ने कि ?
- अत्यावश्यकीय खर्चको शीघ्र समर्थन हुनु पर्ने ।

- सुरक्षा सम्बन्धी खर्च पारदर्शी हुनु पर्ने ।
- निर्वाचन खर्च दिनानुदिन बढ्दै गएको परिप्रेक्षमा यसलाई धान्न सकिने बनाउनका लागि निर्वाचन आयोग, राजनीतिक दल, सुरक्षा निकाय समेत मिली कार्यदल बनाई सोही अनुरूप व्यवस्थापन गर्नु पर्ने ।

# परिच्छेद ३
## निष्कर्ष र अबको बाटो

# परिच्छेद ३

## निष्कर्ष र अबको बाटो

- वि. सं. २०७२ साल असोज ३ गते जारी **नेपालको संविधान** अनुरूप वि. सं. २०७४ साल माघ ७ गतेसम्म मात्र तत्कालीन व्यवस्थापिका संसद्को कार्यकाल कायम रहने हुँदा उक्त मितिभित्र विभिन्न तहको निर्वाचन गरी सक्नु पर्ने जिम्मेवारीलाई आत्मसात् गरी निर्वाचन आयोगले वि. सं. २०७४ साल वैशाख ३१ गतेदेखि वि. सं. २०७४ साल चैत ९ गतेभित्र स्थानीय तह, प्रदेश सभा, प्रतिनिधि सभा, राष्ट्रिय सभा, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन चरणबद्ध रूपमा सफलतापूर्वक सम्पन्न गरेको छ ।

- निर्वाचन गराउने क्रममा विभिन्न कारणवश नेपाल सरकारबाट पटक पटक निर्वाचन मिति फेरबदल भइरह्यो । यसो भइरहँदा पनि **स्थानीय तह पुनर्संरचना आयोग**बाट प्राप्त प्रतिवेदनका आधारमा चरणबद्ध निर्वाचन कार्यतालिका बनाई कत्ति पनि विचलित नभई आयोग अहोरात्र निर्वाचनको तयारीमा जुटी घोषित मितिभित्रै सफलतापूर्वक सम्पूर्ण निर्वाचन सम्पन्न गरी आफ्नो साख र विश्वसनीयता कायम राख्न सफल रह्यो ।

- आयोगले संवैधानिक प्रावधान अनुरूप सबैभन्दा पहिले स्थानीय तह, त्यसपछि प्रदेश सभा, राष्ट्रिय सभा र प्रतिनिधि सभा तथा अन्तिममा राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गर्नु पर्ने सुझाव र कार्यतालिका सरकार समक्ष पटक पटक प्रस्तुत गरे पनि विभिन्न कारणवश आयोगले प्रस्ताव गरे बमोजिमको क्रममा निर्वाचन हुने परिस्थिति बन्न सकेन । तथापि संविधानले तोकेको अवधिभित्र निर्वाचन सम्पन्न भई मुलुक राजनीतिक स्थिरतातर्फ अघि बढ्ने वातावरणको निर्माण भयो ।

- निर्वाचन आयोगको एकल प्रयासबाट मात्रै यी सबै निर्वाचन सम्पन्न गर्न गराउन अवश्य पनि सम्भव थिएन । यसमा आयोगले सरोकारवाला सबैको सक्रिय र सकारात्मक सहयोग प्राप्त गरेको थियो । यस क्रममा निर्वाचनका यी चक्र पूरा गर्न नेपाल सरकार, आम मतदाता, राजनीतिक दल तथा उम्मेदवार, विकास साझेदार संस्था, विभिन्न सञ्चार माध्यम, पर्यवेक्षक, नागरिक समाज लगायत सबै सरोकारवालाको पूर्ण सहयोग आयोगलाई प्राप्त भएको थियो । यसरी आयोग लगायत सम्बद्ध सबैको सहयोगमा निर्वाचन सम्पन्न भएकोले निर्वाचनबाट प्राप्त नतिजालाई राजनीतिक दल, निर्वाचनमा खडा भएका उम्मेदवार तथा अन्य सबैले सहर्ष स्वीकार गरेका थिए ।

- नेपालको संविधान जारी भइसकेको अवस्थामा पनि निर्वाचनका लागि त्यति अनुकूल वातावरण तयार भएको थिएन । परिस्थिति कतिखेर धुमिल र कतिखेर सङ्लिने क्रम जारी नै थियो । यस किसिमको विषम राजनीतिक परिस्थितिमा पनि निर्वाचन आयोगले संविधानले तोकेको जिम्मेवारी पूरा गरेको छ । आयोगले यस किसिमको जिम्मेवारी पूरा गरेकोमा राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट आयोगको मुक्त कण्ठले प्रशंसा भएको छ ।

- निर्वाचन एउटा Mega event को बृहत् व्यवस्थापनको पाटो हो । मानव स्रोतको परिचालन यसमा अत्यधिक हुने गर्छ । यस क्रममा कतिपय अवस्थामा विविध कारणले मानवीय त्रुटि पनि हुन सक्छन् । त्यसैले विश्वमा निर्वाचन व्यवस्थापनको काम कहीँ पनि सोचे जस्तो शत प्रतिशत पूर्ण (perfect) नहुन सक्छ । नेपालमा वि. सं. २०७४ सालमा सम्पन्न निर्वाचनमा पनि केही ससाना कमी कमजोरी नभएका होइनन् । तर भएका सानातिना विभिन्न कमी कमजोरीबाट पाठ सिकी आगामी निर्वाचनमा त्यसमा सुधार ल्याउन निर्वाचन आयोगले दृढता देखाएको छ । यसलाई सबैले सकारात्मक रूपमा ग्रहण गर्नु पर्छ ।

- घटनाको ताजा संस्मरण र निर्वाचनमा संलग्न जनशक्ति फेरबदल नहुँदै निर्वाचन समीक्षाको काम निर्वाचन सम्पन्न हुने बित्तिकै हुनु पर्ने विषय थियो तर विविध कारणले त्यस्तो हुन सकेन । ढिलै भए पनि निर्वाचनमा सहभागी सबै सरोकारवाला सम्मिलित समीक्षा कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ ।

- यस पटकको समीक्षा कार्यक्रम विगतको तुलनामा केही फरक ढङ्गबाट डिजाइन गरिएको थियो । निर्वाचनमा प्रत्यक्ष रूपमा सहभागी निर्वाचन व्यवस्थापन पक्षका प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, पर्यवेक्षक तथा आम सञ्चार माध्यमका प्रतिनिधि सम्मिलित समीक्षा कार्यशाला गोष्ठीमा सबै तहका निर्वाचनको क्रममा देखिएका असल अभ्यास, अनुभव गरिएका मूलभूत समस्या र भविष्यमा सम्पन्न गर्नु पर्ने निर्वाचनका लागि विधि र प्रक्रियामा गर्नु पर्ने सुधार/सुझावलाई जस्ताको त्यस्तै अभिलेखीकरण गरिएका छन् । समीक्षा कार्यक्रममा प्राप्त सुझावमध्ये केही सुझाव एक आपसमा बाझिने खालका पनि देखिएका छन् । यस्ता सुझावका सम्बन्धमा निर्वाचन आयोगले थप छलफल, अध्ययन र अनुसन्धान गरी उपयुक्त निर्णय लिनु पर्ने देखिन्छ ।

- प्राप्त सुझावमध्ये पनि मतदाता शिक्षा, निर्वाचन आचार संहिता, राजनीतिक दल तथा उम्मेदवारको निर्वाचन खर्च, मतदाता नामावली सम्बन्धी सुझाव

बढी संवेदनशील (critical) छन् । ती सुझावलाई निष्कर्षमा पुऱ्याउन निर्वाचन आयोगले अन्य सरोकारवालाहरूको सहयोगमा थप छलफल र विश्लेषण गर्नु जरुरी देखिन्छ । निर्वाचन विवाद निरूपण, सम्पन्न निर्वाचनका समग्र पक्षमा आम जनताको बुझाइ र धारणा, फोटो सहितको मतदाता नामावली र त्यसको गुणस्तरीयताको सुनिश्चितता र आयोग आफैँले तयार गरेको रणनीतिक योजनाको विश्लेषणको पाटोलाई ध्यान दिनु पर्ने देखिन्छ ।

- विश्लेषणका क्रममा निर्वाचनमा लैङ्गिक तथा समावेशीता सम्बन्धी अध्ययन, नेपालमा निर्वाचन सम्बन्धी ब्रिज (BRIDGE) तालिमको प्रभाव मूल्याङ्कन जस्ता विषयको विश्लेषणको काम सुरु भइसकेको पनि छ । अहिलेसम्मको विश्लेषण र अनुभवका आधारमा के भन्न सकिन्छ भने भविष्यमा हुने कुनै पनि प्रकारको निर्वाचनमा प्रविधिको प्रयोग बढाउने तथा राजनीतिक दल समेतको सहभागिता र विश्वास आर्जन गर्दै आयोगले स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनको सुनिश्चितता गर्दै अगाडि बढ्नु पर्ने अवस्था देखिएको छ । यसका लागि निर्वाचन आयोगको थप संस्थागत सुधार तथा कार्यरत जनशक्तिको पेशागत क्षमतामा अभिवृद्धिको पक्ष अझै बढी महत्वपूर्ण प्राथमिकताको विषय बन्न जाने देखिन्छ ।
- समग्रमा नेपालमा वि. सं. २०७४ सालमा सम्पन्न सबै किसिमका निर्वाचन सन्तोषजनक ढङ्गले यथासमय सम्पन्न भएकोमा यतिखेर सबैले गर्व गर्नु पर्छ । यति हुँदा हुँदै पनि आगामी निर्वाचनलाई कसरी बढीभन्दा बढी पारदर्शी ढङ्गबाट अझ स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न गरी सरोकारवाला सबैलाई सन्तुष्टि दिन सकिन्छ भन्ने विषयमा भने सधैं सतर्क र चनाखो रहनु पर्ने अपरिहार्यता देखिन्छ । निर्वाचनको विषय अस्तिभन्दा हिजो, हिजोभन्दा आज बढी सम्वेदनशील हुँदै गएको सन्दर्भमा भोलिका दिनमा थप जटिलता वृद्धि हुँदै जाने सम्भावनालाई दृष्टिगत गर्दा यो अपरिहार्यता देखिन आएको हो । एक्काइसौं शताब्दीमा हुने आगामी निर्वाचन प्रविधिको प्रयोग गरी सम्पन्न गराउँदा हजारौं मेट्रिक टन कागजको खपतलाई घटाई वातावरणीय स्वच्छता समेत कायम गर्न सकिने हुँदा आगामी निर्वाचनमा Electronic Voting Machine को प्रयोग गर्ने सम्बन्धमा निर्वाचन आयोग, सरकार र राजनीतिक दलले छलफल गरी अगाडि बढ्न जरुरी भइसकेको छ ।

# अनुसूचीहरू

# अनुसूची १
## वि. सं. २०७४ सालमा सम्पन्न सबै तहको निर्वाचन कार्यक्रम

### अनुसूची १.१ (क)
निर्वाचन अयोग
स्थानीय तह निर्वाचन २०७४
निर्वाचन कार्यक्रम
पहिलो चरण २०७४ वैशाख ३१ गते प्रदेश ३, ४ र ६

२०७४ साल वैशाख ३१ गते हुने गाउँपालिका/नगरपालिका निर्वाचनको निर्वाचन कार्यक्रम

| क्र. सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।०१।१९ | २०७४।०१।१९ | १०.०० | १७.०० | मुख्य/निर्वाचन अधिकृतको कार्यालय, सम्बन्धित गाउँपालका/नगरपालिका केन्द्र | |
| २ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७४।०१।१९ | २०७४।०१।१९ | १७.०० | १७.३० | ऐ.ऐ. | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिन | २०७४।०१।२० | २०७४।०१।२० | १०.०० | १३.०० | ऐ.ऐ. | |
| ४ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७४।०१।२० | २०७४।०१।२१ | १३.०० | ११.३० | ऐ.ऐ. | |
| ५ | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।०१।२१ | २०७४।०१।२१ | ११.३० | १३.०० | ऐ.ऐ. | |
| ६ | उम्मेदवारको नाम फिर्ता लिन | २०७४।०१।२१ | २०७४।०१।२१ | १३.०० | १७.०० | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७४।०१।२२ | २०७४।०१।२२ | १०.०० | ११.०० | ऐ.ऐ. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | उम्मेदवारलाई निर्वाचन चिह्न वितरण | २०७४।०१।२२ | २०७४।०१।२२ | ११.०० | १७.०० | ऐ.ऐ. | |
| ९ | मतदान | २०७४।०१।३१ | २०७४।०१।३१ | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

**द्रष्टव्य**

१. निर्वाचन अधिकृतले गाउँपालिका/नगरपालिका वडाभित्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि मत गणना कार्य सुरु गर्नेछ ।

२. मत गणना कार्य समाप्त भएपछि परिणाम घोषणा गरिने छ ।

# अनुसूची १.१ (ख)

## निर्वाचन अयोग
## स्थानीय तह निर्वाचन २०७४
## निर्वाचन कार्यक्रम
## दोस्रो चरण २०७४ असार १४ गते प्रदेश १, ५ र ७

२०७४ साल असार १४ गते हुने गाउँपालिका/नगरपालिका निर्वाचनको निर्वाचन कार्यक्रम

| क्र.सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।०३।०४ | २०७४।०३।०४ | १०.०० | १६.०० | मुख्य/ निर्वाचन अधिकृतको कार्यालय, सम्बन्धित गाउँपालका/ नगरपालिका केन्द्र | |
| २ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७४।०३।०४ | २०७४।०३।०४ | १६.०० | १८.०० | ऐ.ऐ. | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिन | २०७४।०३।०५ | २०७४।०३।०५ | ०८.०० | १०.०० | ऐ.ऐ. | |
| ४ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७४।०३।०५ | २०७४।०३।०५ | १०.०० | १७.३० | ऐ.ऐ. | |
| ५ | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।०३।०५ | २०७४।०३।०५ | १७.३० | १८.०० | ऐ.ऐ. | |
| ६ | उम्मेदवारको नाम फिर्ता लिन | २०७४।०३।०६ | २०७४।०३।०६ | ०८.०० | ११.०० | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७४।०३।०६ | २०७४।०३।०६ | ११.०० | ११.३० | ऐ.ऐ. | |
| ८ | उम्मेदवारलाई निर्वाचन चिह्न वितरण | २०७४।०३।०६ | २०७४।०३।०६ | ११.३० | १८.०० | ऐ.ऐ. | |
| ९ | मतदान | २०७४।०३।१४ | २०७४।०३।१४ | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

**द्रष्टव्य**

१. निर्वाचन अधिकृतले गाउँपालिका/नगरपालिका वडाभित्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि मत गणना कार्य सुरु गर्ने छ।

२. मत गणना कार्य समाप्त भएपछि परिणाम घोषणा गरिने छ।

**अनुसूची १.१ (ग)**

निर्वाचन आयोग

स्थानीय तह निर्वाचन २०७४

निर्वाचन कार्यक्रम

तेस्रो चरण २०७४ असोज २ गते प्रदेश २

२०७४ साल असोज २ गते हुने गाउँपालिका/नगरपालिका निर्वाचनको निर्वाचन कार्यक्रम

| क्र.सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।०५।२१ | २०७४।०५।२१ | १०.०० | १७.०० | मुख्य/निर्वाचन अधिकृतको कार्यालय, सम्बन्धित गाउँपालका/नगरपालिका केन्द्र | |
| २ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७४।०५।२१ | २०७४।०५।२१ | १७.०० | १७.३० | ऐ.ऐ. | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिन | २०७४।०५।२२ | २०७४।०५।२२ | १०.०० | १३.०० | ऐ.ऐ. | |
| ४ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७४।०५।२२ | २०७४।०५।२३ | १३.०० | ११.३० | ऐ.ऐ. | |
| ५ | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।०५।२३ | २०७४।०५।२३ | ११.३० | १३.०० | ऐ.ऐ. | |
| ६ | उम्मेदवारको नाम फिर्ता लिन | २०७४।०५।२३ | २०७४।०५।२३ | १३.०० | १७.०० | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७४।०५।२४ | २०७४।०५।२४ | १०.०० | ११.०० | ऐ.ऐ. | |
| ८ | उम्मेदवारलाई निर्वाचन चिह्न वितरण | २०७४।०५।२४ | २०७४।०५।२४ | ११.०० | १७.०० | ऐ.ऐ. | |
| ९ | मतदान | २०७४।०६।०२ | २०७४।०६।०२ | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

**द्रष्टव्य**

१. निर्वाचन अधिकृतले गाउँपालिका/नगरपालिका वडाभित्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि मत गणना कार्य सुरु गर्ने छ।

२. मत गणना कार्य समाप्त भएपछि परिणाम घोषणा गरिने छ।

## अनुसूची १.२ (क)

निर्वाचन आयोग
प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४
निर्वाचन कार्यक्रम
पहिलो चरण २०७४ मङ्सिर १० गते

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित
प्रतिनिधि सभा/प्रदेश सभा सदस्य निर्वाचन, २०७४

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत पहिलो चरणमा सम्पन्न हुने निर्वाचनको संशोधित निर्वाचन कार्यक्रम

| क.सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।०७।०५ | २०७४।०७।०५ | १०.०० | १७.०० | मुख्य/निर्वाचन अधिकृतको कार्यालय | |
| २ | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०७४।०७।०५ | २०७४।०७।०५ | १७.०० | १८.०० | ऐ.ऐ. | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिन | २०७४।०७।०६ | २०७४।०७।०६ | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ४ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७४।०७।०७ | २०७४।०७।०७ | १०.०० | १५.०० | ऐ.ऐ. | |
| ५ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।०७।०७ | २०७४।०७।०७ | १५.०० | १७.०० | ऐ.ऐ. | |
| ६ | उम्मेदवारको नाम फिर्ता लिन | २०७४।०७।०८ | २०७४।०७।०८ | १०.०० | १३.०० | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७४।०७।०८ | २०७४।०७।०८ | १३.०० | १५.०० | ऐ.ऐ. | |
| ८ | उम्मेदवारलाई निर्वाचन चिह्न | २०७४।०७।०८ | २०७४।०७।०८ | १५.०० | १८.०० | ऐ.ऐ. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वितरण | | | | | | |
| ९ | मतदान | २०७४।०८।१० | २०७४।०८।१० | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

**द्रष्टव्य**

१. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरी २०७४।८।२१ गते अपराह्न ५.०० बजेपछि मत गणना कार्य सुरू गरिने छ । मत गणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिने छ ।

२. पहिलो हुने निर्वाचिन हुने निर्वाचन प्रणालीतर्फको मत गणना सम्पन्न गरी परिणाम घोषणापछि मात्र समानुपातिक निर्वाचन प्रणालीतर्फको मत गणना कार्य प्रारम्भ हुने छ ।

३. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुन पाउने छैन ।

**अनुसूची १.२ (ख)**

निर्वाचन आयोग

प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४

निर्वाचन कार्यक्रम

दोस्रो चरण २०७४ मङ्सिर २१ गते

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित

प्रतिनिधि सभा/प्रदेश सभा सदस्य निर्वाचन, २०७४
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत दोस्रो चरणमा सम्पन्न हुने निर्वाचनको संशोधित निर्वाचन कार्यक्रम

| क्र.सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।०७।१६ | २०७४।०७।१६ | १०.०० | १७.०० | मुख्य/निर्वाचन अधिकृतको कार्यालय | |
| २ | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०७४।०७।१६ | २०७४।०७।१६ | १७.०० | १८.०० | ऐ.ऐ. | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिन | २०७४।०७।१७ | २०७४।०७।१७ | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ४ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७४।०७।१८ | २०७४।०७।१८ | १०.०० | १५.०० | ऐ.ऐ. | |
| ५ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।०७।१८ | २०७४।०७।१८ | १५.०० | १७.०० | ऐ.ऐ. | |
| ६ | उम्मेदवारको नाम फिर्ता लिन | २०७४।०७।१९ | २०७४।०७।१९ | १०.०० | १३.०० | ऐ.ऐ. | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७४।०७।१९ | २०७४।०७।१९ | १३.०० | १५.०० | ऐ.ऐ. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | उम्मेदवारलाई निर्वाचन चिह्न वितरण | २०७४।०७।१९ | २०७४।०७।१९ | १५.०० | १८.०० | ऐ.ऐ. | |
| ९ | मतदान | २०७४।०८।२१ | २०७४।०८।२१ | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

**द्रष्टव्य**

१. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरी २०७४।८।२१ गते अपराह्न ५.०० बजेपछि मत गणना कार्य सुरू गरिने छ । मत गणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिने छ ।

२. पहिलो हुने निर्वाचिन हुने निर्वाचन प्रणालीतर्फको मत गणना सम्पन्न गरी परिणाम घोषणापछि मात्र समानुपातिक निर्वाचन प्रणालीतर्फको मत गणना कार्य प्रारम्भ हुने छ ।

३. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवार हुन पाउने छैन ।

# अनुसूची १.२ (ग)

निर्वाचन आयोग
प्रदेश सभा सदस्य तथा प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४
निर्वाचन कार्यक्रम
समानुपातिक निर्वाचनतर्फ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ सँग सम्बन्धित
प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७४
समानुपातिक निर्वाचन प्रणालीतर्फको संशोधित निर्वाचन कार्यक्रम (२०७४।५।२६)

| क.सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्ने सम्बन्धमा सूचना प्रकाशित गर्ने | २०७४।०५।२४ | २०७४।०५।२४ | | | समानुपातिक निर्वाचनको निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन आयोग, कान्तिपथ, काठमाडौँ |
| २ | समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्ने | २०७४।०५।२५ | २०७४।०५।२७ | १०.०० | १७.०० | ऐ.ऐ. |
| ३ | समानुपातिक निर्वाचनमा भाग लिन निवेदन पेश गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन गर्ने | २०७४।०५।२८ | २०७४।०५।२८ | १०.०० | १७.०० | ऐ.ऐ. |
| ४ | प्रकाशित सूचीमा नाम रहेका राजनीतिक दलहरूले आफ्नो नाम फिर्ता लिन चाहेमा फिर्ता लिन | २०७४।०५।२९ | २०७४।०५।२९ | १०.०० | १७.०० | ऐ.ऐ. |
| ५ | समानुपातिक निर्वाचनमा भाग लिने राजनीतिक दलहरूको अन्तिम | २०७४।०५।३० | २०७४।०५।३० | १०.०० | १७.०० | ऐ.ऐ. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नामावली प्रकाशन गर्ने र निर्वाचन चिह्न प्रदान गर्ने | | | | | |
| ६ | राजनीतिक दलहरूले उम्मेदवारको बन्द सूची पेश गने | २०७४।०६।२९ | २०७४।०६।२९ | १०.०० | १७.०० | ऐ.ऐ. |
| ७ | उम्मेदवारको बन्द सूची सच्याउन राजनीतिक दलहरूलाई सूचित गने | २०७४।०६।३० | २०७४।०७।०५ | १०.०० | १७.०० | ऐ.ऐ. |
| ८ | राजनीतिक दलहरूले उम्मेदवारको बन्द सूची संशोधन गरी पेश गने | २०७४।०७।०६ | २०७४।०७।१२ | १०.०० | १७.०० | ऐ.ऐ. |
| ९ | उम्मेदवारको बन्द सूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्द सूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिने | २०७४।०७।१३ | २०७४।०७।१३ | १०.०० | १७.०० | ऐ.ऐ. |
| १० | उम्मेदवारको बन्द सूचीबाट उम्मेदवारको नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनीतिक दललाई दिने । उम्मेदवारले नाम फिर्ता लिएको कारण रिक्त हुन आएको स्थानमा सोही समूहको अर्को उम्मेदवारको मनोनयन गरी मनोनित उम्मेदवारको नामावली आयोगमा पेश गर्ने | २०७४।०७।१४ | २०७४।०७।१५ | १०.०० | १७.०० | ऐ.ऐ. |
| ११ | उम्मेदवारको बन्द सूची सार्वजनिक गर्ने | २०७४।०७।१७ | २०७४।०७।१७ | १०.०० | १७.०० | ऐ.ऐ. |
| १२ | उम्मेदवारको बन्द सूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध गर्न निवेदन दिने | २०७४।०७।१८ | २०७४।०७।२४ | १०.०० | १७.०० | ऐ.ऐ. |
| १३ | उम्मेदवारको बन्द सूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दावी विरोधको निवेदन उपर जाँचवुझ र निर्णय गर्ने | २०७४।०७।२५ | २०७४।०८।०१ | १०.०० | १७.०० | ऐ.ऐ. |
| १४ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | २०७४।०८।०२ | २०७४।०८।०२ | १०.०० | १२.०० | ऐ.ऐ. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | उम्मेदवारको बन्द सूची अन्तिम रूपमा प्रकाशन गर्ने | २०७४।०८।०३ | २०७४।०८।०३ | १०.०० | १२.०० | ऐ.ऐ. |
| १६ | मतदान गर्ने | २०७४।८।१० २०७४।८।२१ | २०७४।८।१० २०७४।८।२१ | ०७.०० | १७.०० | सम्बन्धित मतदान केन्द |

**द्रष्टव्य**

१. प्रतिनिधि सभा सदस्य निर्वाचन र प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन निवेदन पेश गर्ने राजनीतिक दलले उम्मेदवारको बन्द सूची अनिवार्य रूपमा निर्वाचन कार्यक्रममा तोकिएको मिति भित्र निर्वाचन आयोगमा रहेको समानुपातिक निर्वाचन अधिकृतको कार्यालयमा पेश गर्नु पर्ने छ ।

२. राजनीतिक दलले प्रकरण (१) बमोजिमको बन्द सूची पेश गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि र प्रदेश सभा सदस्य निर्वाचनका लागि अलग अलग सूची पेश गर्नु पर्नेछ ।

३. राजनीतिक दलले प्रदेश सभा सदस्य निर्वाचनका लागि उम्मेदवारको बन्द सूची पेश गर्दा आफूले भाग लिने प्रत्येक प्रदेशका लागि अलग अलग बन्द सूची पेश गर्नु पर्ने छ ।

४. राजनीतिक दलले उम्मेदवारको बन्द सूची पेश गर्दा प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ बमोजिम र प्रदेश सभा सदस्य निर्वाचनका लागि प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २८ बमोजिम तयार गरी पेश गर्नु पर्ने छ ।

५. निर्वाचन कार्यक्रमको क्र.स. ६ बमोजिम उम्मेदवारको बन्द सूची पेश गर्ने राजनीतिक दललाई बन्द सूची दर्ता भएको निस्सा उपलब्ध गराईनेछ । त्यस्तो निस्सा उपलब्ध गराउँदा बन्द सूची सच्याउन पर्ने वा नपर्नेबारे यकीन गर्न सम्पर्क राख्न आउने मिति समेत उल्लेख गरिने छ । सम्पर्क राख्न आउने मिति तोकिएकोमा सम्बन्धित राजनीतिक दलले उक्त मितिमा अनिवार्य रूपमा सम्पर्क राखी बन्द सूची सच्याउनु पर्ने भएमा सो बारेकोपत्र बुझिलिनुपर्नेछ ।

६. प्रकरण ५ (निर्वाचन कार्यक्रमको क्र.स.७) बमोजिम उम्मेदवारको बन्द सूची सच्याउन राजनीतिक दललाई सूचित गरिएकोमा सम्बन्धित राजनीतिक दलले त्यस्तो सूचना प्राप्त गरेको ७ (सात) दिनभित्र बन्द सूची सच्याई पेश गर्नु पर्ने छ ।

७. प्रतिनिधि सभाको हकमा देशभरका सबै निर्वाचन अधिकृतबाट मत गणनाको विवरण प्राप्त गरी राजनीतिक दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको आधारमा बन्द सूचीमा सूचीकृत उम्मेदवारहरूमध्येबाट प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० बमोजिम निर्वाचन आयोगले उम्मेदवारहरू निर्वाचित भएको घोषणा गर्ने छ ।

८. प्रदेश सभा सदस्य निर्वाचनको हकमा सबै निर्वाचन अधिकृतबाट मत गणनाको विवरण प्राप्त गरी प्रत्येक प्रदेशमा राजनीतिक दलले प्राप्त गरेको कुल सदर मतको आधारमा सम्बन्धित प्रदेशका लागि बन्द सूचीमा सूचीकृत उम्मेदवारहरूमध्येबाट प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० बमोजिम निर्वाचन आयोगले उम्मेदवारहरू निर्वाचित भएको घोषणा गर्ने छ ।

९. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मत गणना सम्पन्न भएपछि मात्र सम्वद्ध निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतले समानुपातिकतर्फको मत गणना कार्य सुरु गर्ने छ ।

१०. राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूचीमा नाम समावेश गरेको उम्मेदवार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचनमा उम्मेदवार मनोनयन गर्न पाइने छैन ।

## अनुसूची १.३

निर्वाचन अयोग

राष्ट्रिय सभा सदस्य निर्वाचन २०७४

निर्वाचन कार्यक्रम

| क.सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन | २०७४।१०।०७ | २०७४।१०।०७ | १०.०० | | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मतदाता नामावलीमा छुट नाम समावेश गर्न तथा विवरण सच्याउन दरखास्त दिने एवम् मतदाता नामावली उपर दावी विरोधको उजुरी दिने | २०७४।१०।०७ | २०७४।१०।०७ | ११.०० | १७.०० | ऐ.ऐ. | |
| ३ | उजुरी उपर छानविन गरी अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।१०।०८ | २०७४।१०।०९ | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ४ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।१०।१० | २०७४।१०।१० | १०.०० | १६.०० | ऐ.ऐ. | |
| ५ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७४।१०।१० | २०७४।१०।१० | १६.०० | १७.०० | ऐ.ऐ. | |
| ६ | उम्मेदवारको दावी विरोधमा उजुरी दिन | २०७४।१०।११ | २०७४।१०।१२ | १०.०० | १७.०० | ऐ.ऐ. | २०७४।१०। ११ गते १०:०० बजेदेखि ऐ.१२ गते १७:०० बजेसम्म |
| ७ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गर्ने | २०७४।१०।१३ | २०७४।१०।१३ | १०.०० | १७.०० | ऐ.ऐ. | |
| ८ | मनोनयन | २०७४।१०।१४ | २०७४।१०।१४ | १०.०० | १३.०० | ऐ.ऐ. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भएको उम्मेदवारको नामावली प्रकाशन गन | | | | | | |
| ९ | उम्मेदवारले नाम फिर्ता लिन | २०७४।१०।१४ | २०७४।१०।१५ | १३.०० | १४.०० | ऐ.ऐ. | २०७४।१०। १४ गते १३:०० बजेदेखि ऐ.१५ गते १४:०० बजेसम्म |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७४।१०।१५ | २०७४।१०।१५ | १५.०० | १६.०० | ऐ.ऐ. | |
| ११ | निर्वाचन चिह्न वितरण | २०७४।१०।१५ | २०७४।१०।१५ | १६.०० | १७.०० | ऐ.ऐ. | |
| १२ | मतदान | २०७४।१०।२४ | २०७४।१०।२४ | १०.०० | १५.०० | सम्बन्धित मतदान केन्द्र | |

# अनुसूची १.४

## निर्वाचन आयोग

## राष्ट्रपति निर्वाचन, २०७४

## निर्वाचन कार्यक्रम

| क्र.सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन | २०७४।११।२१ | २०७४।११।२१ | १३.०० | | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मतदाता नामावलीमा छुट नाम समावेश गर्न तथा विवरण सच्याउन दरखास्त दिने एवम् मतदाता नामावली उपर दावी विरोधको उजुरी दिने | २०७४।११।२१ | २०७४।११।२१ | १३.१५ | १८.०० | ऐ.ऐ. | |
| ३ | उजुरी उपर छानविन गरी अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।११।२२ | २०७४।११।२२ | १०.०० | १८.०० | ऐ.ऐ. | |
| ४ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।११।२३ | २०७४।११।२३ | १०.०० | १४.०० | ऐ.ऐ. | |
| ५ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७४।११।२३ | २०७४।११।२३ | १५.०० | | ऐ.ऐ. | |
| ६ | उम्मेदवारको दावी विरोधमा उजुरी दिन | २०७४।११।२३ | २०७४।११।२४ | १५.०० | १४.०० | ऐ.ऐ. | २०७४ फागुन २३ गते १५:०० बजेदेखि ऐ.२४ गते १४:०० बजेसम्म |
| ७ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गर्ने | २०७४।११।२४ | २०७४।११।२४ | १४.०० | १५.०० | ऐ.ऐ. | |
| ८ | मनोनयन भएको उम्मेदवारको | २०७४।११।२४ | २०७४।११।२४ | १५.०० | १६.०० | ऐ.ऐ. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नामावली प्रकाशन गन | | | | | | |
| ९ | उम्मेदवारले नाम फिर्ता लिन | २०७४।११।२४ | २०७४।११।२४ | १६.३० | १७.३० | ऐ.ऐ. | |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७४।११।२४ | २०७४।११।२४ | १८.०० | | ऐ.ऐ. | |
| ११ | मतदान | २०७४।११।२९ | २०७४।११।२९ | १०.०० | १५.०० | सम्बन्धित मतदान केन्द्र | |

**द्रष्टव्य**

१. मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि २०७४।११।२९ गते अपराह्न ४:०० बजेपछि मत गणना कार्य प्रारम्भ गरिने छ ।

२. मत गणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिने छ । तर कुनै उम्मेदवारले प्राप्त गरेको मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत नभएको कारण राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५६ को उपदफा (१) वा उपदफा (३) बमोजिम पुनः मतदान गराउनु पर्ने अवस्थामा निर्वाचन अधिकृतले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ४० बमोजिम मतदानको मिति तोकी पुनः मतदान गराइने छ ।

**अनुसूची १.५**

निर्वाचन आयोग

उपराष्ट्रपति निर्वाचन, २०७४

निर्वाचन कार्यक्रम

| क.सं. | निर्वाचन कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन | २०७४।१२।०१ | २०७४।१२।०१ | १३.०० | | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मतदाता नामावलीमा छुट नाम समावेश गर्न तथा विवरण सच्याउन दरखास्त दिने एवम् मतदाता नामावली उपर दावी विरोधको उजुरी दिने | २०७४।१२।०१ | २०७४।१२।०१ | १३.१५ | १८.०० | ऐ.ऐ. | |
| ३ | उजुरी उपर छानविन गरी अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।१२।०२ | २०७४।१२।०२ | १०.०० | १८.०० | ऐ.ऐ. | |
| ४ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।१२।०३ | २०७४।१२।०३ | १०.०० | १४.०० | ऐ.ऐ. | |
| ५ | मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७४।१२।०३ | २०७४।१२।०३ | १५.०० | | ऐ.ऐ. | |
| ६ | उम्मेदवारको दावी विरोधमा उजुरी दिन | २०७४।१२।०३ | २०७४।१२।०४ | १५.०० | १४.०० | ऐ.ऐ. | २०७४ चैत्र ३ गते १५:०० बजेदेखि ऐ. ४ गते १४:०० बजेसम्म |
| ७ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गर्ने | २०७४।१२।०४ | २०७४।१२।०४ | १४.०० | १५.०० | ऐ.ऐ. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गन | २०७४।१२।०४ | २०७४।१२।०४ | १५.०० | १६.०० | ऐ.ऐ. | |
| ९ | उम्मेदवारले नाम फिर्ता लिन | २०७४।१२।०४ | २०७४।१२।०४ | १६.३० | १७.३० | ऐ.ऐ. | |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७४।१२।०४ | २०७४।१२।०४ | १८.०० | | ऐ.ऐ. | |
| ११ | मतदान | २०७४।१२।०९ | २०७४।१२।०९ | १०.०० | १५.०० | सम्बन्धित मतदान केन्द्र | |

**द्रष्टव्य**

१. मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि २०७४।१२।९ गते अपराह्न ४:०० बजेपछि मत गणना कार्य प्रारम्भ गरिने छ ।

२. मत गणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिने छ । तर कुनै उम्मेदवारले प्राप्त गरेको मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत नभएको कारण राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५६ को उपदफा (१) वा उपदफा (३) बमोजिम पुनः मतदान गराउनु पर्ने अवस्थामा निर्वाचन अधिकृतले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ को नियम ४० बमोजिम मतदानको मिति तोकी पुनः मतदान गराइनेछ ।

# अनुसूची २
## निर्वाचन आयोगका पदाधिकारीहरूको कार्यक्षेत्र

**१) मा. प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव**

क) प्रशासन तथा जनशक्ति
ख) वैदेशिक सम्बन्ध
ग) जनसम्पर्क, समन्वय र अनुगमन
घ) निर्वाचन व्यवस्थापन

**२) मा. निर्वाचन आयुक्त इला शर्मा**

क) मतदाता नामावली
ख) मतदाता परिचयपत्र
ग) मतदाता/निर्वाचन शिक्षा
घ) तालिम/प्रशिक्षण

**३) मा. निर्वाचन आयुक्त नरेन्द्र दाहाल**

क) मतपत्र व्यवस्थापन
ख) प्रेस/सञ्चार व्यवस्थापन
ग) निर्वाचन कार्यक्रम
घ) योजना, अध्ययन, अनुसन्धान र समावेशीकरण
ङ) निर्वाचन पर्यवेक्षण

**४) मा. निर्वाचन आयुक्त इश्वरी प्रसाद पौड्याल**

क) निर्वाचन कानुन
ख) नियमावली, निर्देशिका, कार्यविधि
ग) राजनीतिक दल व्यवस्थापन
घ) प्रविधि

**५) मा. निर्वाचन आयुक्त सुधीर कुमार शाह**

क) निर्वाचन आचार संहिता
ख) निर्वाचन विवाद निरूपण
ग) सुरक्षा व्यवस्थापन
घ) आर्थिक व्यवस्थापन

# अनुसूची ३

सबै तहको निर्वाचन कार्यक्रममा मतदाता सङ्ख्या २०७४

| प्रदेश नं | मतदाता सङ्ख्या | |
|---|---|---|
| | स्थानीय तह निर्वाचन | प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन |
| १ | २६,७४,५६३ | २९,९३,७७४ |
| २ | २६,६४,७९२ | २७,६७,३७८ |
| ३ | २७,६०,१८२ | ३०,७४,३८४ |
| ४ | १४,१३,३२० | १५,६८,९२४ |
| ५ | २४,५४,४८८ | २७,४०,८६४ |
| ६ | ७,८३,४२३ | ८,४६,९४१ |
| ७ | १३,०३,७१४ | १४,३५,६७३ |
| **कुलजम्मा** | **१,४०,५४,४८२** | **१,५४,२७,९३८** |

# अनुसूची ४

## निर्वाचन समीक्षाका लागि अवधारणापत्र

### १. पृष्ठभूमि

निर्वाचन आयोगले सीमित समयावधि तथा राजनीतिक अन्योलका बीच नयाँ संविधानको संरचना अनुरूप स्थानीय, प्रादेशिक तथा सङ्घीय तीनै तह लगायत राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन वि. सं. २०७४ सालमा सम्पन्न गरेको छ । सबै तहका निर्वाचनको परिणामलाई निर्वाचनका सम्वद्ध सरोकारवालाहरूले स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनका रूपमा स्वीकार गरेका छन् । अबको पाँच वर्ष पछि वि. सं. २०७९ सालतिर मात्र अर्को अवधिका लागि निर्वाचन हुने छ । निर्वाचन आयोगले आगामी निर्वाचनहरू सफलताका साथ व्यवस्थापन र सञ्चालन गर्नका लागि हालै सम्पन्न निर्वाचन प्रक्रियाहरूबाट प्राप्त सिकाइहरूको पहिचान गरी तिनलाई अभिलेखीकरण गर्न र विधि तथा प्रक्रियामा आवश्यक सुधार गर्नका लागि निर्वाचन पश्चात् समीक्षा गर्नु पर्ने हुन्छ ।

यो अवधारणापत्र प्रस्तावित निर्वाचन समीक्षा कार्यशालालाई प्रभावकारी रूपमा सम्पादन गर्ने प्रयोजनका लागि तयार गरिएको छ ।

### २. उद्देश्य

प्रस्तावित समीक्षाको उद्देश्य वि. सं. २०७४ सालमा सम्पन्न भएका सबै तहका समग्र निर्वाचन प्रक्रियाको समीक्षा गरी आगामी निर्वाचनहरू सफलताका साथ व्यवस्थापन र सञ्चालन गर्न असल अभ्यासहरूको अभिलेख गर्नु, अनुभव गरिएका मूलभूत समस्या पहिचान गरी ती समस्या समाधानका लागि सुझावहरूको सङ्कलन गर्नु रहेको छ । यस समीक्षाबाट प्राप्त सुझावहरू निर्वाचन आयोगको रणनीति २०७६/७७-२०८१/८२ तर्जुमा गर्न र भविष्यमा सम्पन्न गर्नु पर्ने निर्वाचनहरू बढी विश्वसनीय बनाउन समेत सहयोगी हुने छन् ।

## ३. कार्यक्षेत्र

प्रस्तावित निर्वाचन समीक्षा वि. सं. २०७४ सालमा सम्पन्न भएका स्थानीय तह, प्रदेश सभा, प्रतिनिधि सभा, राष्ट्रिय सभा, राष्ट्रपति तथा उपराष्ट्रपति लगायत सबै तहका निर्वाचन प्रक्रियामा केन्द्रित हुने छ । समीक्षाले देहायका विषय र क्षेत्रलाई समेट्ने छ :

- मतदाता दर्ता र नामावली
- उम्मेदवार मनोनयन र राजनीतिक दल दर्ता
- चुनावी प्रचार प्रसार र निर्वाचन आचार संहिता
- मतदान, मत गणना तथा मत परिणाम घोषणा
- निर्वाचन विवाद निरूपण
- प्रशासन एवं लेखा
- सामग्री आपूर्ति प्रक्रिया, लजिस्टिक्स् तथा निर्वाचन कार्य सञ्चालन
- सूचना प्रविधि
- निर्वाचन सुरक्षा
- निर्वाचन कानुन, नियम एवं निर्देशिका र कार्यविधि
- निर्वाचन सम्बन्धी प्रशिक्षण
- नागरिक तथा मतदाता शिक्षा
- मतदान केन्द्र पुनरावलोकन
- निर्वाचन पर्यवेक्षण

समग्र निर्वाचन प्रक्रियाका क्रममा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी मुद्दाहरूलाई अन्तरसम्बन्धित मुद्दाहरूका रूपमा समेटिने छन् । समीक्षाका लागि सहायक सामग्रीका रूपमा सम्बन्धित कानुनी संरचना, निर्वाचन आयोगको वर्तमान रणनीति तथा कार्य योजनाका साथै अन्तर्राष्ट्रिय मापदण्डहरू प्रयोग गरिने छ ।

# ४. कार्यविधि

## ४.१ समीक्षा टोलीको गठन

निर्वाचन आयोगका सचिवको समग्र मार्ग निर्देशनमा प्रत्येक प्रदेशका लागि छुट्टा छुट्टै सात वटा समीक्षा टोली गठन गरिने छ । प्रत्येक टोलीको नेतृत्व आयोगका सहसचिव वा उपसचिवले गर्ने व्यवस्था मिलाई शाखा अधिकृत तथा अन्य सहयोगी कर्मचारी समेत गरी सरदर आठ जनाको टोली गठन गरिने छ । आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त, माननीय निर्वाचन आयुक्तहरू र सचिवमध्ये कसैले प्रदेशमा समीक्षा कार्यक्रमको अध्यक्षता गर्नु हुने छ। कार्यक्रमको मुख्य अतिथिको रूपमा प्रदेशका माननीय मुख्य मन्त्रीलाई आमन्त्रण गरिने छ। प्रदेश स्तरमा समीक्षा कार्यशालाको समन्वय र व्यवस्थापन गर्न विद्यमान क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयलाई परिचालन गरिने छ।

समीक्षा प्रक्रियामा वाह्य विशेषज्ञहरूको सहयोग आवश्यक हुने भएमा आवश्यकता अनुसार सहयोग प्राप्त गर्न सकिने छ।

## ४.२ डेस्क समीक्षा (निर्वाचन सम्बन्धी दस्तावेज तथा तथ्याङ्कहरू)

वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय, प्रादेशिक तथा सङ्घीय तहका निर्वाचनमा आर्जित प्रत्यक्ष अनुभवलाई अङ्गीकार गर्दै निर्वाचन कानुन, मतदाता दर्ता, तालिम, मतदाता शिक्षा, बन्दोबस्ती, सूचना प्रविधि, कार्य सञ्चालन जस्ता विषयगत क्षेत्रहरूको डेस्क समीक्षा सचिवालयको सम्बन्धित महाशाखा/शाखाबाट गरिने छ । यसबाट समीक्षा मसौदा प्रतिवेदन तयार हुने छ। स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचनका लागि आवश्यक बिषयमा केन्द्रित भई करिव ४-५ दर्जन प्रश्नावलीका आधारमा डेस्क समीक्षा गरिने छ। **अनुसुची ४ क** मा उल्लेख भएका प्रश्नावली डेस्क समीक्षा प्रतिवेदन लेखनमा प्रयोग गरिने छ।

समग्र निर्वाचन प्रक्रियामा निर्वाचन आयोगद्वारा अभिलेख गरिएका, सञ्चार माध्यमबाट प्राप्त तथा निर्वाचन सरोकारावालाहरूबाट उपलब्ध सूचनालाई विश्लेषण गरिने छ।

डेस्क समीक्षामा देहायका स्रोतबाट प्राप्त सूचनाको विश्लेषण गरिने छ ।

- मतदाता नामावली दर्ता
- उम्मेदवार मनोनयन र राजनीतिक दल दर्ता
- मतदानमा सहभागिता तथा मत परिणाम घोषणा
- राजनीतिक दल वा उम्मेदवारले चुनाव प्रचार प्रसारमा गरेको खर्च
- राज्यबाट भएका निर्वाचन सम्बन्धी खर्च
- निर्वाचन विवाद तथा निरूपण
- सुरक्षा घटना सम्बन्धी तथ्याङ्क (उपलब्ध भए अनुसार)
- कल सेन्टर
- संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेईओसी) बाट प्राप्त घटना सम्बन्धी अभिलेख
- समष्टि तथा सूक्ष्म अनुगमनकर्ताबाट प्राप्त प्रतिवेदनहरू
- संसदीय समितिबाट प्राप्त प्रतिवेदन
- वेबसाइट तथा सामाजिक सञ्जालका तथ्याङ्क
- सञ्चार अनुगमन प्रतिवेदन
- कानुनी संरचना
- निर्वाचन पर्यवेक्षण प्रतिवेदनहरू

## ४.३ समीक्षा कार्यशाला

वि. सं. २०७४ सालमा सम्पन्न स्थानीय तह, प्रदेश सभा तथा प्रतिनिधि सभा निर्वाचनमा खटिएका मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी, मतदान अधिकृत, राजनीतिक दलका प्रतिनिधिहरू  समेतको सहभागितामा प्रत्येक प्रदेशमा एउटा प्रादेशिक तहको समीक्षा कार्यक्रम आयोजना गरिने छ । प्रादेशिक तहमा आयोजना गरिने समीक्षा कार्यक्रममा निम्नानुसारका आमन्त्रितलाई सहभागी गराइने छ :

- सम्बन्धित प्रदेशमा उपलब्ध रहेका मुख्य निर्वाचन अधिकृतहरू ११ देखि २३ जना सात प्रदेशमा गरी कुल १२२ जना

- सम्बन्धित प्रदेशका क्षेत्रीय/जिल्ला निर्वाचन अधिकारीहरू ९ देखि १४ जना सात प्रदेशमा गरी कुल ७७ जना
- सम्बन्धित प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका १/१ जना प्रदेश सभा सदस्यहरू ४ देखि ८ जना सबै प्रदेशमा गरी कुल ४२ जना
- प्रादेशिक सदरमुकाम रहेको स्थानीय तहका प्रमुख तथा उपप्रमुख २/२ जना सबै प्रदेशमा गरी कुल १४ जना
- प्रदेश सदरमुकाम रहेको जिल्लास्थित नेपालपत्रकार महासङ्घका प्रतिनिधिहरू - बढीमा ५/५ जना सबै प्रदेशमा गरी कुल ३५ जना
- प्रदेश सदरमुकाम रहेको जिल्लाका प्रमुख जिल्ला अधिकारी १/१ जना सबै प्रदेशमा गरी कुल ७ जना
- प्रादेशिक सदरमुकामका सुरक्षा संस्थाका प्रमुख/उप-प्रमुख ( नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, केन्द्रीय अनुसन्धान विभाग र नेपाली सेना) - ४/४ जना सबै प्रदेशमा गरी कुल २८ जना
- राष्ट्रिय पर्यवेक्षण संस्थाका प्रतिनिधि ५/५ जना सबै प्रदेशमा गरी कुल ३५ जना
- निर्वाचन आयोग र मातहत निकायबाट १०/१० जना सबै प्रदेशमा गरी कुल ७० जना ।

सात वटै प्रादेशिक तहका कार्यशालाबाट प्राप्त निष्कर्षलाई डेस्क समीक्षा प्रतिवेदनमा समावेश गरिने छ । सो कार्य निर्वाचन आयोगले तोकेको कर्मचारी वा परामर्शदाताले गर्ने छ । यसरी तयार गरिएको प्रतिवेदन प्रस्तुतिका लागि राजनीतिक दल तथा सरकारका बिषयगत मन्त्रालयका प्रतिनिधिहरूको सहभागितामा काठमाडौँमा एक दिवसीय कार्यशाला आयोजना गरिने छ । यस कार्यशालाबाट प्राप्त सुझाव समेतलाई प्रतिवेदनमा समावेश गरी अन्तिम मसौदा प्रतिवेदन तयार गरिने छ । यसरी तयार भएको प्रतिवेदन माननीय प्रमुख निर्वाचन

आयुक्त तथा निर्वाचन आयुक्तहरू समक्ष प्रस्तुत गरिने छ। उच्चस्तरीय कार्यशालाबाट प्राप्त सुझावहरूलाई समावेश गरेपछि अन्तिम प्रतिवेदन तयार गरी निर्वाचन आयोगको महत्वपूर्ण दस्तावेजका रूपमा अभिलेखन गरिने छ।

## ४.४ प्रश्नावली

प्रादेशिक तहका कार्यशालाका सहभागीहरूलाई कार्यशालाको पहिलो दिनमा नै वस्तुगत र विषयगत प्रश्नावलीहरू उपलब्ध गराइने छ। यसरी वितरण गरिने प्रश्नावली **अनुसूची ५** मा राखिएको छ।

## ४.५ समीक्षा गर्ने प्रक्रियाका सङ्क्षिप्त चरणहरू :

- निर्वाचन आयोगका सचिवको मार्ग निर्देशनमा उपसचिव तथा शाखा अधिकृतहरू सम्मिलित हुने गरी सहसचिवहरूको नेतृत्वमा सात वटा समीक्षा टोली गठन गरिने छ।
- सात वटै प्रदेशमा समीक्षा कार्यशाला हुने छ।
- सात वटा प्रादेशिक तहका कार्यशालाबाट प्राप्त निष्कर्षलाई समीक्षा दस्तावेजमा समावेश गरिने छ।
- राजनीतिक दलका प्रतिनिधिहरूको सहभागितामा केन्द्र स्तरको कार्यशाला हुने छ।
- कार्यशाला पश्चात् तयार भएको प्रतिवेदन माननीय प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तहरू समक्ष प्रस्तुत गरिने छ। माननीय प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तहरूबाट प्राप्त सुझावलाई समावेश गरेपछि अन्तिम प्रतिवेदनलाई भावी सन्दर्भका लागि निर्वाचन आयोगको दस्तावेजका रूपमा अभिलेखन गरिने छ।

## ५. प्रदेश स्तर समीक्षामा समूह छलफलका लागि बिषयगत क्षेत्रहरू (Thememetic Areas)

प्रदेश समीक्षा कार्यक्रमको उद्घाटनपछि समीक्षा कार्यक्रमको प्रारम्भमा आयोगका कर्मचारीबाट समग्र निर्वाचनका कार्यक्रमलाई समेटेर निर्वाचन व्यवस्थापन तथा सञ्चालन सम्बन्धी प्रस्तुतीकरण हुने छ । उक्त प्रस्तुतीकरणका आधारमा विभिन्न विषय क्षेत्रमा छलफल गर्न चार वटा समूह निर्माण गरिने छ ।

समूह निर्माण गर्दा समूहमा सबै क्षेत्रका सहभागीहरू रहने गरी समूहमा विभाजन गरिने छ । समूहमा देहायका विषय क्षेत्रमा छलफल गरिने छ ।

समूह १

- मतदाता नामावली र मतदाता परिचयपत्र
- मतदान केन्द्र पुनरावलोकन
- निर्वाचन कार्यक्रम सञ्चालन
- निर्वाचनमा सूचना प्रविधिको प्रयोग

समूह २

- मतदाता शिक्षा
- निर्वाचन सम्बन्धी तालिम
- निर्वाचन पर्यवेक्षण र अनुगमन
- लैङ्गिकता र समावेशीकरण

समूह ३

- जनशक्ति व्यवस्थापन
- सुरक्षा व्यवस्थापन र निर्वाचनका सरोकारवालाहरूसँगको समन्वय
- मतपत्र व्यवस्थापन
- आर्थिक व्यवस्थापन

समूह ४

- निर्वाचन कानुन तर्जुमा
- राजनीतिक दल दर्ता
- निर्वाचन विवाद निरूपण
- निर्वाचन प्रचार प्रसार र आचार संहिता अनुगमन

समूह छलफललाई व्यवस्थित गर्नका लागि तोकिएको क्षेत्रमा भएका असल अभ्यास, अनुभव गरिएका मुलभूत समस्या तथा सुझावहरू तयार गर्नका लागि समूहलाई सहजीकरण गरिने छ। हरेक समूहबाट आफ्नो समूह कार्यको प्रस्तुति गराइने छ । एउटा समूहबाट भएको प्रस्तुतिमा अन्य समूहबाट आवश्यक विषयहरू थपघट गर्न सक्ने गरी छलफल गराइने छ।

## ६. अनुमानित मिति र खर्च

समीक्षा टोलीको गठन वि. सं. २०७५ वैशाखको दोस्रो हप्तामा गरिने छ । प्रदेश तहको कार्यशाला गोष्ठीहरू वि. सं. २०७५ असार महिनाको पहिलो र दोस्रो हप्तामा सम्पन्न गरिने छ।

सात वटै प्रदेश तह र काठमाडौंमा सञ्चालन हुने राजनीतिक दलहरूसँगको अन्तरक्रिया तथा उच्चस्तरीय कार्यशाला गोष्ठीका लागि होटेल, खाना र स्टेसनरीका लागि निर्वाचन सहायता परियोजना (ESP) लाई अनुरोध गरिने छ । दैनिक भ्रमण भत्ता र यातायात खर्च निर्वाचन आयोगले व्यवस्था गर्ने छ।

# अनुसूची ४ क

## डेस्क समीक्षाका लागि प्रश्नावली

**विषयगत प्रश्नहरू (Subjective Questions)**

### १. आम धारणा

१.१ समग्रमा निर्वाचन प्रक्रिया तथा चुनावी वातावरणप्रति सर्वसाधारणको आम धारणा कस्तो रहेको थियो ?

१.२ निर्वाचन प्रक्रियामा निर्वाचन सरोकारवालाहरू (सरकारी निकायहरू, सुरक्षा सम्बन्धी निकायहरू, राजनीतिक दलहरू, नागरिक समाज तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू) बीचको समन्वय कत्तिको प्रभावकारी रह्यो ?

१.३ निर्वाचन अवधिमा सुरक्षा व्यवस्थापन कत्तिको प्रभावकारी रह्यो ? के निर्वाचन शान्तिपूर्ण रह्यो भन्न सकिन्छ ?

१.४ निर्वाचनका क्रममा निर्वाचन आचार संहिता कुन हदसम्म प्रभावकारी रूपमा कार्यान्वयन भयो ?

१.५ के सम्पूर्ण निर्वाचन सरोकारवाला (मतदाताहरू, राजनीतिक प्रतिस्पर्धीहरू, प्रतिनिधिहरू तथा पर्यवेक्षकहरू) का लागि अभिव्यक्ति स्वतन्त्रता, भेला हुने स्वतन्त्रता, आवागमनको स्वतन्त्रता तथा सूचना पहुँच लगायतका उनीहरूको मानव अधिकार उपभोग गर्ने अवस्था उपलब्ध थियो ?

**२. कानुनी संरचना** - कानुनी संरचना, प्रक्रिया, निर्देशिकाहरूको सान्दर्भिकता तथा प्रभावकारिता, साथै तिनीहरूमा गरिनु पर्ने सुधार वा परिमार्जन सम्बन्धी -

२.१ के निर्वाचनको घोषणाभन्दा पहिल्यै सबै कानुनी संरचनाहरू उपलब्ध थिए ?

२.२ कानुनी संरचनाको मसौदा गरिँदा निर्वाचन सरोकारवालाहरूसँग परामर्श गरिएको थियो ?

२.३ निर्वाचन सम्बन्धी संवैधानिक व्यवस्था उदाहरणका लागि विभिन्न तहको निर्वाचनको क्रम निर्धारण (Sequencing of elections) सम्बन्धमा भएका अस्पष्टतालाई कसरी समाधान गरियो ?

२.४ निर्वाचन प्रक्रियाका सम्पूर्ण महत्वपूर्ण पक्षहरूका सम्बन्धमा कानुनी संरचनाले स्पष्ट, ठोस तथा पारदर्शी रूपमा मार्ग निर्देशन गराएको थियो ?

२.५ नेपालका प्रत्येक बालिग नागरिकलाई कानुनी संरचनाले बिना कुनै भेदभाव निर्वाचनमा मतदान गर्न सक्ने व्यवस्था गरेको थियो ?

२.६ विद्यमान निर्वाचन कानुनी संरचनाभित्र सबल तथा सुधार गर्नु पर्ने पक्षहरू के के थिए ?

२.७ विद्यमान निर्वाचन सम्बन्धी कानुनी संरचना सुधारका लागि मुख्य सुझावहरू के के हुन सक्छन् ? (हाल निर्वाचन सम्बन्धी ऐन, नियमावली, निर्देशिका तथा निर्वाचनका लागि आचार संहिता समेत गरी ५१ वटाभन्दा बढी कानुनी दस्तावेज मौजुद छन् ।)

## ३. निर्वाचन व्यवस्थापन

### मतदाता नामावली दर्ता

३.१ मतदाता सूचीमा नाम दर्ता गर्नका लागि मतदाताको योग्यता तथा अयोग्यता सम्बन्धमा मौजुदा कानुनमा स्पष्ट मापदण्डको व्यवस्था गरिएको छ ?

३.२ मतदाता सूचीको तथ्यपरकताको स्तर वृद्धि गर्नका लागि अपनाइएको दाबी विरोधको प्रक्रिया कत्तिको प्रभावकारी रह्यो ?

३.३ के मतदाता नामावली दर्ता गर्दाका बखत दिइएको विवरण अन्तिम मतदाता नामावलीसँग दुरुस्त थियो ?

३.४ मतदाताको सही पहिचान गर्न मतदान केन्द्रमा आवश्यक सयन्त्र र प्रक्रियाको प्रभावकारी व्यबस्था थियो ?

३.५ महिला, सीमान्तकृत, सुविधाबाट वञ्चित तथा पछाडि पारिएका समुदायसम्म पुग्ने सन्दर्भमा मतदाता दर्ता कार्यक्रम कत्तिको सफल भयो ?

## राजनीतिक दल तथा उम्मेदवार दर्ता

३.६ राजनीतिक दल तथा उम्मेदवारलाई निर्वाचनका लागि तयारी गर्न दिइएको समय पर्याप्त थियो ?

३.७ संवैधानिक/कानुनी प्रावधान अनुसार राजनीतिक दल दर्ता प्रक्रिया कत्तिको प्रभावकारी थियो ?

३.८ राजनीतिक दल तथा उम्मेदवारको दर्ता सम्बन्धी प्रक्रिया सम्बन्धित कानुन तथा नियमावलीमा स्पष्ट, ठोस र पारदर्शी रूपमा उल्लेख गरिएका थिए ?

३.९ निर्वाचन सम्बन्धी सूचना (उदाहरणका लागि उम्मेदवारी सम्बन्धी सूचना, विशेष गरी दलित महिला सम्बन्धी) समयमै उपलब्ध भएका थिए ?

## निर्वाचन प्रचार प्रसार

३.१० निर्वाचन प्रचार प्रसार सम्बन्धी खर्चको अनुगमनका लागि वर्तमान संयन्त्र प्रभावकारी थियो ? थिएन भने यसमा कसरी सुधार गर्न सकिन्छ ?

३.११ निर्वाचन प्रचार प्रसारका क्रममा निर्वाचन आचार संहिता उल्लङ्घन भएका थिए ?

३.१२ राजनीतिक दल तथा उम्मेदवारलाई आआफ्ना विचार अभिव्यक्त गर्नका लागि खुला, तटस्थ तथा सुरक्षित वातावरण उपलब्ध थियो ?

३.१३ निर्वाचन प्रचार प्रसार अवधिमा सञ्चार माध्यमहरू सन्तुलित थिए ?

३.१४ राज्य नियन्त्रित सञ्चार माध्यम सहित सरकारका साधन स्रोत कुनै निश्चित राजनीतिक दल वा दलको समूहलाई सहयोग पुग्ने किसिमबाट विभेदकारी रूपमा प्रयोग नगरिएको सुनिश्चित गर्नका लागि कुनै संयन्त्र अस्तित्वमा थियो ? के तिनलाई प्रभावकारी रूपमा लागु गरिएको थियो ?

**निर्वाचन सम्बन्धी प्रशिक्षणहरू**

३.१५ निर्वाचन सम्बन्धी प्रशिक्षणको तयारी पर्याप्त रूपमा गरिएको थियो ? प्रशिक्षणका क्रममा प्रशिक्षण स्रोत सामग्री तथा कानुनहरू उपलब्ध गराइएको थियो ? प्रशिक्षणको अवधि तथा प्रशिक्षण सामग्री पर्याप्त थिए ?

३.१६ मुख्य प्रशिक्षक प्रशिक्षण, क्षेत्रीय प्रशिक्षक प्रशिक्षण तथा जिल्लास्तरीय प्रशिक्षणमा सहजीकरणका लागि छानिएका प्रशिक्षकको प्रस्तुति कस्तो थियो ?

४. **निर्वाचन प्रक्रिया** - तीन तहको निर्वाचनका लागि निर्वाचन आयोगको तयारी, योजना, तर्जुमाको पर्याप्तता, सान्दर्भिकता तथा प्रभावकारिता, प्रशिक्षण रणनीति, मतदाता शिक्षा, मतदान क्रियाकलाप, मत गणना, मत परिणामको तालिकीकरण तथा घोषणा एवं अन्तरसम्बन्धित विषय वस्तुका रूपमा लैङ्गिकता तथा सामाजिक समावेशीकरणः-

**मतदान, मत गणना तथा मत परिणाम घोषणा**

४.१ निर्वाचन आयोगको सूचना प्रविधि प्रणाली (मतदाताको तथ्याङ्क भण्डार, निर्वाचन परिणाम, निर्वाचन सम्बन्धी एसएमएस प्रणाली) साइबर आक्रमणबाट सुरक्षित छ ?

४.२ के मतपत्रको डिजाइनले मतदातालाई कुनै प्रभावमा नपरीकन रोजेको चिह्नमा सजिलै मतदान गर्न सहज थियो ? त्यसै गरी यस

प्रकारका मतपत्रले मतदान तथा मत गणना प्रक्रियामा कुनै समस्या सिर्जना गरेको थियो ?

४.३ कानुन तथा नियमावलीमा मतदान, मत गणना तथा मत परिणाम घोषणा सम्बन्धी प्रक्रियाहरू स्पष्ट, ठोस तथा पारदर्शी रूपमा उल्लेख गरिएका छन् ?

४.४ मतदाताहरूलाई कुनै डर तथा हस्तक्षेपबिना गोप्य मतदान गर्न सक्ने वातावरण थियो ?

४.५ समग्र मतदान प्रक्रियाको पारदर्शिता सुनिश्चित गर्नका लागि के कस्तो व्यवस्था गरिएको थियो ?

४.६ मत गणना तथा मतको तालिकीकरण र पुनः मत गणना (आवश्यक भएको अवस्थामा) का प्रक्रिया सम्बन्धमा सम्बन्धित कानुन तथा नियमावलीहरूमा स्पष्ट, ठोस तथा पारदर्शी रूपमा उल्लेख गरिएका छन् ?

४.७ निर्वाचन आयोगले आधिकारिक, स्पष्ट र यथाशीघ्र नतिजा घोषणा गर्नका लागि के कस्ता प्रक्रिया कार्यान्वयन गरेको थियो ?

४.८ के निर्वाचन कार्यविधिहरू मुलुकभर एकरूपताका साथ कार्यान्वयन भएका थिए ?

**लैङ्गिकता तथा समावेशीकरण**

४.९ विभिन्न तहका निर्वाचनका क्रममा संविधान तथा कानुनमा प्रतिविम्बित गरिए जस्तै महिला, विपन्न तथा पिछडिएका समूहको प्रतिनिधित्व सुनिश्चित भएको छ ?

४.१० महिला, अपाङ्गता भएका व्यक्ति र अन्य सीमान्तकृत समूहलाई निर्वाचन प्रक्रियामा सहभागी हुन समान अवसर उपलब्ध गराइएको थियो ? थिएन भने उनीहरूका लागि के के अवरोध थिए ? विशेष गरी, मतदाता, उम्मेदवार वा निर्वाचित प्रतिनिधिका रूपमा समान सहभागिताका लागि कुनै कानुनी अवरोध थिए ?

४.११ महिला तथा पिछडिएका समूहको अधिकतम सहभागिताका लागि निर्वाचन कानुन वा अभ्यासमा के कस्ता सुधार गर्न सकिन्छ ?

**मतदाता शिक्षा**

४.१२ मतदाता शिक्षा कार्यक्रमले सबै मतदातालाई आवश्यक सूचना पुऱ्याएको थियो ? निर्वाचन आयोगको मतदाता शिक्षा रणनीति प्रभावकारी थियो ? थियो भने सबै तहका निर्वाचनमा यस्ता रणनीति प्रभावकारी रूपमा कार्यान्वयन भएका थिए ?

४.१३ निर्वाचन आयोगले उत्पादन गरेको मतदाता शिक्षा सामग्री पर्याप्त र मतदाता मैत्री थिए ?

## ५. पारदर्शिता तथा स्वतन्त्रता

५.१ निर्वाचनका विभिन्न चरणमा अपनाइएका प्रक्रिया पारदर्शी तथा विश्वसनीय थिए ? निर्वाचन आयोगले निर्वाचन सम्बन्धी निर्णयहरू तथा सूचनाहरू समयमै सम्प्रेषण गरेको थियो ?

५.२ के निर्वाचन खर्च सम्बन्धी सूचना सर्वसाधारणको पहुँचमा थिए ?

## ६. निर्वाचन विवाद निरूपण संयन्त्र

६.१ निर्वाचन अपराध मानिने कार्यहरू बारे कानुनमा स्पष्ट उल्लेख गरिएको छ कि छैन ? साथै, प्रभावकारी कार्यान्वयन संयन्त्र उपलब्ध गराइएको छ कि छैन ?

६.२ निर्वाचन विवाद वा अपराध सम्बन्धी जाहेरी तथा सुनुवाईको कार्यविधि बारे सम्बन्धित कानुन तथा नियमावलीमा स्पष्ट, ठोस तथा पारदर्शी रूपमा उल्लेख गरिएको छ ?

६.३ मुद्दाका पक्षले तोकिएको समय सीमाभित्रै न्याय पाएका छन् ? छैन भने त्यसो हुनुका कारण के के हुन् ?

## ७. निर्वाचन सामग्री बन्दोवस्ती तथा खरिद

७.१ निर्वाचन आयोगले सार्वजनिक खरिद ऐन जस्ता सम्बन्धित कानुनको अनुसरण गरेर पूर्व योजना बमोजिम सामग्री खरिद गरेको थियो ?

७.२ निर्वाचन आयोगले निर्वाचन सामग्री समयमै खरिद गरी वितरण गर्न सकेको थियो ? निर्वाचन पूर्व, निर्वाचनको समय र निर्वाचन पश्चात् निर्वाचन सामग्री भण्डारणका लागि उपयुक्त स्थानको व्यवस्था गरिएको थियो ?

७.३ निर्वाचन कार्य सञ्चालन योजना/निर्वाचन समय तालिकाको कार्यान्वयन कत्तिको प्रभावकारी थियो ?

## ८. दिगोपना तथा सिफारिशहरू

८.१ सालैपिच्छे निर्वाचनको लागत बढ्दै गएको सन्दर्भमा नेपालले भविष्यमा थप दिगो तथा प्रभावकारी लागत सहित कसरी निर्वाचन सञ्चालन गर्न सक्छ ?

८.२ चरणबद्ध रूपमा सम्पन्न गरिएका निर्वाचनका प्रभाव के के हुन् ? के यसरी निर्वाचन सञ्चालन गर्दा निर्वाचनको लागत बढेको छ ? छ भने कसरी ?

८.३ देहायका क्षेत्रमा के कस्ता सुधार गर्नु पर्ने आवश्यकता देख्नु हुन्छ ?

कानुनी संरचना, मतदाता दर्ता र मतदाताको नामावली, राजनीतिक दल तथा उम्मेदवार दर्ता, निर्वाचन प्रचार प्रसार खर्च र आचार संहिता, निर्वाचन प्रशिक्षण, मतदान, मत गणना तथा मत परिणाम घोषणा, लैङ्गिकता तथा समावेशीकरण, मतदाता शिक्षा, पारदर्शिता तथा स्वतन्त्रता, निर्वाचन विवाद निरूपण संयन्त्र, निर्वाचन सामग्रीको आपूर्ति, निर्वाचन पर्यवेक्षण र दिगोपना ।

# अनुसूची ५

## समीक्षाका लागि प्रश्नावली, २०७५

# अनुसूची ५क

**वस्तुगत प्रश्नहरू (Objective Questions)**

१) तोकिएको मितिमा निर्वाचन सम्पन्न हुनेप्रति विश्वस्त हुन नसकी अन्योलको स्थिति उत्पन्न भइरहेको अवस्थामा आयोगले कार्य तालिका तयार गरी सोही अनुसार निर्वाचनको तयारीलाई अगाडि बढाएकोले निर्वाचन हुने वातावरण तयार हुँदै गएको थियो ।

क) पूरै सहमत ☐ ख) सहमत ☐

ग) असहमत ☐ घ) पूरै असहमत ☐

२) निर्वाचन अवधिमा निर्वाचन आयोग र सरोकारवालाहरू (सरकारी निकायहरू, सुरक्षा सम्बन्धी निकायहरू, राजनीतिक दलहरू, नागरिक समाज तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू) बीच जिल्लास्तरीय समन्वय कत्तिको प्रभावकारी रहेको थियो ?

क) प्रभावकारी रहेको ☐ ख) कम प्रभावकारी रहेको ☐

ग) सन्तोषजनक ☐ घ) प्रभावकारी नरहेको ☐

३) निर्वाचन अवधिमा समग्र सुरक्षा व्यवस्थापन कत्तिको प्रभावकारी रह्यो ?

क) प्रभावकारी रहेको ☐ ख) कम प्रभावकारी रहेको ☐

ग) सन्तोषजनक ☐ घ) प्रभावकारी नरहेको ☐

४) निर्वाचन सञ्चालनका लागि उपलब्ध ऐन, नियम, निर्देशिका र कार्यविधिका प्रावधानहरू पर्याप्त थिए ?

क) थिए ☐ ख) थिएनन् ☐

५) मतदाता नामावली अद्यावधिक (मतदाता नामावलीमा रहेको त्रुटि सच्चाउन, सार्ने र हटाउने) कार्यक्रम सञ्चालन हुने स्थान, समय र प्रक्रियाका सम्बन्धमा आम मतदाताको जानकारीको लागि प्रचार प्रसार भएको थियो ?

क) थियो ☐ ख) थिएन ☐

६) स्थानीय तह निर्वाचन निर्देशिका र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका २०७४ बमोजिम निर्वाचन अधिकृत, राजनीतिक दल तथा उम्मेदवारलाई आवश्यक पर्ने फोटो सहितको मतदाता नामावलीको प्रिन्टकपि समयमा नै प्राप्त भयो ?

क) भयो ☐ ख) भएन ☐

७) मतदाता हुन योग्यता पुगेका सबै नागरिकको लागि आयोगले विगतदेखि नै निरन्तर मतदाता दर्ता, विषेश दर्ता, घुम्ती सेवा दर्ता कार्यक्रम सञ्चालन गरे पनि कतिपय मतदाताको नाम मतदाता नामावलीमा समावेश हुन नसक्नुको कारण के होला ?

क) मतदातामा चेतनाको अभाव ☐

ख) राजनीतिक दल तथा मतदाताको उदासिनता ☐

ग) निर्वाचनको अनिश्चितता ☐

घ) नामावली दर्ता कार्यक्रम पहुँचयोग्य नभएर ☐

८) मतदाता नामावलीमा नाम दर्ता गरे पनि निर्वाचनको समयमा सम्बन्धित मतदान केन्द्रको अन्तिम मतदाता नामावलीमा कतिपय मतदाताको नाम समावेश नहुनुको कारण के होला ?

क) नामावली सङ्कलनमा संलग्न कर्मचारीको लापरवाही ☐

ख) मतदाता सही मतदान केन्द्रमा नजानु ☐

ग) नाम दर्ता गर्दा दोहोरो तथा गलत विवरण दर्ता गर्नु ☐

९) मतदाता पहिचान गर्न फोटो सहितको मतदाता नामावलीमा भएका विवरण पर्याप्त थिए ?

क) थिए ☐ ख) थिएनन् ☐

१०) मतदाता नामावलीमा दर्ता भएका तर मतदाता नामावलीमा नाम नभएको, दोहोरो पर्न गएको वा मृत्यु भएकाको नाम नहटेको जस्ता विषयलाई लिएर मतदानको दिनमा कुनै विवाद भएको थियो ?

क) थियो ☐ ख) थिएन ☐

११) मतदाता परिचयपत्र वितरण गर्न तोकिएको अवधि र तरिका प्रभावकारी थियो ?

क) थियो ☐ ख) थिएन ☐

ग) यदि थिएन भने प्रभावकारी बनाउन के गर्नुपर्ला ?

.....................................................................

१२) मतदान गर्नका लागि मतदाता परिचयपत्र मात्रको प्रयोग नभई अन्य परिचयपत्र समेत प्रयोग गर्न पाउने आयोगको निर्णयले मतदान कार्यमा सकारात्मक प्रभाव परेको थियो ?

क) थियो ☐ ख) थिएन ☐

१३) मतदाता परिचयपत्र वितरण गर्ने सन्दर्भमा कुनै समस्या रहेको थियो ?

क) थियो ☐ ख) थिएन ☐

ग) यदि थियो भने के कस्ता समस्या रहेका थिए ? उल्लेख गर्नुहोस् ।

.....................................................................

१४) राजनीतिक दल तथा उम्मेदवारलाई स्थानीय तह निर्वाचनमा १० दिन र प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा ३० दिनको अवधि निर्वाचन प्रचार प्रसारका लागि दिइएको थियो । के उक्त समयावधि पर्याप्त थियो ?

क) थियो ☐ ख) थिएन ☐ ख) थाहा छैन ☐

१५) राजनीतिक दलले उम्मेदवार मनोनयन गर्दा कानुनले तोकेको योग्यतालाई ध्यान दिएका थिए ?

क) थिए ☐ ख) थिएनन् ☐

१६) राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गर्न आउँदा सुरुमै मनोनयनपत्र दर्ता प्रक्रियाका लागि चाहिने आवश्यक कागजात पूरा गरेका थिए ?

क) पूर्ण रूपमा पूरा गरेका थिए ☐

ख) आँशिक रूपमा पूरा गरेका थिए ☐

ग) पूरा गरेका थिएनन् ☐

१७) मतदाता, राजनीतिक दल तथा उम्मेदवारले आफ्ना विचार अभिव्यक्त गर्ने, भेला हुने, आवतजावत गर्ने तथा सूचनामा पहुँच जस्ता पक्षको लागि वातावरण कस्तो थियो ?

क) धेरै राम्रो ☐ ख) राम्रो ☐ ग) सामान्य घ) नराम्रो ☐

१८) निर्वाचन आचार संहिता कार्यान्वयनको अवस्था कस्तो रहयो ?

क) अति प्रभावकारी ☐ ख) प्रभावकारी ☐

ग) कमजोर ☐ घ) अति कमजोर ☐

ङ) थाहा छैन ☐

१९) निर्वाचन आचार संहिता कार्यान्वयन गराउन आयोगको भूमिका कस्तो रहेको थियो ?

क) अति प्रभावकारी ☐ ख) प्रभावकारी ☐

ग) कमजोर ☐ घ) अति कमजोर ☐ ङ) थाहा छैन ☐

२०) निर्वाचन आचार संहिताको उल्लङ्घन सबैभन्दा बढी कसले गरेको थियो भन्ने लाग्छ ?

*(प्राथमिकता क्रम १, २, ....७ उल्लेख गर्नुहोला)*

(क) राजनीतिकदल ....
(ख) सरकार ....
(ग) उम्मेदवार ....
